समुदायमा आधारित वन सहजकर्ता सञ्जाल, नेपाल

COFSUN, Nepal

को

# प्रकाशन

सञ्जालको वन अभियानका

# दश वर्ष


प्रकाशक

समुदायमा आधारित वन सहजकर्ता सञ्जाल, नेपाल

राष्ट्रिय सचिवालय

काठमाडौं

पुस्तकको नाम : सञ्जालको वन अभियानका दश वर्ष

प्रकाशक : समुदायमा आधारित वन सहजकर्ता सञ्जाल, नेपाल

सर्वाधिकार : प्रकाशकमा

लेखन तथा सम्पादन समूह : भोला खतिवडा, ठाकुर भण्डारी र जानका के. सी.

लेखन सहयोगी : सरोजकुमार पाण्डे, अजयविक्रम मानन्धर, विना श्रेष्ठ
कविता इटनी, चुपवहादुर थापा, सविता घिमिरे, दिपक भट्ट

व्यवस्थापन : यशोदा कार्की

प्रकाशन मिति : श्रावण २०७० (कफ्सनको तेस्रो राष्ट्रिय महाधिवेशनमा विमोचन)

प्रति : १०००

उपलव्ध हुने स्थान : समुदायमा आधारित वन सहजकर्ता सञ्जाल, नेपाल
राष्ट्रिय सचिवालय, काठमाडौं

फोन : +९७७-०१-४६००७४०

इमेल : cfsupporters@cofsun.org.np

वेभ : www.cofsun.org.np

मुद्रण : वि.एल. प्रिन्टीङ्ग प्रेस, बागबजार-३१, काठमाडौं
+ 977 9841379274, 9851049455
blprintingpress@gmail.com

# प्रकाशकीय

समुदायका आधारित वन व्यवस्थापन पद्धतीमा सहजिकरण गर्ने सहजकर्ताको साझा संस्था समुदायमा आधारित वन सहजकर्ता सञ्जाल, नेपालको विजारोपण भएको एक दशक भएछ । स्थापना काल देखि आफ्नो संस्थागत जीवनमा विभिन्न किसिमका उतारचढाव पार गरीरहेको छ । यो संस्था स्थापनाको पहिलो कल्पनालाई औपचारिक उद्घोष गर्ने दिन ५१ जिल्लाका २५१ जनाको सहमतीका साथ गरिएको थियो । यो उद्घोषको वातावरण गरिदिने संस्था वाच रहेको थियो । पृष्ठभूमि देखि अवधारणा विकासको लागि क्रियाशिल भैरहेको वाचले २०६० साल माघ २५ गते २५१ जना सहजकर्ताहरु जमघट गराईदिएको थियो । सोही जमघटको सामुहिक छलफलवाट यस्तो मञ्चको आवश्यकताको निचोड निकाली उद्घोष गरिएको थियो । सरकारी गैरसरकारी क्षेत्रमा क्रियाशिल सहजीकरण गर्नेहरुको साझा मोर्चा वनाउने अठोट गरिएको थियो ।सुरुवाती कालखण्डमा नैं यती धेरै व्यक्तिले आवश्यकता महशुष गरेको नेपालका साह्रै कम संस्था मध्ये यो हाम्रो संस्था हो भनी दावी गर्दा कुनै अनौठो हुँदैन होला । त्यसै गरी यो संस्थाको विधान वन्ने पनि अरुको भन्दा फरक प्रक्रिया रहेको छ । जुन सामुदायिक वन उपभोक्ता समूहको हुने गर्दछ । जसरी सामुदायिक वनमा घरधुरी वा व्यक्तिगत स्तरको छलफल, समान चाहाना छलफल र आमभेला आयोजना गरी विधान तयार गरिन्छ त्यस पछि जिल्ला वन कार्यालयमा दर्ता गर्ने गरिन्छ । त्यस्तै प्रक्रिया यो संस्थामा पनि भएको छ । संभावित सदस्यहरुसँग छलफल, परामर्शका आधारमा क्षेत्रीय तथा केन्द्रीय भेलावाट विधानको खेस्रा तयार गरी राष्ट्रिय सम्मेलनवाट विधान पारित गरी जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिएको हो ।

हाम्रो संस्थाको सुरुवात सँगसँगै विभिन्न चुनौती पनि आए । हामी सवै अर्काको संस्था वा निकायमा जागीर खानेहरुको जमघट थियो । हामीसँग सामुदायिक वन सञ्चालनमा सहजिकरणको अनुभव थियो । तर हामी आफैं नेतृत्व गरेर संस्था चलाएका वा अभियान हाँकेका मानिस थिएनौं । अरुलाई भन्न र आफैले गर्नु फरक कुरा हो भन्ने सम्म हामीलाई जानकारी थियो । हामी संस्था सञ्चालनका अनुभवी नभए पनि वीचारमाथीको वहस तथा त्यसको कार्यान्वयनले हामीलाई परिपक्व वनाउँछ भन्ने विश्वास थियो । हामी वीचार मन्थनलाई पहिलो प्राथमिकता दिने गर्दथ्यौं त्यो चलन अहिले पनि छँदैछ । यही पक्षले नैं हामीलाई यहाँ सम्म ल्याइपुऱ्यायो । हामीलाई यहाँसम्म आई पुग्नका लागी सामुदायिक वनका उपभोक्ता, वन विभाग तथा त्यस अन्तरगतका संरचनाहरु, फेकोफनको राष्ट्रिय नेतृत्व तथा संरचना, विभिन्न परियोजना तथा संघसंस्थाहरुको अतुलनीय योगदान रहेको छ । त्यसै गरी संस्थागत आकार लिए पछि सदैव क्रियाशिल हुने सदस्यहरुको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहिरहेको छ ।

एक दशक यात्रा छोटो अवश्य होइन । यस दशमा ठुला ठुला परिवर्तन भैसकेका छन् । देशले कोल्टो फेरिरहेको छ । हाम्रो संस्था पनि देश परिवेश अनुसारको कोल्टो फेराई हुनै पर्दछ त्यही अनुसार हाम्रो परिकल्पना तथा रणनीतिहरु परिमार्जन गर्दै गैरहेका छौं । हाम्रो यो कोल्टे फेराईका कारण संस्थाको नाम नैं परिवर्तन गरी सामुदायिक वन सहयोगी सञ्जालवाट समुदायमा आधारित वन सहजकर्ता सञ्जाल, नेपाल नामाकरण गर्न पुग्यौं । यो हाम्रो वदलिंदो परिवेश अनुसारको हाम्रो रुपान्तरणको नमुना हो । हामीले यस एक दशकमा वन क्षेत्रका लागि आवश्यक पर्ने स्थानीय सिपयूक्त मानविय स्रोतहरुको आधिकारीकतालाई प्रयास गऱ्यौं केही हदसम्म सफल पनि भएका छौं । सहजकर्ताको वैधानिक मान्यता पाएको छ । हाम्रो स्थापनाको एक औचित्य प्राप्त भएकोछ । हाम्रो राष्ट्रिय स्तरमा संस्थागत पहिचान वढेको छ । अन्तराष्ट्रियस्तरमा नाता गाँसिंदै छ । यी सवै मार्फत वन अधिकारको अभियानमा टेवा पुगेको महशुष हामीले गरेका छौं ।

हाम्रो अवधी भर साथ दिने सहयोगी संस्थाहरु तथा व्यक्तिहरुलाई संझनु हाम्रो संस्थाको धर्म हो । त्यसै गरी संस्था भित्र  रहेर सदैव जोशजाँगरका साथ क्रियाशिल सदस्यहरुको इतिहासमा सुरक्षित गर्नु पर्दछ भन्ने महशुष यस सञ्जालको वर्तमान नेतृत्वले गऱ्यो । यसै अनसार यो सञ्जाल वन अभियानका यात्रा दश वर्ष नामक पुस्तक स्मारिकाको रुपमा तयार गर्ने जमर्को गरिएको छ । यस पुस्तकमा कफ्सनको अवधारणाको विकास देखि हालसम्म क्रियाशिल सदस्य सहजकर्ताहरुको योगदान, सहयोगी संस्थाको सहयोगको अभिलेखलाई सकेसम्म अभिलेखिकरण गर्ने हाम्रो प्रयास हो । यती गर्दा गर्दै पनि धेरै व्यक्ति तथा संस्थाहरुको योगदान भुलवस छुट्न गएको हुन सक्छ त्यसका लागि वर्तमान नेतृत्व माफी चाहन्छ ।

यस स्मारिकामा सञ्जालको रणनीति, सञ्जालको अवधारणा, सांगठनिक गतिशिलता, कार्यक्रमिक विवरण समावेश गरिएको छ । त्यसै गरी सञ्जालले आत्मसात गरेका सवाल, वन अभियानहरुको फेहरिस्त राख्ने प्रयास गरिएको छ । कफ्सन नेपाललाई अन्य निकायहरुले हेर्ने दृष्टिकोणलाई समेत समावेश गरिएको छ । जुनकुरा भोली दिनमा कफ्सनको लागि मार्गनिर्देश हुन सक्दछ । समग्रतामा यो पुस्तक सञ्जालको सम्पूर्ण ईतिहास समेट्ने प्रयास गरिएको छ । यसले भावी दिशा निर्देशका लागि खासै योगदान नदिने भएता पनि यसलाई आधार मानी भावी नेतृत्व अगाडी वढ्दा आफ्नो धरातल प्रति सचेत हुन सहयोग पुग्दछ । सञ्जाललाई सहयोग पुऱ्याउने व्यक्ति तथा संस्थाहरुलाई धन्यवाद दिने आधिकारीक दस्तावेजको रुपमा यो पुस्तकलाई लिनु सान्दर्भिक हुन्छ ।

यो पुस्तक तयार गर्ने, यो कार्यमा योगदान दिने, सहयोग गर्ने सवैलाई धन्यवाद दिन चाहान्छौं ।

समुदायमा आधारित वन सहजकर्ता सञ्जाल, नेपाल
COFSUN, Nepal
राष्ट्रिय सचिवालय

# कफ्सन नेपालको पहिलो तथा दोस्रो राष्ट्रिय महाधिवेशनको झलक




पहिलो महाधिवेशन
उद्घाटन सत्र




पहिलो महाधिवेशन
बन्द सत्र




दोस्रो महाधिवेशन उद्घाटन
गर्दै तत्कालीन वन मन्त्री
किरण गुरुङ



दोस्रो महाधिवेशनको
बन्द सत्र

# बिषयसूची


| | |
|---|---|
| सञ्जालको संक्षिप्त परिचय | १ |
| सञ्जालद्वारा सञ्चालित अभियान तथा कार्यक्रम | ४ |
| सञ्जालको सांगठनिक जीवन यात्रा | ८ |
| सदस्यको क्षमता अभिवृद्धि तथा अभियानसँग सम्वन्धित कार्यहरु | ११ |
| सिप परिक्षण सम्वन्धी केही तथ्य तथ्यांकहरु | १२ |
| संविधान केन्द्रीत अभियानहरु | १५ |
| जलवायू परिवर्तनको सवाल केन्द्रीत कार्यक्रमहरु | १७ |
| विभिन्न अभियानमा संलग्नता | १९ |
| जिल्ला स्तरीय अधिकारवाला तथा वहुसरोकारवाला विच परामर्शका लागि अवधारणा | २२ |
| कफ्सन नेपाल र वन क्षेत्रका सवाल प्रति सञ्जालको दृष्टिकोण | २५ |
| आत्मनिर्भरताको लागि ग्रिन डेभेलप्मेन्ट सहकारीको स्थापना तथा सञ्चालन | २७ |
| सेवामूलक कार्यक्रमहरु | २८ |
| सञ्जालद्वारा सञ्चालन भएका मूख्य कार्यक्रमहरु तालिकामा | ३० |
| सञ्जाललाई प्राप्त तथा सञ्जालद्वारा प्रदान गरीएको सहयोग | ३२ |
| सञ्जाल र प्रकाशन | ३४ |
| सञ्जाल र सञ्चार माध्यम | ३५ |
| सञ्जाललाई प्राप्त अन्य केही महत्वपूर्ण अवसरहरु | ३६ |
| सञ्जाल प्रति अन्य निकायहरुको दृष्टिकोण तथा कार्यपत्रहरु | ३९ |
| सामुदायिक वन राष्ट्रिय गोष्ठी चौथोमा सञ्जालद्वारा प्रस्तुत कार्यपत्र | ४६ |
| राष्ट्रिय सामुदायिक वन कार्यशाला गोष्ठी पाँचौमा सञ्जालद्वारा प्रस्तुत कार्यपत्र | ५२ |
| सामुदायिक वन अभियानमा सेवा प्रदायकको प्रभावकारी भूमिकाको लागि : सिप परिक्षण | ५३ |

# सामुदायिक वन सहजकर्ताको सीप परिक्षाको केही झलक



प्रयोगात्मक परिक्षा
संचालन हुँदै



लिखित परिक्षा



प्रयोगात्मक शिक्षा
वन सिमा सँग सम्बन्धी



प्रयोगात्मक परिक्षा
वन श्रोत सर्भेक्षण

# सञ्जालको संक्षिप्त परिचय

वि.सं. २०६० साल माघ २५ गतेका दिन ५१ जिल्लाका २५१ जना जना सहजकर्ताको भेलावाट गठन भएको यो संस्थाले समुदायमा आधारित वन अभियानमा प्रवर्द्धन तथा सहजकर्ताहरुको क्षमता विकासमा जोड दिने गर्दछ। दोस्रो महाधिवेशन सम्म सामुदायिक वन सहयोगी सञ्जाल, नेपाल (Community Forestry Supporters' Network, Nepal- COFSUN Nepal) नामवाट रहेकोमा दोस्रो महाधिवेशन २०६५ वाट समुदायमा आधारित वन सहजकर्ता सञ्जाल, नेपाल (Community-based Forestry Supporters' Network, Nepal- COFSUN Nepal) नामाकरण भएको छ। स्थापनाकाल देखि आफ्ना सदस्यहरु मार्फत उनीहरुको क्षमता अभिवृद्धि गर्दै वन अधिकार प्रवर्द्धनका लागि अभियान सञ्चालन गरीरहेको छ। हाल सम्म १३०० भन्दा वढि सहजकर्ताहरु यस सञ्जालका सदस्य भएका छन्। यी सदस्यहरु सरकारी तथा गैरसरकारी क्षेत्रमा रहेर वन अभियानमा क्रियाशिल भैरहेकाछन्। हाल सम्म ३४ वटा जिल्ला स्तरका संरचनाहरु क्रियाशिल रहेका छन्।

## सञ्जालको रणनीतिक दृष्टीकोण

**सञ्जालको १० वर्षे दूरदृष्टी**

***दूरदृष्टि** (Vision)*

समुदायमा आधारित श्रोतको एकिकृत एवं समुचित व्यवस्थापन तथा जलवायू परिवर्तनका सवाललाई सम्वोधन गर्न सहयोग पुऱ्याउन सक्ने मानविय श्रोतको सुसंगठित भण्डारको रुपमा स्थापित भई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा पहिचान भएको अन्तरनिर्भर संस्थाको रुपमा विकास  हुनेछ।

***ध्येय** (Mission)*

प्राकृतिक स्रोतसंग सम्वन्धित पेशाकर्मीहरुको अधिकार सुनिश्चित गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुको सहकार्य समेतमा समुदायमा आधरित वन अभियान मार्फत श्रोतको एकिकृत एवं समुचित व्यवस्थापनमा सामाजिक न्याय स्थापित भएको हुनेछ।

***लक्ष्य (५ वर्षको लागि)***

सञ्जाल आफैंमा  संस्थागत रुपले सुदृढ भएर दक्ष मानव संसाधन मार्फत सेवा तथा परामर्श उपलव्ध गराई स्थानीय समुदायलाई प्राकृतिक स्रोत व्यवस्थापन र न्यायोचित वितरण गराउनका साथै जलवायू परिवर्तनका सवाललाई सम्वोधन गर्न सहयोग पुऱ्याउने।

**विषयगत क्षेत्रमा आधारित रणनीतिक उद्देश्य**

**क. सञ्जाल स्वयंको संगठन विस्तार तथा सुदृढिकरण**

१. सञ्जालको जिल्ला शाखा ४० वटा तथा सदस्य संख्या २००० विस्तार गरेर नियमित नविकरणवाट संस्थालाई सुदृढ वनाउने।

२. सञ्जालका सदस्यहरुको हक अधिकार संगठित हुन आधारपत्र तयार गर्ने र स्थानीय समुदायहरुलाई प्राकृतिक स्रोत व्यवस्थापन गर्न, उनीहरुको अधिकार सुरक्षित गर्न र गरीवी न्यूनीकरण गर्ने योगदान सहितको प्रतिवद्धता संस्थागत गर्ने।

३. सञ्जालको कार्यान्वयनमा रहेको विधान अक्षरस कार्यान्वयन गर्ने र समयानुसार प्रक्रियागत परि मार्जन गर्ने

### ख. सामुदायिक वन अभियान

१. दिगो वन व्यवस्थापन र समावेशी लोकतन्त्रका मर्महरु अवलम्वन हुने गरी कम्तीमा २०० वटा वन कार्ययोजना र विधान परिमार्जनमा मानविय सहयोग पुऱ्याउने ।

२. तालिम सहयोग मार्फत २०० समूहको प्राविधिक क्षमता र शासकीय सुधार गरेर दिगो वन व्यवस्थापन र जीविकोपार्जन कार्यलाई सुनिश्चीत गर्ने ।

३. प्राकृतिक श्रोत व्यवस्थापनमा सवालहरुमा जिल्लागत, क्षेत्रिय र राष्ट्रिय स्तरमा विभिन्न सहयोगी निकायहरुसँग सहकार्य गर्दै आवश्यकता र क्षमता अनुसारका अभियानहरु सञ्चालन गर्ने ।

### ग. मानव संशाधन विकास

१. सञ्जालसँग आवद्ध सदस्यहरुको प्राविधिक एवं सामाजिक परिचालन क्षमता अभिवृद्धि गर्न कम्तीमा २५ वटा तालिम सञ्चालन गर्ने ।

२. कम्तीमा ५०० जना अभियानकर्मीहरुको क्षमता तथा सिप अभिवृद्धि लागि सहयोग पुऱ्याउने ।

३. सञ्जालमा आवद्ध सदस्यहरुको सिप, अनुभव तथा योग्यता सम्वन्धि विवरणहरुको विद्युतिय अभिलेखलाई व्यवस्थित गर्ने ।

४. सिप परीक्षणमा सफल सहजकर्ताहरुलाई वन सेवामा प्रतिस्प्रर्धा गराउन पैरवी गर्ने ।

### घ. जलवायू परिवर्तन

१. जलवायू परिवर्तनका सवालका सम्वन्धमा कम्तीमा ५० जना प्रशिक्षकहरु तयार गर्ने ।

२. जलवायू परिवर्तनका सवालका सम्वन्धमा कम्तीमा २०० वटा समुदाय स्तरको तालिम सञ्चालन गर्ने ।

३. रेड प्लस कार्यन्वयनको सन्दर्भमा स्थानीय स्तरको परामर्शका लागि कम्तीमा २०० वटा कार्यशालाहरु सञ्चालन गर्ने ।

४. जलवायू परिवर्तनका सवाललाई स्थानीय स्तरवाट सम्वोधन गर्ने गरी कम्तीमा ५० वटा समूहको विधान तथा वन कार्ययोजना परिमार्जनमा सहयोग गर्ने ।

५. जलवायू परिवर्तनका सवालसँग सम्वन्धीत स्थानीय स्तरवाट भएका प्रयास तथा समुदायको अधिकार समेटेर कम्तीमा २५ वटा लेखहरु तयार गरी छापामा ल्याउने ।

### ङ. प्राकृतिक स्रोत माथि समुदायको अधिकारमा आधारित अभियान

१. कम्तीमा वर्षको १ पटक प्राकृतिक स्रोत माथि समुदायको अधिकारका सन्दर्भमा स्थानीय समुदायको जनमत तथा जनवोलीलाई राष्ट्रिय स्तरको वहसमा ल्याउने ।

२. प्राकृतिक स्रोत माथि समुदायको अधिकारको स्थापनाका लागि हुने अभियानमा ऐक्यवद्धता तथा सहकार्य गर्ने ।

३. प्राकृतिक श्रोतमा आश्रित समुदायको पेशागत श्रोत माथिको पहुँच स्थापना गर्न अभियानहरु सञ्चालन गर्ने ।

**च. वाह्य समन्वय**

१. प्राकृतिक श्रोतसँग सम्वन्धित १० वटा राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाहरुसँग सम्वन्ध विस्तार गर्दै सहकार्यमा अभियानहरु सञ्चालन गर्ने ।

२. लोकतन्त्र, सामाजिक न्याय र प्राकृतिक श्रोतसँग सम्वन्धित नीति तथा कानूनहरु समुदायको हित अनुकुल हुने गरी वनाउन सरोकारवालाहरुसँग एकतावद्ध भै वकालत गर्ने ।

**सञ्जालले आत्मासात गरेका मूल्य–मान्यताहरु**


**क) समुदायमा आधारित वन प्रतिको मूल्य मान्यता :–**

- श्रोतमाथि स्थानीय समुदायको अधिकार
- सामाजिक न्याय
- निर्णय प्रक्रियामा अधिकारवालाको पहुँच
- न्यायोचितता/लैंगिक समानता
- एकिकृत श्रोत व्यवस्थापन
- जिम्मेवारीपना र जवाफदेहीता
- आमसहमति
- सहभागिता
- पारर्शिता
- दूरदर्शिता

**ख) सञ्जाल प्रतिको मूल्य मान्यताः–**

- सिक्ने, समयसापेक्ष प्रयोग तथा परिमार्जन गर्दै लैजाने
- पारदर्शिता
- बिशुद्ध सामाजिक संस्था
- उत्तरदायित्व तथा जवाफदेहिता
- न्यूनतम लगानी अधिकतम उपलब्धी
- सकारात्मक सोचाई र विश्लेषणात्मक कार्य

**कफ्सन नेपालमा सहजकर्ताहरुको आवद्धताको अवस्था**



# सञ्जालद्वारा सञ्चालित अभियान तथा कार्यक्रम

## सञ्जालद्वारा सञ्चालित क्रियाकलापहरु

यस सन्जालले मूख्य रुपमा दुई किसिमका कार्यहरु गर्ने गर्दछ । पहिलो कार्य आफ्नो संगठन विस्तार, सुदृढीकरण तथा सदस्यहरुको क्षमता विकास, सदस्यको पक्ष पोषणका कार्यहरु पर्दछ भने दोस्रो काम समुदायमा आधारित वन अभियानमा सहयोग पुऱ्याउने हो ।

## १. संगठन विस्तार, सुदृढीकरण कार्यक्रम

### संस्था गठनको अवधारणा विकास

वन क्षेत्रमा सामुदायिक वनको अवधारणा विकास देखि नैं सहजकर्ताहरुको महत्वपुर्ण संलग्नता रहेको छ । सहजकर्ताको सामाजिक तथा प्राविधिक परिचालनका माध्यमवाट सामुदायिक वन अभियानले गति पाएको छ । सामुदायिक वनको सफलताको पछाडी उपभोक्ताको प्रमुख योगदान त छ नैं । उनीहरुले वन पैदावरको व्यवस्थापनका असली हकदार पनि हुन् । उनीहरु आफ्नैलागि काम गरीरहेका छन् तर सहजकर्ता जसले समुदायको लागि अहोरात्र खटिरहन्छ तर उसको वैधानिक धरातल कहिल्यै रहँदैन । उनीहरुको सिपको जगेर्ना गर्ने काममा पनि खासै ध्यान पुगेको पाइएन । आवश्यक पर्दा प्रयोग गर्ने त्यसपछि वास्ता नगर्ने परिपाटी विकास हुने संभावना थियो। सहजकर्ताहरु सँग पनि आफ्नो अनुभव प्रचुर मात्रामा थियो तर त्यसलाई आदान प्रदान गरी सिपलाई प्रवर्द्धन गराई व्यवसायीक सहजकर्ता वन्नका लागि उपाय खोजी रहेको सन्दर्भ थियो । यीनै पक्षहरुलाई सहजकर्ताहरु एक आपसमा छलफल तथा विचार गरीरहन्थ्ये । खासमा आफ्नो सिपलाई प्रवर्द्धन गरी व्यवसायिक वन्ने र आफु मात्र सामुदायिक वन जसता समुदायमा आधारित वन व्यवस्थापन पद्धतीलाई प्रवर्द्धन गर्ने अभिप्रायका साथ विभिन्न तह तप्कामा छलफल भैरहन्थ्ये। यो वहसले २०६० साल तिर अलि फराकिलो आकार ग्रहण गर्न पुग्यो। सहजकर्ताको यो चासो संस्थागत रुपमा परिवर्तनका लागि कार्यरत महिला समूह (वाच) ले लियो। वाचले विभिन्न मितिमा चासो राख्नेका लागि वहस खुल्ला गरीदियो । त्यो वहसमा वन क्षेत्रका जानीफकार तथा चासो लिनेहरुले सहभागीता जनाए । त्यसको निचोडका रुपमा विभिन्न क्षेत्र तथा निकायहरु वीचमा रहेर वन क्षेत्रमा सहजीकरण गर्नेहरुको साझा संयन्त्रको लागि छलफल गर्नु आवश्यक रहेको ठहर भयो। सोही अनुसार वाचले नैं २०६० साल माघ २५ गते ५१ जिल्लाका २५१ जना सहजकर्ताहरुको जमघट गराईदियो।त्यो अन्तर्क्रियावाट सामुदायिक वन सहयोगी सन्जाल, नेपाल नामक संस्था जन्मन पुग्यो। त्यस अन्तर्क्रियावाट ६ महिना भित्र महाधिवेशन गर्ने म्यान्डेट दिएको थियो । त्यसका लागि ७ सदस्यीय तदर्थ समिति समेत चयन भएको थियो ।

**तदर्थ समिति (२०६०)**

अध्यक्ष : भोला खतिवडा -दोलखा
उपाध्यक्ष :सरोजकुमार पाण्डे-धादिङ
सचिव : ठाकुर भण्डारी -गुल्मी
कोषाध्यक्ष : विना श्रेष्ठ -भोजपुर
सदस्य: राज कुमार खड्का-काभ्रे
सदस्य: सरिता उप्रेती -चितवन
सदस्य: रामकुमार केसी -काठमाडौं

### तदर्थ समितिको क्रियाशिलता, विधान तयारी र क्षेत्रीय तथा केन्द्रिय भेला

७ सदस्यीय तदर्थ समितिको दोस्रो वैठकवाट भोला खतिवडालाई संयोजक चयन गरी कार्य सुरुवात गऱ्यो । तदर्थ समितिले आफुहरु मध्येवाट जनही रु.५००। संकलन गरी एक कोष खडा गरेको थियो । सन्जालको लागि सम्पर्क कार्यालय र एक कम्प्यूटर एवं प्रीन्टरको व्यवस्था परिवर्तनका लागि कार्यरत महिला समूह वाचले गरीदिएको थियो। काठमाडौं स्थीत सरोकारवाला निकायहरुसँग स्थलगत भेटघाट कार्यक्रम तय गऱ्यो। भेटघाटका क्रममा सुखद

| क्षेत्र | भेला स्थल | मिति | सहभागी संख्या |
|---|---|---|---|
| पश्चीमाञ्चल | वुटवल | २०६१।२।१०-१३ | ५५ |
| पुर्वाञ्चल, मध्यमाञ्चल | लहान | २०६१।२।१५-१७ | ३८ |
| म.प. र सु.प. | कोहलपुर | २०६१।२।१५-१७ | ४७ |
| केन्द्रीय | काठमाडौं | २०६१।४।१० | ५८ |

तथा दुखद अनुभुतीहरु हुने गर्दथ्ये । कसैले वन विभागको सौतेलो संस्था तथा कसैले फेकोफनको सौतेलो संस्था भन्ने गर्दथ्ये । कतिपयले रचनात्मक सल्लाह तथा सुझाव तथा प्रेरणा दिने गर्दथ्ये। तदर्थ समितिले विभिन्न निकायहरुसँगको सहकार्यमा ३ वटा क्षेत्रमा क्षेत्रीय भेला र काठमाडौंमा केन्द्रीय भेला आयोजना गऱ्यो । क्षेत्रीय भेलामा सम्वन्धीत क्षेत्र भित्र पर्ने हरेक जिल्ला वन कार्यालयवाट एक जना र सामाजिक क्षेत्रमा क्रियाशिल सहजकर्ता दुई जनालाई आमन्त्रण गरीएको थियो । वुटवल (२०६१ ज्येष्ठ १० देखि १२) मा ५५ जनाको सहभागीता, कोहलपुर (२०६१ ज्येष्ठ १५ देखि १७) ४७ जनाको सहभागीता र लहान (२०६१ ज्येष्ठ १५ देखि १७) ३८ जनाको सहभागीतामा सञ्चालन भएका यी भेलामा सञ्जालको विधानको खेस्रा तयार गरीयो । सञ्जालले आत्मसात गर्नु पर्ने सवालहरु पहिचानका कार्यहरु भए ।

त्यसै गरी केन्द्रीय भेला काठमाडौंमा आयोजना गरी काठमाडौंमा रहेर वन अभियानमा सहजीकरण गर्ने सहजकर्ताहरुको छलफल तथा जमघट गरीएको थियो । यो भेला २०६१ श्रावण १० भएको थियो । यस भेलामा ५८ जनाको सहभागीता रहेको थियो । यहाँ पनि सञ्जालको विधानको खेस्रा तयार गरीएको थियो । क्षेत्रीय भेलावाट सञ्जालको सदस्य वितरण गरी हरेक क्षेत्रवाट २०,२० जना गरी ६० जना र केन्द्रीय भेलावाट १५ जना प्रतिनिधिहरु महाधिवेशनका लागि छनौट गरीएको थियो ।

**प्रथम सम्मेलनवाट चयन**
**राष्ट्रिय कार्य समितिको विवरण**
**(२०६१ देखि २०६५)**

| पद | नाम |
|---|---|
| अध्यक्ष | भोला खतिवडा |
| उपाध्यक्ष | सरोज कुमार पाण्डे |
| सचिव | अजयविक्रम मानन्धर |
| सह सचिव | बसन्ती अधिकारी |
| कोषाध्यक्ष | बिना श्रेष्ठ |
| सदस्य | ठाकुर भण्डारी |
| सदस्य | सरिता उप्रेती |
| सदस्य | विनोदकुमार सिंह |
| सदस्य | सोम शर्मा |
| सदस्य | कमल गौतम |
| सदस्य | राजकुमार राई |
| सदस्य | चन्द्रा बोहरा |
| सदस्य | लाल कुमार के.सी |
| सदस्य | यमुना काफ्ले |
| सदस्य | ज्ञानबहादुर गुरुङ |
| सदस्य | निर्मलाकुमारी माल |
| सदस्य | चिरञ्जीवी खड्का |
| सदस्य | डिल्लीबहादुर गिरी |
| सदस्य | नेत्र खनाल |
| सदस्य | गोमा ल्वागुन |

## प्रथम महाधिवेशन (२०६१ श्रावण ११ देखि १३ सम्म)

सञ्जालको विधान दर्ता नभैसकेकोले यसलाई महाधिवेशन नभनेर सम्मेलन भनीएको थियो । प्रथम सम्मेलनको उद्घाटन तत्कालिन वातावरण तथा जनसंख्या मन्त्री वाचस्पती देवकोटाले गर्नु भएको थियो । यस अवधीमा जम्मा १२५जना सहजकर्ताहरु सदस्य हुनु भएको थियो। त्यसै गरी क्षेत्रीय तथा केन्द्रिय भेलावाट चयन भएका ७५ जना प्रतिनिधिहरु यस सम्मेलनमा सहभागीको रुपमा रहेका थिए । यस महाधिवेशनमा क्षेत्रीय तथा केन्द्रीय भेलावाट खेस्रा तयार गरीएको विधानलाई दफावार छलफल गरी पारित गरीएको थियो । त्यस पछि मात्र विधान दर्ताको प्रक्रियामा लगिएको थियो । अन्य संस्थाहरुको तुलनामा प्रक्रियागत विधान तयार गरी सम्मेलनवाट पारित गरे पछि मात्र विधान दर्ता गरी संस्थागत आकार लिएको हो । यस सम्मेलनवाट भोला खतिवडाको अध्यक्षतामा एक समावेशी कार्यसमिति समेत गठन भएको थियो ।

**सञ्जाल दर्ता (२०६१)**

प्रथम सम्मेलनवाट पारित विधान अनुसार जिल्ला प्रशासन कार्यालयम यो सञ्जाल २०६१ चैत्र १८ मा दर्ता भएको हो । यसको विधानमा सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, नेपाल रेञ्जर संघ साक्षी वसेका छन् भने दर्ताको क्रममा वन विभागको सिफारिस रहेको छ ।

**दोस्रो महाधिवेशन (२०६५ माघ २५ देखि २७)**

"**समुदायमा आधारित व्यवस्थित वन, क्रियाशिल सहजकर्ताको जीवन्त योगदान**" नारा तय गरीएको यस महाधिवेशनको उद्घाटन तत्कालिन वन तथा भुसंरक्षण मन्त्री किरण गुरुङले गर्नु भएको थियो । यस महाधिवेशनमा १२१ जना प्रतिनिधिहरुको सहभागीता रहेको थियो । २४ जिल्ला शाखावाट प्रतिनिधित्व रहेको थियो । सो महाधिवेशनवाट संस्थाको नाम परिवर्तन गरी समुदायमा आधारित वन सहजकर्ता सञ्जाल, नेपाल नामाकरण हुन पुग्यो । त्यसै गरी १० बुँदे घोषणा तथा प्रतिवद्धता पत्र जारी गरेको थियो । यसै महाधिवेशनवाट आजिवन सदस्यको व्यवस्था गरेको थियो । यो महाधिवेशन नीतिगत रुपमा व्यापक वहस भै सञ्जालले सामुदायिक वन भन्दा वाहिर पनि प्रवेश गर्ने गरी नयाँ मोड लिएको थियो । जसको कारण यो सञ्जाल थप फराकिलो भएको छ । त्यसै गरी यसै महाधिवेशनवाट वन सहजकर्ता कल्याणकारी कोषको अवधारणालाई संस्थागत रुपमा अगाडी वढाई नियमावली समेत पारित गरेको थियो । सो कोषलाई व्यवस्थीत गर्नका लागि छुट्टै समितिको समेत व्यवस्था गरेको थियो । यस अवधी सम्ममा ७९६ जना सहजकर्ताहरुले यस सञ्जालको सदस्यता प्राप्त गरीसक्नु भएको थियो । दोस्रो अधिवेशनवाट चयन भएको समावेशी कार्यसमितिको विवरण यसै स्मारिकाको पहिलो भीत्री पृष्ठमा उल्लेख गरीएको छ ।

**तेस्रो महाधिवेशन (२०७० श्रावण ११ देखि १३)**

सञ्जालको तेस्रो महाधिवेशनको संघार सम्म आईपुग्दा ३४ जिल्ला शाखाहरु गठन भएका छन् । त्यसै गरी एक हजार ३ सय भन्दा वढि सदस्यहरु गोलवद्ध भैसकेका छौं । कतिपय जिल्लाको तेस्रो अधिवेशन समेत भव्यतापूर्वक सम्पन्न भैरहेकाछन् । तेस्रो महाधिवेशनको सन्दर्भमा वन सहजकर्ता महासम्मेलन आयोजना हुँदैछ । यस्मा कम्बोडिया, थाइलैण्ड, भारतबाट प्रतिनिधित्व हुने कार्यक्रम छ ।

सञ्जालको आफ्नो संस्थागत विकासको क्रममा विभिन्न सवालहरुको सामाना गर्नु परेको थियो । यसता सवालहरुमा सञ्जालले आफनो आन्तरिक जीवनमा व्यापक छलफल गरी त्यसको प्रतिको स्पष्ट दृष्टिकोण सहितको आफ्नो अभियान सञ्चालन गरीरहेको छ । वर्तमान सवाल प्रतिको दृष्टिकोण सहितको सञ्जालको भूमिका यसै स्मारिकामा तालिकाको रुपमा राखिएको छ । त्यसै गरी संस्थागत जिवन यात्राको विवरण यसै स्मारि कामा समावेश गरीएको छ ।

विधानतः सञ्जालको कार्यसमितिको वैठक नियमित वसी रहेको छ भने दैनिक कार्य सञ्चालनका लागी ७ सदस्यीय सचिवालय क्रियाशिल रहेको छ । त्यसै गरी हरेक वर्ष माघ २५ गते सञ्जाल स्थापना दिवसको सन्दर्भमा समसामयिक सवालगत छलफल गर्ने गरीएको छ ।

**जिल्ला शाखा गठन तथा क्रियाशिलता**

कुनै पनि जिल्लामा सञ्जालका कम्तीमा १५ जना सदस्य भए पश्चात जिल्ला अधिवेशन गर्न पाइने व्यवस्था रहेको छ त्यसै गरी सदस्यको लागि समुदायमा आधारित वन व्यवस्थापनमा सहजिकरण गर्ने व्यक्तिले आवेदन

**जिल्ला शाखा गठन भएका जिल्लाहरु**

पूर्वाञ्चल : ताप्लेजुङ, झापा, संखुवासभा, भोजपुर, धनकुटा, खोटाङ, ओखलढुँगा, सिरहा, सप्तरी
मध्यमाञ्चल : धनुषा, महोत्तरी, सर्लाही, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, भक्तपुर, रसुवा, धादिङ
पश्चिमाञ्चल : गोरखा, लमजुङ, पर्वत, नवलपरासी
मध्यपश्चिमाञ्चल : दाङ, प्युठान, कालिकोट, जाजरकोट, वाँके, वर्दिया
सुदूरपश्चिमाञ्चल : कैलाली, कञ्चनपुर, डडेल्धुरा, वैतडी, दार्चुला, अछाम

गर्न पाउने छ र आवेदनमा दुई जना सञ्जालको सदस्य प्राप्त गरीसकेको व्यक्तिले शिफारिस गरे पश्चात मात्र राष्ट्रिय सचिवालयले सदस्यता सम्वन्धी निर्णय गर्दछ । राष्ट्रिय सचिवालयले निर्णय गरी सदस्य प्राप्त गरेका सहजकर्ताहरु कम्तीमा १५ जना कुनै जिल्लामा पुगे पछि ती सदस्यहरुले चाहेमा अधिवेशन गर्न सकिने व्यवस्था रहेकोछ । यस अवधीमा ३४ जिल्लाहरुमा जिल्ला अधिवेशन गरी जिल्ला शाखा गठन भैसकेको छ । यी जिल्ला शाखाहरुले आफ्नै पहलमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरीरहेका छन् । जिल्ला स्तरका विभिन्न प्रकाशनहरु गर्ने, सवालगत अन्तर्क्रिया अभियानहरु सञ्चालन गर्ने, सामुदायिक वनहरुले चाहेको सेवा प्रवाह गर्ने, तालिम गोष्ठीहरु आयोजना तथा सञ्चालन गर्ने, समूहको विधान तथा कार्ययोजना निर्माण परिमार्जनमा सहजीकरण गर्ने जस्ता कार्यहरु गरीरहेका छन् । यी संरचना आर्थिक रुपमा केन्द्रको मुख नताकी आफ्नै हैसियतले सञ्चालन भैरहेका छन् ।

सञ्जालको सांगठनिक संरचनाहरु, सदस्यहरु सवैलाई क्रियाशिल वनाउनका लागि विभिन्न प्रयासहरु भएका छन्। सहजकर्ता कल्याणकारी कोष व्यवस्थापन नीयमावली (२०६५) संगठन विस्तार तथा सुदृढिकरण नियमावली (२०६६), १० बुँदे आचारसंहिता, आर्थिक व्यवस्थापन निर्देशिका, महाधिवेशन सञ्चालन विनियमहरु तयार गरी कार्यान्वयन भैरहेका छन् ।

## सचिवालय व्यवस्थापन

यस सञ्जालको नियमिति कार्यालय सञ्चालनका सुरुवाती अवस्थामा वाचमा सम्पर्क केन्द्र मानी संचालन गरिएको थियो । पहिलो महाधिवेशन पश्चात धोवीखोलामा एक कोठामा कार्यालय सञ्चालन तथा व्यवस्थापन गरिएको थियो । सो स्थानमा कार्यलय स्थान अभाव भएकोले पुरानो वानेश्वरमा एक फ्लाट भाडामा लिई कार्यालय सञ्चालन भएकोमा सो स्थान समेत सरोकारवाला तथा सदस्यहरुको लागि पायक नपरेको गुनासा आएकोले हाल कोटेश्वरमा कार्यालय व्यवस्थापन भैरहेको छ । एक वैठक कक्ष सहित ४ कोठामा यस सञ्जालको सचिवालय सञ्चालन भैरहेको छ । कार्यालय दैनिक संचालनका लागि कोषाध्यक्ष विना श्रेष्ठले सुरुवात देखि नैं प्रमुख जिम्मेवारी लिई रहनु भएको छ भने कार्यालय सहयोगी र कार्यक्रम अधिकृत समेतको व्यवस्था गरिएको छ । त्यसै गरी कार्यक्रमिक रुपमा विभिन्न जिम्मेवारीका साथ सदस्य तथा कर्मचारीहरुको व्यवस्था एवं परिचालन गर्ने गरिएको छ । सञ्जालका अन्य पदाधिकारीहरुले स्वयंसेवी रुपमा कार्यालयमा आई आवश्यक कार्यहरु गरिरहनु भएको छ । कार्यालयमा डेस्कटप कम्प्यूटर २, ल्यापटप कम्प्यूटर २, फोटोकपी, प्रीन्टर २, टेलीफोन, फ्याक्स, इन्भटर, भिडियो क्यामेरा, डिजिटल क्यामेरा, मल्टीमेडिया लगायतका आवश्यक कार्यालय सामाग्रीहरु रहेका छन् ।

# सञ्जालको सांगठनिक जीवन यात्रा

| मिति | मुख्य कार्य | उपलव्धी | कैफियत |
|---|---|---|---|
| विभिन्न मितिमा | सहजिकरण सिप सम्वन्धी तालिम | • सहजिकरण गर्नेहरुको अनुभव आदान प्रदान गर्ने साझा मञ्च आवश्यकता वारे छलफल | |
| २०६० | खुल्ला छलफल (४ दिन) वाचमा | • सहयोगी साझा मोर्चाको आवश्यकता महशुष | |
| २०६० माघ २५ | सामुदायिक वन सहयोगी अन्तर्क्रिया (होटल व्लु स्टारमा वाचको आयोजनामा) | • साझा मञ्चको आवश्यक्ता महशुष<br>• ७ सदस्यीय तदर्थ समिति गठन | ५१ जिल्लाका २५१ जना सहयोगीहरुको भेला |
| २०६० माघ २६ | तदर्थ समितिको वैठक | • कार्य विभाजन<br>• तदर्थ समिति सदस्यहरुवाट जनही रु. ५००। संकलन गरी कार्य शुभराम्भ | सम्पर्क केन्द्र वाचमा राखिएको |
| २०६० फाल्गुण/चैत्र | काठमाडौं स्थीत सरोकार निकायहरुसँग स्थलगत भेटघाट | • सम्पर्क समन्वय<br>• सहयोग गर्ने वचनवद्धता प्राप्त | |
| २०६१ वैसाख १० | समन्वयात्मक तथा परिचयात्मक वैठक | • काठमाडौंमा रहेका सामुदायिक वनका सरोकारवाला निकायहरुलाई सञ्जालको अभियान वारेमा जानकारी र क्षेत्रीय भेलाहरुमा सहयोग गर्ने प्रतिवद्धता | |
| २०६१।२। १० देखि १२ | क्षेत्रीय भेला वुटवल | • सामुदायिक वनका सवाल पहिचान र सहयोगीको भुमिका निर्धारण,<br>• सञ्जालको विधान माथि छलफल<br>• सञ्जालको सदस्यता वितरण<br>• राष्ट्रिय भेलाका लागि २० जना प्रतिनिधि छनौट | वाग्मती, गण्डकी, लुम्वीनी, धौलागिरी र नारायणी अन्तरगत पर्ने हरेक जिल्लावाट सरकारी निकायमा कार्यरत सहयोगी १, अन्य २ जना गरी ३ जना सहयोगीहरुलाई पत्राचार र भेला, |
| २०६१।२।१५ देखि १७ | क्षेत्रीय भेला लहान | • सामुदायिक वनका सवाल पहिचान र सहयोगीको भुमिका निर्धारण,<br>• सञ्जालको विधान माथि छलफल<br>• सञ्जालको सदस्यता वितरण<br>• राष्ट्रिय भेलाका लागि २० जना प्रतिनिधि छनौट | जनकपुर, सगरमाथा, कोशी र मेची अन्तरगत पर्ने हरेक जिल्लावाट सरकारी निकायमा कार्यरत सहयोगी १, अन्य २ जना गरी ३ जना सहयोगीहरुलाई पत्राचार र भेला |

| मिति | मुख्य कार्य | उपलव्धी | कैफियत |
|---|---|---|---|
| २०६१।२।१५ देखि १७ | क्षेत्रीय भेला, कोहलपुर | • सामुदायिक वनका सवाल पहिचान र सहयोगीको भुमिका निर्धारण,<br>• सञ्जालको विधान माथि छलफल<br>• सञ्जालको सदस्यता वितरण<br>• राष्ट्रिय भेलाका लागि २० जना प्रतिनिधि छनौट | राप्ती, भेरी, कर्णाली, सेती, महाकाली अन्तरगत पर्ने हरेक जिल्लावाट सरकारी निकायमा कार्यरत सहयोगी १, अन्य २ जना गरी ३ जना सहयोगीहरुलाई पत्राचार र भेला |
| २०६१ श्रावण १० | केन्द्रीय भेला, काठमाडौं | • सामुदायिक वनका सवाल पहिचान र सहयोगीको भुमिका निर्धारण,<br>• सञ्जालको विधान माथि छलफल<br>• सञ्जालको सदस्यता वितरण<br>• राष्ट्रिय भेलाका लागि १५ जना प्रतिनिधि छनौट | काठमाडौंमा रहेका केन्द्रिय तहमा काम गर्ने सहयोगीहरुको भेला |
| २०६१ श्रावण ११ देखि १३ | राष्ट्रिय भेला, काठमाडौं | • सञ्जालको विधान पारित<br>• नीति तथा कार्यक्रम तर्जुमा<br>• राष्ट्रिय कार्यसमिति गठन<br>• समावेशी नेतृत्व आमसहमतीवाट चयन | तत्कालीन वातावरण तथा जनसंख्या मन्त्री वाचश्पती देवकोटावाट उद्‌घाटन |
| २०६१ आश्विन ९ देखि ११ | रणनीतिक योजना तर्जुमा | • ४ वर्षे परिकल्पना तयार | |
| २०६१ चैत्र १८ | सञ्जाल जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता | • सञ्जालले वैधानिकता प्राप्त | वन मन्त्रालय, वन विभाग समेतको सिफारिसमा दर्ता |
| २०६२।१।१२ | समाजकल्याण परिषदमा आवद्ध | • थप वैधानिकता प्राप्त | |
| २०६२ चैत्र, ०६३ वैसाख | जनआन्दोलनमा नियमित सहभागीता | • आन्दोलनमा थप टेवा | कफ्सन सचिवालय सदस्य ठाकुर भण्डारी गिरफतार |
| २०६३ वैसाख १ | विभिन्न नागरीक संगठनको अगुवाईमा भएको आन्दोलनमा सञ्जालको व्यानर सहित नयाँ वानेश्वरवाट जुलुश प्रदर्शन स्थायी समिति सदस्य ठाकुर भण्डारी लगायतका सदस्यहरु गिरफ्तार | • सञ्जालका विभिन्न सञ्चार माध्यमवाट प्रचार प्रसार<br>• आन्दोलनमा थप योगदान<br>• सञ्जालको पहिचानमा वृद्धि | |
| २०६३ वैसाख १५ | केन्द्रीय भेला | • केन्द्रीय स्तरमा रहेका सञ्जालका सदस्यहरु विच अनुभव आदान प्रदान | नास्ता खर्च सञ्जालका सदस्यद्वय चुपवहादुर थापा र नवराज दाहालवाट भएको । |

| मिति | मुख्य कार्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| २०६३ जेष्ठ ५ | प्रथम वार्षिक सभा | • आफ्नै खर्चमा सञ्जालका सदस्यहरुको सहभागीता<br>• सञ्जालको गतिविधि समिक्षा<br>• नीति तथा कार्यक्रम पारित | प्राकृतिक श्रोत सरोकार समूहका संयोजक प्रदिप नेपाल द्वारा उद्घाटन । यस सभामा तामाकोशी फरेष्ट प्रोडेक्ट प्रोसेशिंग प्रा. ली. ले वेल जुश उपलव्ध गराएको थियो । |
| हरेक वर्षको माघ २५ गते | सञ्जाल स्थापनाका दिनमा विभिन्न सवालगत विषयमा अन्तर्क्रिया तथा छलफल कार्यक्रम आयोजना | • सञ्जालको गतिविधिवारे अन्य निकायहरुलाई जानकारी<br>• वन क्षेत्रको रुपान्तरणको वहसको आरम्भ | |
| २०६४ भाद्र २३ देखि आश्विन ४ | जनयात्रामा सहभागी तथा सहयोग | • सवाल प्रति अन्य निकायको ध्यानाकर्षण र सञ्जालको परिचय | सदस्य रामकुमार गिरी जनयात्रामा सहभागी |
| २०६५ माघ २४ | केन्द्रीय भेला | • राष्ट्रिय महाधिवेशन प्रतिनिधि छनौट | |
| २०६५ माघ २५ देखि २७ | दोस्रो महाधिवेशन | • संस्थाको नाम परिवर्तन<br>• समावेशी नयाँ नेतृत्व चयन | |
| २०६५ | दश वर्षे रणनीतिक योजना तयार | • कार्य दिशा प्रष्ट | |
| २०६८ | रणनीतिक योजना परिमार्जन | • विगतको समिक्षा तथा समयसापेक्षिक रुपमा गन्तव्य निर्धारण | |
| २०७० वैसाख | कार्यालय स्थानान्तरण | • पुरानो वानेश्वरवाट कोठेश्वर सारेको सम्पर्क समन्वयमा सहज | |
| नियमित | राष्ट्रिय कार्यसमितिको वैठक | • संस्थागत विकास तथा गतिशिलता | |
| निरन्तर | १३०० भन्दा वढि सदस्य विस्तार | • सञ्जाल मजवुद हुदै गएको<br>• सञ्जालको पहिचानमा अभिवृद्धि | |
| निरन्तर | जिल्ला शाखाहरु गठन र नियमित अधिवेशन | • ३४ जिल्ला शाखा गठन | |
| | कार्यालय तथा कर्मचारी व्यवस्थापन | • कार्यालय नियमितता जनसम्पर्क वढेको<br>• न्यूनतम उपकरणको व्यवस्थाले कार्यकुशलता वढेको (सचिवायलमा ल्यापटप, डेस्कटप कम्प्यूटर, प्रीन्टर, फोटकपी फ्याक्स, मल्टीमेडिया प्रोजेक्टर, भिडियो क्यामेरा, डिजीटल क्यामेरा, इन्भटर, सोफासेटका लगायतका फर्निचर वैठक कक्ष लगायतका आधारभुत पक्षहरुको व्यवस्थापन) | सदस्य र सहयोगीहरुको सहयोगमा एक थान कम्प्यूटर खरिद, पत्र पत्रिका खरिद |

# सदस्यको क्षमता अभिवृद्धि तथा अभियानसँग सम्वन्धित कार्यहरु

## सामुदायिक वन सहजकर्ता सिप परिक्षण

सामुदायिक वन अभियानलाई प्रभावकारी वनाउने कानूनी दस्तावेज समूहको विधान तथा वन कार्ययोजना हो । कुनै पनि सामुदायिक वन उपभोक्ता समूहहरु विधान र वन कार्ययोजना विना कुनै कार्य गर्न पाउदैन । सो दस्तावेज तयार गर्ने कार्य पनि सम्वन्धीत उपभोक्ता वा समूहहरुको नैं हो । सो दस्तावेज तयार गर्नका लागि विगतमा वन विभाग अन्तरगतमा संरचना विशेष गरी जिल्ला वन कार्यालय, वन सम्वन्धी परियोजना तथा विभिन्न संघ संस्थाहरुले समेत सहयोग पुऱ्याईरहेका थिए । विधान तथा वन कार्ययोजनामा निर्माण तथा परिमार्जनमा सहजीकरण गर्ने कार्य विभिन्न निकायहरुमा रहेर क्रियाशिल भैरहेका सहजकर्ताहरुको पनि महत्वपूर्ण भूमिका रहिरहेकोछ । ती सहजकर्ताहरु समुदायसंग घुलमिल हुदै समुदायको चाहाना तथा आवश्यकतामा आधारित रहि विधान तथा वन कार्ययोजना निर्माण वा परिमार्जनमा सहजिकरण गरीरहेका छन् । उनीहरुको सहजीकरणको भूमिका प्रति सवैको सकरात्मक सहयोग एवं प्रतिक्रिया आएको र उनीहरुको भूमिकाले सामुदायिक वनलाई गतिशिल वनाउन थप टेवा पुगिरहेको वस्तुगत यथार्थलाई मध्येनजर राख्दै वन क्षेत्रमा सहजिकरण गर्नेहरुको संस्था साविक सामुदायिक वन सहयोगी सञ्जाल, नेपाल हाल समुदायमा आधारित वन सहजकर्ता सञ्जाल, नेपाल (COFSUN, Nepal) को समन्वयमा वन विभाग, फेकोफन, वनसंग सम्वन्धीत परियोजनाहरुको समेत संलग्नता तथा सहकार्यमा सहजकर्ताको सिपको आधिकारिकताको लागि पटक पटक छलफल तथा विचार विमर्श भैरहेको थियो ।

## सामुदायिक वन सहजकर्ता सीप प्रमाणिका तयारी

वन विभागको समन्वयमा हुने CF Interaction meeting को निर्णय तथा सहमती अनुसार प्राविधिक सिप तथा व्यवसायीक तालिम परिषद्, सिप परिक्षण समिति (CTEVT/NSTB)संगको सहकार्य तथा सञ्जाल, वन विभाग, फेकोफन, परियोजनाहरुको समन्वय एवं सहकार्यमा सामुदायिक वन सहजकर्ताको सिप परिक्षणको कार्य अगाडी वढाउने सहमती भएको थियो । सोही अनुसार यस सञ्जालको समन्वय तथा सरकारी तथा गैरसरकारी निकायहरुको सहकार्यमा प्राविधिक सिप तथा व्यवसायीक तालिम परिषद्, सिप परिक्षण समिति (CTEVT/NSTB)ले अन्तरगत रहने गरी भीम प्रसाद श्रेष्ठको संयोजकत्वमा एक प्राविधिक उपसमिति गठन गरीएको थियो । सो उपसमितिमा वन विभागका वलराम कंडेल, वन सम्वन्धी परियोजनाहरुको तर्फवाट नेपाल स्विस सामुदायिक वन परियोजनाका व्रम्हध्वज गुरुङ, सञ्जालको तर्फवाट भोला खतिवडा, अजयविक्रम मानन्धर, नेपाल रेञ्जर संघवाट विनोद कुमार सिंह र CTEVT/NSTB समेतको प्रतिनिधित्व रहेको उपसमिति गठन गरीएको थियो । त्यसै गरी परिषद्ले नैं प्रमाणिका तर्जुमा कार्यशाला गोष्ठी गरी विषयहरु पहिचान गऱ्यो । प्राविधिक उपसमितिको निर्णय अनुसार प्रमाणिका लेखनको लागि तह १ को अजयविक्रम मानन्धर र तह २ को वन विभागका वलराम कँडेललाई जिम्मेवारी दिएको थियो । मस्यौदा प्रमाणिका माथि प्राविधिक उपसमितिले दफावार छलफल गरी स्वीकृतका लागि परिषद समक्ष पेश गरेको थियो । डिसेम्वर २, २००६ मा स्वीकृत सो प्रमाणिकाको आधारमा परिक्षा सञ्चालन भैरहेको छ ।

तह १ को परिक्षामा सहभागी हुने सहजकर्ताले सामुदायिक वन उपभोक्ता समूहको विधान निर्माण परिमार्जनको प्रक्रियामा सहजिकरण गर्न सक्ने र कम्तीमा १ वर्ष सो कार्य गरेको हुनु पर्ने छ भने तह २ को लागि समूहको विधान र वन कार्ययोजना निर्माण गर्न सक्ने र कम्तीमा ३ वर्षको कार्यगत अनुभव भएको नेपाली नागरीक सहजकर्ताले मात्र सहभागी हुन सक्नेछन् ।

## सिप परिक्षण सम्वन्धी केही तथ्य तथ्यांकहरु

स्विकृत सिप प्रमाणिकाको आधारमा हाल सम्म ३०५ जना सहजकर्ताहरुले सिप परिक्षामा सहभागी भै सफल भैसकेका छन् । ती मध्ये तह १ को परिक्षामा ४२ पुरुष र ३१ ज जना महिला गरी ७३ जना सफल भएका छन् । त्यसै गरी तह २ मा ३४ महिला १९८ जना पुरुष गरी २३२ जना सहजकर्ताहरु सिप परिक्षामा सफल भएका छन् । यसता परिक्षा काठमाडौं उपत्यका वाहिर पनि सफलतापूर्वक सञ्चालन भैरहेकाछन् ।

सिप परिक्षामा सहभागी हुन चाहने सहजकर्ताको संख्या वढ्दो छ । त्यसै गरी दोस्रो तहको परिक्षामा सफल हुने सहजकर्ताहरुले आफ्नो सीपलाई व्यवहारिक कार्यान्वयन गर्ने अवसर नियमित रुपमा पाई रहेका छन् । सुरु सुरुमा सामुदायिक वन सहजकर्ता तह १ को समेत परिक्षा सञ्चालन गर्ने गरीएको भएता पनि पछिल्लो समयमा यसता सहजकर्ताहरुको माग नभएकोले तह २ मा वढि आकर्षण भएको पाइएको छ ।

### सिप प्रमाणिका परिमार्जन

सरकारी तथा गैरसरकारी निकायहरुको सहकार्यवाट सुरुवात गरीएको सामुदायिक वन सहजकर्ता सिप परिक्षणको कार्यवाट सामुदायिक वन अभियानले थप प्रभावकारी जनशक्ति पाएको छ। यसका लागि सिप प्रमाणिका तयार गरीएको थियो । त्यसैका आधारमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, राष्ट्रिय सिप परिक्षा समितिले परिक्षा सञ्चालन गरी सो वाट सफल सिपयूक्त सहजकर्ताहरुको सिपले आधिकारीकता पाएको छ। सहजकर्ताहरुको व्यवसायीक कार्यको प्रवर्द्धन भएको छ। यो अभियानलाई सवै तिरवाट सहयोग तथा सहकार्य भैरहेको छ । तथापी हाल भैरहको सिप प्रमाणिका तत्कालिन अवस्थालाई मध्येनजर गरी तयार गरीएको थियो । त्यो प्रमाणिका समय सान्दर्भिक नभएकोले केहि परिमार्जन समेत गरीएको छ । उदाहरणको लागि हाल रहेको प्रमाणिका तयार गर्दा कम्पासवाट सिमा सर्भे गर्ने प्रचलन थियो तर हाल अधिकांश जिल्लामा जिपिएसवाट सर्भे गर्ने कार्य भैरहेको छ । यो प्रविधिका सहजकर्ताहरु पनि सक्षम भैसकेका छन् तर सिप प्रमाणिकामा हाल प्रचलनमा रहेको अत्याधुनिक जिपिएस प्रविधिलाई समावेश गरीएको छैन । सो कुरालाई सिप प्रमाणिकामा समावेश नगरी परिक्षा सञ्चालन गर्दा चलनचल्तीको भन्दा फरक प्रविधिमा आधारित सहजकर्ताहरुको सिपलाई मात्र मान्यता दिन सक्दछ। त्यसै गरी सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०६५ (दोस्रो परिमार्जन) अनुसार सामुदायिक वनको प्रक्रियालाई समेत सो प्रमाणिकाले पूर्ण रुपमा सम्वोधन गर्न सकेको थिएन। किनकी मार्गदर्शन परिमार्जन गर्नु पूर्व नैं यो सिप प्रमाणिका तयार भएको थियो ।

यी सवै कारणवाट विगतमा तयार गरीएको प्रमाणिकालाई परिमार्जन गर्नु अतिआवश्यक भएकोले परिमार्जन गरीएको थियो ।

### हाल परिमार्जीत भएको प्रमाणिकामा समावेश भएको सहजकर्ताहरुको कार्यविवरण

१. वन उपभोक्ता र वन क्षेत्र पहिचान गर्न सहयोग गर्ने ।
२. सहभागीतामूलक सामाजिक तथा श्रोत नक्शा तयार गर्न सहयोग गर्ने ।
३. सहभागीतामूलक सम्पन्नता स्तरिकरण गर्न सहयोग गर्ने ।
४. वन उपभोक्ताहरुको सशक्तिकरणको लागि घरधुरी सर्भेक्षण गर्ने ।
५. वन सिमा सर्भेक्षण गर्ने
६. वन स्रोत सर्भेक्षण गर्ने
७. विधान तथा वन कार्ययोजनाको निर्माणका लागि समानचाहना साना समूह छलफल सञ्चालन गर्ने
८. आमभेलावाट विधान तथा वन कार्ययोजनाको अन्तिम रुप प्रदान गर्ने
९. कार्यसमिति गठन गर्न सहयोग गर्ने

१०. बैठक तथा साधारण सभा सञ्चालन तथा माईन्यूट तयार गर्न सहयोग गर्ने
११. वन श्रोत सर्वेक्षण गर्न सहयोग गर्ने ।
१२. वन सम्बर्द्धनका कार्यहरु गर्न सहयोग गर्ने ।
१३. वन पैदावारहरु निकाल्न सहयोग गर्ने ।
१४. समूहको विधान तथा वन कार्ययोजना परिमार्जन गर्न सहयोग गर्ने

उपरोक्त कार्यनिर्देशका आधारमा सिप प्रमाणिकाको परिमार्जन गरीएको छ । जसमा सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन दोस्रो परिमार्जनले निर्ष्दिष्ट गरेका प्रावधानहरु विशेष गरी घरमुलीमा महिला र पुरुषको नाम समावेश गर्ने, कार्यसमिति समावेशी (कम्तीमा ५१ प्रतिशत महिला, अध्यक्ष र सचिव मध्ये १ मा महिला), सहजकर्तामा उद्यम सम्वन्धी ज्ञान हुनु पर्ने प्रावधान समावेश गरीएको छ ।

## यस कार्यक्रममा सहकार्य तथा संलग्नता

यस कार्यक्रममा आर्थिक रुपमा जिविकोपार्जनका लागि वन कार्यक्रम, नेपाल स्वीस सामुदायिक वन परियोजना, केयर नेपाल, लघु उद्यम विकास कार्यक्रमको सहकार्य रहेको थियो । त्यसै गरी यस कार्यमा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् राष्ट्रिय सिप परिक्षण समिति, वन विभाग सामुदायिक वन महाशाखा, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल समेतको सहकार्य रहेको थियो ।

## सिप परिक्षामा सफल सहजकर्ताको सरकारी सेवा प्रवेशको वाटो खुल्ला

यस सञ्जालले आफ्नो स्थापनाकाल देखि सहजकर्ताको सिपको आधिकारितका लागि आवाज उठाउँदै आएको थियो। वन विभाग विशेष गरी तत्कालिन सामुदायिक वन महाशाखाका प्रमुख केशवराज कणेलसँगको पटक पटक छलफलको आधारमा सामुदायिक वन अन्तक्रियाको वैठकको सल्लाह अनुसार सिप परिक्षणको कार्य थालनी गरीयो। वन क्षेत्रमा यो प्रयास पहिलो थियो । त्यसै गरी सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शनको परिच्छेद ७ मा समेत सहजकर्ताको भूमिका प्रष्ट उल्लेख गरीएको छ। त्यसै खण्डमा सवै निकायको भूमिका उल्लेख गरेको छ। सञ्जालले यसता सिप यूक्त सहजकर्ताहरुको वन सेवा (सरकारी सेवा)मा प्रवेश पाउनु पर्दछ भन्ने आवाजलाई वुलन्द गरीरहेको थियो। यसका लागि लोकसेवा आयोग, वन मन्त्रालय लगायतका सरोकार वाला निकायहरुसँग पटक पटक छलफल गरीएको थियो । सवैको ध्यानाकर्षणको लागि पटक पटक सामुहिक अन्तर्क्रिया कार्यक्रमहरु राखिएको थियो । यसै विचमा फरेष्टर पदमा लोकसेवा आयोगले सूचना निकाल्यो । त्यसमा न्यूनतम योग्यतामा वन सम्वन्धी १० महिने तालिम प्राप्त भएको भन्ने कुरा उल्लेख थियो । नेपालको सन्दर्भमा त्यसको कुनै आधिकारिक निकाय थिएन १० महिने वन सम्वन्धी तालिम दिने । सञ्जालले लोकसेवा आयोगमा डेलीगेशन गयौं । सिप परिक्षणमा सहभागी हुन ३ वर्ष काम गरेको अनुभव चाहिन्छ त्यसलाई न्यूनतम आधार मानिदिनुस भन्यौं । लोकसेवा आयोगले सम्वन्धी मन्त्रालयले यस वारेमा लेखि दिए संभव छ भन्ने कुरा जानकारी पायौं ।

खण्ड ६१ संख्या ३४ नेपाल राजपत्र भाग ५ मिति २०६८।९।४

"अनुसूची- ३
(नियम ७ सँग सम्वन्धित)
सेवा प्रवेशको लागि चाहिने न्यूनतम योग्यता

(क) जनरल फरेष्ट्री समूहको लागि

| क्र.सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | श्रेणी विहीन पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आठ कक्षा उत्तीर्ण गरी शारीरिक तन्दुरुस्त भएको । |
| २. | रा.प.अनं.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट दश कक्षा उत्तीर्ण वा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट वन सम्बन्धी तह १ को सीप परीक्षा उत्तीर्ण । |
| ३. | रा.प.अनं.द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट वन सम्बन्धी तह २ को सीप परीक्षा उत्तीर्ण । |
| ४. | रा.प.अनं.प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन) र वन व्यवस्थापन मूल विषय लिई वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ५. | रा.प.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन), वन संरक्षण, वन अनुसन्धान, वन व्यवस्थापन र वन्यजन्तु संरक्षण मध्ये कम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण । |
| ६. | रा.प.प्रथम तथा द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा सिल्भिकल्चर वा वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन) वा वन स्रोत सर्भेक्षण वा भू तथा जलाधार व्यवस्थापन वा वन्यजन्तु संरक्षण/व्यवस्थापन वा संरक्षित वन क्षेत्र व्यवस्थापन वा कृषि वन व्यवस्थापन वा वन तथा वातावरण व्यवस्थापन वा वन तथा जलवायु परिवर्तन वा प्राकृतिक स्रोत व्यवस्थापन वा जैविक विविधता विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण र ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |

सञ्जालले वन तथा भुसंरक्षण मन्त्रालयमा गै सहसचिव रामप्रसाद लम्साल र तत्कालिन वन सचिव युवराज भुषालसँग सवै कुरा वेलीविस्तार लगाइयो । सूचना अनुसारको योग्यता पुगेका कोही पनि छैनन् भन्ने कुरा दर्शाइयो । त्यहि समयमा सञ्जालको पत्रलाई आधार मानी वन सचिवले यो सूचना रोक्नका लागि तोक लगाई दिनु भयो । सञ्जालले चासोको वारेमा छलफल गर्ने वचन दिनु भयो ।

धेरै प्रयासको प्रतिफल स्वरुप वन सेवा सम्वन्धी नियावलीको अनुसूचीमा फरेष्टर पदको न्यूनतम योग्यतामा प्रवेशीका उतिर्ण गरी १० महिने तालिम वा मान्यता प्राप्त निकायवाट वन सम्वन्धी सिप परिक्षा तह २ को उतिर्ण गरेको भन्ने वाक्यांश थप भयो । यसले गर्दा सामुदायिक वन सहजकर्ता तह २ मा सफल सहजकर्ताहरुले सरकारी वन सेवाको फरेष्टर पदमा लोकसेवा परिक्षा दिन पाउने अवस्था आएको छ । सोही अनुसार पहिलो पटक ३० वटा पदको लागि परिक्षा समेत भैसकेको छ ।

त्यसै गरी सरकारी वन सेवामा कार्यरत फरेष्टरहरुले सामुदायिक वन सहजकर्ता तह २ को परिक्षामा सफल भएकाले आन्तरिक परिक्षावाट रेञ्जर समेत हुने व्यवस्था भएको छ । जस अनुसार धेरै जना फरेष्टर वढुवा भै रेञ्जर भैसक्नु भएको छ । आइएस्सी फरेष्ट्री वा डिप्लोमा इन फरेष्ट्री अध्ययन गरे पछि मात्र रेञ्जर हुन पाइन्छ भन्ने परम्परा तोडिएको छ ।

## प्राकृतिक स्रोत व्यवस्थापनमा स्थानीय समुदायको भूमिका सम्वन्धी अध्ययन भ्रमण

यस सञ्जालको आयोजना तथा नीति पैरवी कार्यक्रम फेकोफनसँगको सहकार्यमा प्राकृतीक श्रोत व्यवस्थापनमा स्थानीय समुदायको भूमिका र सवाल विषयलाई लिएर प्राकृतीक श्रोतमा आधारित महासंघहरु -फेकोफन, सिचाई महासंघ, सामुदायिक विधुत् महासंघ, हिमवन्ती, भूमि अधिकार मञ्च, जि.वि.स.महासंघ, पेशागत संगठनहरु नेपाल पत्रकार महासंघ, नेपाल वन प्राविधिक संघ, नेपाल रेञ्जर संघ, नेपाल जुनिएर वन प्राविधिक संघ, सामुदायिक वन सहयोगी सञ्जाल, वन विभाग, राजनीतिककर्मीहरुको संयूक्त राष्ठिय स्तरको अध्ययन भ्रमण कार्यक्रम सञ्चालन गरीएको थियो । भ्रमणवाट जनजिविकाको माध्यम वनेको प्राकृतीक श्रोत व्यवस्थापन सम्वन्धि अनुभव आदान प्रदान  भएको तथा नीतिगत तहमा रहने वर्गहरुलाई स्थानीय सवालहरु वारे परिचित हुने मौका मिलेको थियो । २०६३ आषाढ १ देखि ५ सम्म रामेछाप र दोलखाका विभिन्न स्थानमा भएका समुदायका आधारित प्राकृतिक स्रोतमा आधारित व्यवस्थापन पद्धतीको स्थलगत अध्ययन गरीएको थियो ।

## तराईमा वन अधिकार प्रवर्द्धनकालागि मानविय स्रोत विकास

तराईको वन व्यवस्थापनका जनअधिकारको सवाललाई लिएर विभिन्न चर्चा हुन थालेको अवस्थामा वन क्षेत्रवाट टाढा रहेका तर संभावित उपभोक्ताहरुका विचमा निरन्तर संवाद चलाउनका लागि त्यही वर्ग तथा स्थानका ४९ जना मानविय श्रोत वन अधिकारकर्मी छनौट गरी तालिम सञ्चालन गरीएको थियो । वुटवल र रौतहटमा सञ्चालित तालिममा कपिलवस्तु, रुपन्देही, नवलपरासी, चितवन, मकवानपुर, वारा, पर्सा, रौतहट, महोत्तरी, सर्लाही र धनुषाका सहभागीहरु रहेका थिए । तालिम पश्चात सहभागीहरुले वन अधिकारको वारेमा स्वयंसेवी रुपमा स्थानीय स्तरमा संवाद चलाएका थिए । यस अभियानमा कुनै वन व्यवस्थापन पद्धती राम्रो वा नराम्रो नभनी सवै वन व्यवस्थापन पद्धतीका विशेषता वताउने समुदायले जुन पद्धती रोज्ने हो सो रोज्नका वातावरण तयार गरीदिने मात्र थियो । यो अवधारणा तत्कालिन अवस्थामा अत्यन्त रुचाइएको थियो ।

तराईको वन अधिकारको सवाललाई लिएर राष्ट्रिय स्तरमा नीति निर्माता तह र स्थानीय तहका अनुभव तथा सिकाई आदान प्रदानको लागि राष्ट्रिय स्तरमा छलफल कार्यक्रमको सञ्चालन गरीएको थियो । यस्ता सवालगत अन्तर्क्रिया नियमित रुपमा विभिन्न संघ संस्थाहरुसँगको सहकार्यमा सञ्चालन भैरहेका छन् । यो अयिभान एक्सन एडसँगको सहकार्यमा सञ्चालन गरीएको थियो ।

# संविधान केन्द्रीत अभियानहरु

नेपालमा जनआन्दोलन भाग २ पश्चात संविधान सभा र नयाँ संविधान निर्माणको प्रक्रियाको वहस मुर्त रुपले सुरुभएको थियो । यस सञ्जालले पनि विभिन्न संस्था, महासंघहरुसँगको साझेदारीमा प्राकृतिक स्रोत माथि स्थानीय समुदायको हक सम्वन्धी व्यवस्था समावेश गर्नका लागि विभिन्न अभियानहरु सञ्चालन गरेको थियो । सवै अभियानहरुमा सामुदायिक सम्पत्ति माथी समुदायको अधिकारको विषयमा व्यापक चर्चा परिचर्चा भएको थियो । यससँग सम्वन्धीत यस सञ्जाद्वारा सञ्चालन भएका मूख्य कार्यक्रमरु निम्न अनुसारको उल्लेख गरीएको छ ।

### क. भावी संविधानमा प्राकृतिक स्रोत विषयक अन्तरसंवाद कार्यक्रम

प्राकृतिक स्रोत राष्ट्रिय परिसंघ, नेपालको सदस्य संस्थाको हैसीयतले सञ्जाल क्रियाशिल भैरहेको छ । परिसंघको उद्देश्य अनुसार भावी संविधानमा प्राकृतिक स्रोतमा जनअधिकारको सवाललाई सम्वोधन होस् भन्ने अभिप्रायका साथ विभिन्न अभियानहरु सञ्चालन गरीरहेको छ । यहि सन्दर्भमा विगत २०६६ सालमा परिसंघको आयोजना तथा सञ्जाल समेतको समन्वयमा विभिन्न ४ स्थानमा भावी संविधानमा प्राकृतिक स्रोत विषयक क्षेत्रीय अन्तरसंवाद कार्यक्रम संचालन गरीए । चरिकोट, वाग्लुङ, नवलपरासी र ईटहरीमा भएका यी क्षेत्रीय स्तरका संवादमा २८ जिल्लाका ६७९ जनाको सहभागीता रहेको थियो । यी कार्यक्रमहरुमा सभासद, राजनीतिक दलका प्रतिनिधिहरु, प्राकृतिक स्रोतमा आधारित सामुदायिक व्यवस्थापनका प्रतिनिधिमूलक संगठनका प्रतिनिधिहरु, परियोजना, विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागीता रहेको थियो । ४ ओटै स्थानमा सञ्चालन भएका अन्तरसंवादमा विषयगत विज्ञहरुवाट कार्यपत्रहरु प्रस्तुत भएको थियो ।

| क्र.सं | मिति | स्थान | स्थानीय व्यवस्थापक | सहभागी संख्या | कार्यक्रममा सहभागी भएका जिल्ला |
|---|---|---|---|---|---|
| १. | २०६६ पौष ९ | चरिकोट, दोलखा | समुदायमा आधारित वन सहजकर्ता सञ्जाल, नेपाल (COFSUN, Nepal) | २०६ | रसुवा, नुवाकोट, धादिङ, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप |
| २. | २०६६ माघ ८ | वाग्लुङ | सामुदायिक विधुत् उपभोक्ता राष्ट्रिय महासंघ, नेपाल | १६० | लमजुङ, तनहुँ, स्याङजा, कास्की, पर्वत, वाग्लुङ र म्याग्दी |
| ३. | २०६६ माघ १० | कावासोती, नवलपरासी | हिमवन्ती, नेपाल | १३४ | गुल्मी, अर्घाखाँची, पाल्पा, कपिलवस्तु, रुपन्देही, नवलपरासी |
| ४. | २०६६ माघ १७ | ईटहरी, सुनसरी | राष्ट्रिय सिचाई जल उपभोक्ता महासंघ, नेपाल | १७९ | ईलाम, झापा, मोरङ, सुनसरी र धनकुटा |

क्षेत्रीय स्तरका कार्यक्रमको मूख्य आवाज वा उद्घोषलाई राष्ट्रिय स्तरको अन्तर्क्रिया कार्यक्रम गरी सभासद, राजनीतिक दलहरुको ध्यानाकर्षण समेत गराईएको थियो ।

### ख. सामुदायिक सम्पत्ति माथि सामुदायिक हकका निम्ति वकालत कार्यक्रम

प्राकृतिक स्रोत जनसंसद कार्यक्रमसँगको सहकार्यमा संविधान सभा केन्द्रित यो अभियान सञ्चालन गरीएको थियो। यस कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरीएको थियो। यस अन्तरगत सामुदायिक सम्पत्ति माथि समुदायको अधिकारको विषयमा अवधारणा पत्र तयारी, प्रमुख राजनीतिक दलका प्रमुख तथा सचेतकहरुसँग नियमित भेटघाट तथा छलफल, नेताहरुको घरदैलो कार्यक्रम, सञ्चार माध्यमसँग वहस, छलफल तथा अन्तर्क्रिया कार्यक्रम, पत्रकार भेटघाट तथा छलफल, संविधान सभाका विषयगत समितिहरुसँग छलफल परामर्श, विभिन्न अवधारणा पत्र तथा ध्यानाकर्षण पत्रहरु तयारी जस्ता कार्यहरु भएका थिए।

**भावी संविधानमा सामुदायिक सम्पत्तिको हक विषय अन्तर्क्रिया कार्यक्रम**

संविधान सभा दोस्रो निर्वाचनको प्रक्रिया सुरु हुन गैरहेको छ। सञ्जाल लगायत प्राकृतिक स्रोतमा आधारित महासंघ तथा संस्थाहरुले विगत देखि नैं वकालत गरिरहेको सामुदायिक सम्पत्ति माथि सामुदायिक हकका विषयमा वहस तथा अन्तरसंवादको थालनी भएको छ। विगतमा निर्वाचन पश्चात मात्र यस विषयमा छलफल गरिएको थियो भने यस पटक विगतवाट पाठ सिक्दै राजनीतिक दलको निर्वाचनको घोषणा पत्र तयारी देखि नैं दलहरुसँग परामर्श तथा अन्तरसंवादको थालनी गरिएको छ। यस क्रममा कफ्सन र ग्रीन मिडिया नेपालको संयूक्त आयोजनामा मूख्य चार राजनीतिक दलका प्रतिनिधिहरुसँग अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो। यस अन्तर्क्रिया कार्यक्रममा एनेकपा माओवादीका खिमलाल देवकोटा, नेपाली कांग्रेसका डा. प्रकाशशरण महत, नेकपा एमालेका प्रदिप नेपाल र नेपाल सद्भावना पार्टीका मनिशकुमार सुनामको सहभागीता रहेको थियो। उहाँहरुले सामुदायिक सम्पत्ति माथि समुदायको हक सम्वन्धी व्यवस्था भावी संविधान सभा केन्द्रित निर्वाचनका लागि तयार गरिने घोषणा पत्र र भावी संविधानमा समेत समावेश गर्न वचनवद्धता व्यक्त गर्नु भएको थियो। त्यसै गरी प्राकृतिक स्रोत व्यवस्थापनमा स्थानीय समुदायलाई जिम्मेवार वनाउनु पर्ने धारणा समेत राख्नु भएको थियो। यस अन्तर्क्रिया कार्यक्रम प्राकृतिक स्रोत व्यवस्थापनमा आधारित महासंघहरु अन्य सरोकारवाला संघ संस्थाहरुको सहभागीता रहेको थियो।

### ग. सञ्चार माध्यम केन्द्रित अभियानहरु

यसमा विभिन्न टेलीभिजन, एफएम रेडियो तथा पत्रपत्रिकामा सामुदायिक सम्पत्ति, प्राकृतिक स्रोत व्यवस्थापमा समुदायको भूमिका सम्वन्धी वहस, छलफल अन्तर्क्रिया, लेख तथा वीचार प्रशारण तथा प्रकाशन गर्ने कार्यहरु भए। यस सञ्जालको अध्यक्ष भोला खतिवडाको सामुदायिक सम्पत्ति माथि सामुदायिक हक सम्वन्धी वीचारमा आधारित लेख राजधानी राष्ट्रिय दैनिकमा २ पटक प्रकाशन भएको थियो। यी सबै कार्यवाट सामुदायिक सम्पत्ति, प्राकृतिक स्रोतमा स्थानीय अधिकारको विषयमा व्यापक वहसमा आई सम्वन्धित पक्षहरुको ध्यानाकर्षण भएको थियो।



सामुदायिक स्रोतमाथि सामुदायिक हक

भोला खतिवडा

प्राकृतिक स्रोतका असली व्यवस्थापक समुदाय नै हुन्। उनीहरू, अबको संविधानमा प्राकृतिक स्रोतमाथि समुदायको भूमिकाको संवैधानिक पहिचान होस् र सामुदायिक स्रोत वा सम्पत्तिमाथि समुदायको हक सुनिश्चित होस् भन्ने अपेक्षा गर्दछन्। तर, अहिलेसम्मको घटनाक्रम तथा अभ्यासलाई विश्लेषण गर्दा अबको संविधानमा यी कुरा आउलान् भनी धैरैले विश्वास गर्न सकेका छैनन्।

यस सञ्जालले आफ्नो रणनीतिक योजना भित्र प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा जलावापू परिवर्तन केन्द्रीत अभियानलाई राखेको छ । त्यसैको आधारमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरीरहेको छ । पछिल्लो ४ वर्ष अगाडी देखि यस सञ्जालले यस विषयमा आफ्ना सदस्यहरुको क्षमता अभिवृद्धिमा समेत जोड दिएको छ । विभिन्न सहयोगी संस्थाहरुद्वारा सञ्चालन गर्ने तालिमहरुमा यस सञ्जालवाट प्रतिनिधित्व हुने, आवश्यकता अनुसार मानविय स्रोतहरु परिचालन गर्ने, जिल्ला शाखाको क्षमता विकासमा जोड दिने त्यसै गरी उपभोक्ता, पत्रकार, राजनीतिक दललाई सचेतीकरण गराउने कार्यहरु भएका छन् । ती मध्ये केही प्रमुख कार्यहरु तल उल्लेख गरीएकाछन् ।

**क. जलवायू परिवर्तन सचेतीकरण कार्यक्रम**

वन क्षेत्रमा स्थानीय स्तरमा सहजिकरण गर्ने विभिन्न निकायमा रहि क्रियाशिल सहजकर्ताहरुलाई जलवायू परिवर्तन सम्वन्धी सवाल वारे परिचित गराउँदै सवाललाई सम्वोधन गर्नका लागि सहजकर्ताहरुको भूमिका निर्धारण गर्न जलवायू परिवर्तन सचेतीकरण कार्यशाला गोष्ठी सञ्चालन गरीएको थियो । पश्चीम नेपालका ४ वटा जिल्ला कैलाली, वर्दिया, वाँके र दाङमा आयोजना गरीएका २।२ दिने गोष्ठीमा जलवायू परिवर्तन सम्वन्धी विषयगत विज्ञहरुले प्रशिक्षण दिनु भएको थियो । यस गोष्ठीमा वन क्षेत्रमा सहजीकरण गरीरहेका सरकारी तथा गैर सरकारी क्षेत्रमा क्रियाशिल सहयोगी, सहजकर्ता तथा कर्मचारीहरु, वन उपभोक्ताका प्रतिनिधिहरु त्यसै गरी वन तथा वातावरण क्षेत्रमा कलम चलाउने पत्रकारहरु समेतको सहभागीता रहेको थियो ।

यस गोष्ठीमा सहभागीको किसिमको वर्गीकरण गर्दा ४१ जना महिला तथा ८२ जना पुरुषको सहभागीता रहेको थियो । त्यसै गरी ती सहभागी मध्ये ११ जना सञ्चारकर्मी तथा पत्रकारहरु रहेका थिए । अन्य सहभागीहरु मध्ये सरकारी कर्मचारी, स्थानीय उपभोक्ता समूहको प्रतिनिधिमूलक संगठन सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधि, जिल्ला स्तरिय वन वातावरणको क्षेत्रमा काम गर्ने संघसंस्थाका प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।

तालिम पश्चात जलवायू परिवर्तनको सवाललाई सम्वोधन गर्ने गरी वन सहजकर्ता तथा अन्य जिम्मेवार कर्ताहरुले आफ्नो कामलाई केन्द्रीत गर्ने प्रतिवद्धता समेत जनाईएको थियो । सो अनुसार कार्य समेत भैरहेको छ । यो कार्यक्रम विश्व वन्यजन्तु कोष नेपालको आर्थिक सहयोगमा सञ्चालन गरीएको थियो ।

**जलवायू परिवर्तन नीति अन्तर्क्रिया कार्यक्रम**

नेपाल सरकारवाट जलवायू परिवर्तन नीति तयार गरी २०६७ माघ ३ गते देखि लागु भैसकेको छ तर सो नीतिका वारेमा सम्वन्धीत निकायहरुलाई जानकारी छैन भने समुदाय स्तरमा पुग्ने कुरा पनि भएन । यो अभावलाई पूरा गर्नकालागि स्वीस इन्टरकोअपरेशन हेल्भेटासको सहयोगमा १८ वटा स्थानमा जलवायू परिवर्तन नीति सम्वन्धि अन्तर्क्रिया कार्यक्रम आयोजना गरीएको थियो । ९ वटा जिल्ला स्तरमा र १ राष्ट्रिय स्तरमा गरी १० वटा अन्तर्क्रिया यस सञ्जालले सञ्चालन गरेको थियो भने वाँकी ८ वटा फेकोफन मार्फत सञ्चालन भएको थियो ।

यी अन्तर्क्रिया कार्यक्रमहरु तराई, मध्येपहाड, हिमाली ३ वटै क्षेत्रमा त्यसै गरी विकास क्षेत्रका हिसावले ५ वटै विकास क्षेत्रमा, जातजातीको हिसावले पनि उनीहरुको पहुँच हुने स्थानमा आयोजना गरीएको थियो ।

यी अन्तर्क्रिया कार्यक्रमहरुमा वन क्षेत्रका सवै सरोकारवाला तथा अधिकारवालाहरुको सहभागीता रहेको थियो । यसवाट जलवायू परिवर्तन नीतिका वारेमा जिल्ला स्तरका निकायहरुमा प्रतिनिधिहरुलाई जानकार हुने मौका मिलेको थियो । त्यसै गरी सहभागीहरुलाई ६ वटा प्रश्नहरु मार्फत यो नीतिका सकारात्मक पक्ष, समालोचना, नीति कार्यान्वयनका लागि आफुले गर्ने पहल तथा प्रतिवद्धता समेत लिखित रुपमा भएको छ । यो अन्तर्क्रिया तथा परामर्शवाट आएका विषयहरुलाई समेटेर सहयोगी संस्था स्वीस इन्टरकोअपरेशन हेल्भेटासले एक पुस्तक समेत प्रकाशन गरीसकेको छ ।

## जिल्ला स्तरिय अन्तर्क्रिया कार्यक्रमको झलक





# विभिन्न अभियानमा संलग्नता

### जनयात्रामा २०६४ संलग्नता

यस सञ्जालले आफ्नो स्थापनाकाल देखि नैं सामाजिक रुपान्तरण तथा स्रोत परिचालनसँग सम्वन्धी अभियानमा निरन्तर संलग्न भैरहेको छ। यस क्रममा गैरसरकारी संस्था महासंघको अगुवाई विभिन्न संस्था तथा महासंघको सहकार्यमा जनयात्रा आयोजना गरीएको थियो । २०६४ भाद्र २३ देखि आश्विन ४ मा आयोजना गरीएको जनयात्रामा यस सञ्जालको तर्फवाट रामकुमार गिरी सहभागी हुनु भएको थियो । उहाँ रामेछाप देखि वुटवलसम्मको रुटमा सहभागी हुनु भएको थियो । उहाँको खर्च प्रवन्धका लागि सञ्जालको सदस्यहरु तथा शुभचिन्तकहरुको आर्थिक सहयोग पुऱ्याउनु भएको थियो । त्यसै गरी रामेछापको जनयात्राको टोलीलाई काठमाडौंमा विश्राम स्थल र एक छाक खानाको व्यवस्था समेत सञ्जालवाट गरीएको थियो । विभिन्न स्थानवाट एकै पटक सुरु भएको जनयात्राको क्रममा विभिन्न स्थानमा सवालगत क्षेत्रीय अन्तर्क्रिया तथा सभा गरी वुटवलमा विशाल सभा विच समापन गरीएको थियो ।

### वन यात्रा, २०६६मा सहकार्य

सामुदायिक वन उपभोक्ता महासंघ, नेपालको आयोजना सञ्चालित वन यात्रा २०६६ (Forest Caravan 2010) मा सञ्जालको संस्थागत संलग्नता रहेको थियो। वर्दियामा भएको क्षेत्रीय सभामा सञ्जालका अध्यक्षवाट सम्वोधन भएको थियो भने नुवाकोटमा भएका कोण सभामा सञ्जालका उपाध्यक्षको सहभागीता रहेको थियो । त्यसै गरी काठमाडौंमा भएको समापन समारोहमा सञ्जालको व्यानर सहितको सहभागीता रहेको थियो । विभिन्न जिल्लाहरुमा व्यानर सहित सञ्जालको जिल्ला शाखाको सक्रिय सहभागीता रहेको थियो । कतिपय जिल्लामा वन यात्रीहरुलाई खानपिनको व्यवस्था समेत जिल्ला सञ्जालद्वारा प्रवन्ध गरीएको थियो ।

### जनसार्कमा सहभागी तथा सहआयोजक

सरकारी तर्फवाट हुने सार्क सम्मेलनको पूर्व सन्ध्या २०६३ मा नागरीकको तर्फवाट समेत जनसार्क सम्मेलन आयोजना गरीएको थियो । सो आयोजक समितिमा सञ्जाल रहेको थियो । त्यसै गरी जनसार्क आयोजनाका लागि सञ्जालको सक्रिय सहभागीता रहेको थियो ।

### वन ऐन २०४९ दोस्रो संशोधन विरुद्धको अभियान

वन स्रोत माथि स्थानीय समुदायको हक खोस्ने गरी ल्याउन लागिएको वन ऐन संशोधन विधेयकको विरुद्धमा यस सञ्जाल संस्थागत रुपमा उभिएको थियो। ऐन कानून परिवर्तनशिल हुनु पर्दछ तर त्यसको आफ्नै प्रक्रिया खास गरी अधिकारवाला तथा सरोकारवालाहरुको प्रत्यक्ष संलग्नतामा जनअधिकार प्रवर्द्धन हुने गरी गरीनु पर्दछ भन्ने कुरामा सञ्जालको विगत देखि नैं अडान रहेको छ। सोही आधारित अभियानहरुमा सञ्जालको प्रत्यक्ष सहकार्य भैरहेको छ। यस क्रममा फेकोफनले सञ्चालन गरेको आन्दोलनमा सञ्जालको ऐक्यवद्धता रहेको थियो। संविधान सभा तथा वन विभाग घेराउ कार्यक्रममा सञ्जालको तर्फवाट व्यानर सहितको उपस्थीती रहेको थियो। यस्ता सभाहरुमा सञ्जालको तर्फवाट संस्थागत दृष्टिकोण समेत राखिँदै आएको छ।

## संरक्षण क्षेत्र विस्तार विरुद्धका अभियान

समुदायलाई वाहिर पारी कुनै पनि वन व्यवस्थापनहरु प्रभावकारी रुपमा सञ्चालन हुन सक्दैनन् भन्ने कुरा पुष्टि भैसकेकोछ । स्थानीय समुदायको सहमती वेगर प्राकृतिक स्रोत व्यवस्थापनका कुनै पनि काम गर्नु हुँदैन भन्ने विश्वव्यापी मान्यतालाई कुल्चदै नेपाल सरकारले निकुञ्ज तथा संरक्षण क्षेत्र घोषणा गरेको थियो । दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लाका २२ वटा गा.वि.स.लाई समेटेर गौरीशंकर संरक्षण क्षेत्र घोषणा गरेको थियो । सो घोषणाले समुदायको अधिकार घोसिने भएकोले सञ्जालले त्यसको विरोध गरेको थियो । अभियानलाई व्यापकता दिनका लागि संघर्ष समिति वनाई अभियान चलाईएको थियो । संघर्ष समितिको सचिवमा यस सञ्जालका अध्यक्ष भोला खतिवडा रहनु भएको थियो । समुदाय, जिल्ला तथा राष्ट्रिय स्तर सम्मको अभियान पश्चात जनअधिकार स्थापित हुने गरी संरक्षण क्षेत्र व्यवस्थापनका लागि छुट्टै नियमावली वनाउने सहमती भैं सो नियमावली वनेको छ तर सो स्वीकृत हुन ढिला भैरहेको छ । यस्तै सवाल अपिनाम्पा संरक्षण क्षेत्र र वाँके राष्ट्रिय निकुञ्जमा पनि देखा परिरहेको छ ।

## सवालगत अन्तरसंवाद कार्यक्रमहरु

सञ्जालले विभिन्न सवालहरुमा वहुसरोकारवाला छलफल तथा संवाद कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । यसता अन्तरसंवाद कार्यक्रमहरु जिल्ला स्तरमा समेत सञ्चालन भैरहेकका छन् । विशेष गरी जिल्ला शाखा गठन भएका जिल्लाहरुमा सवालगत अन्तरसंवाद तथा अन्तर्क्रिया कार्यक्रमहरु सञ्चालन भैरहेका छन् । राष्ट्रिय सचिवालयले समेत विभिन्न सवाल विषयक अन्तरसंवाद कार्यक्रमरु सञ्चालन गरिरहेको छ । संभवत पहिलो पटक सामुदायिक वनमा दलित समुदायको सहभागीतको विषयमा राष्ट्रिय स्तरमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो । त्यसै गरी सामुदायिक वनमा प्रक्रीयाको मर्म हराउन थालेकोमा चिन्तीत हुँदै "शिथिल हुँदै गएको सामुदायिक वनको प्रक्रिया व्यूँत्याउने कसरी" विषयक अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो । सामुदायिक वनको गतीरोधका रुपमा देखा परेको कार्ययोजनाको अवधी समाप्तीको विषयलाई लिएर २०६९सालको सञ्जाल दिवसको सन्दर्भमा पारेर "कार्ययोजनाको अवधी १० वर्ष नैं किन" विषयक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो । सो सवालमा सवै सरोकारवालाहरुको ध्यानाकर्षण भएको थियो । सो सवाल सम्वोधनका गर्नकालागि सञ्जालले रणनीतिक दस्तावेज समूहले तयार गर्ने सो को आधारमा लामो अवधीको लागि वन हस्तान्तरण वा कार्ययोजनाको अवधी राख्ने, समूहले हरेक वर्षको साधारण सभावाट वार्षिक योजना वनाई अनवरत रुपमा काम गर्न पाउनु पर्ने धारणालाई अगाडी सारेको थियो । यसलाई सवै सरोकारवालाहरुले सकरात्मक रुपमा लिएको पाईएको छ । फेकोफनको छैटौं राष्ट्रिय परिषद्वाट तथा राष्ट्रिय कार्यमितिको डोटी वैठकको घोषणा पत्रमा समेत यही अवधारणालाई आत्मसात गरेको देखिन्छ ।

दिगो वन व्यवस्थापनमा सहजकर्ताको भूमिका, प्राकृतिक स्रोत व्यवस्थापनमा सञ्चार माध्यमको भूमिका, भावी संविधानमा सामुदायिक सम्पत्तिको हक जस्ता सवालमा आधारित अन्तरसंवाद कार्यक्रमहरु सञ्जालले नियमित रुपमा आयोजना गरिरहेको छ ।

## वन क्षेत्रको रणनीति केन्द्रीत अभियानहरु

वन विकास गुरुयोजनाको अवधी सकिएको छ । वन क्षेत्र नीति विहिन भएकोले वन मन्त्रालयले नयाँ रणनीति वनाउने कसरत गरीरहेको छ । सो नीति प्रक्रियागत तरिकाले उपभोक्ता मैत्री वन्नु पर्दछ भन्ने सञ्जालको मान्यता रहेको छ । यसैका लागि नागरीक संगठनहरुको सामुहिक छलफल निरन्तर रुपमा यस सञ्जालको कार्यालयमा हुने गरेको छ । सञ्जालले नयाँ वन रणनीति कस्तो हुनु पर्दछ भन्ने विषयमा जिल्ला स्तरमा परामर्शको कार्यक्रम समेत सञ्चालन गरीरहेको छ । यस सवालमा निरन्तर रुपमा छलफल तथा अन्तर्क्रिया गर्ने सोच रहेको छ ।

त्यसै गरी जिल्लास्तरमा सरोकारवाला निकायहरुसँगको वहुसरोकारवाला अन्तरसंवाद गर्ने कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम रहेको छ । जिल्ला स्तरिय परामर्शका लागि निम्न अनुसारको विषयमा छलफल गर्ने कार्यक्रम रहेको छ । परामर्शवाट आएका  विषय तथा सुझावहरुलाई राष्ट्रिय स्तरमा सञ्चालन हुने अन्तर्क्रिया तथा सम्वन्धीत निकायको ध्यानाकर्षण गराउने कार्यक्रम रहेको छ ।

## जिल्ला स्तरिय बहुसरोकारवाला अन्तर्क्रिया कार्यक्रम





# जिल्ला स्तरीय अधिकारवाला तथा वहुसरोकारवाला विच परामर्शका लागि अवधारणा

| विषयगत क्षेत्र तथा सवाल | सन्दर्भ |
|---|---|
| जलवायू परिवर्तन तथा समुदायको भूमिका, | विश्वमा पिरलो रुपमा हेरिएको जलवायू परिवर्तनको मारमा पर्ने वन क्षेत्रका वरीपरि रहेका समुदाय नैं हुन् । विश्वको मानचित्रमा हेर्दा वन क्षेत्रको वरीपरी वस्ने प्रायः कमजोर आर्थिक अवस्था रहेका समुदायहरु नैं पर्दछन् । जलवायू परिवर्तनको पहिलो असर गरीव तथा विपन्न वर्गहरु पर्दछन् । वनको व्यवस्थापन र जनजिविकाको साधनसँग जोडिएकोले यसलाई जलवायू परिवर्तन र समुदायको वाँच्न पाउने अधिकार को आँखावाट समेत विश्लेषण गरीनु पर्दछ । जलवायू परिवर्तनको सवाललाई सम्वोधन गर्ने प्रभावकारी एक विकल्प वन क्षेत्र हो । किनभने वन विनास तथा क्षयीकरणका कारणले भण्डै २० प्रतिशत कार्वन उत्सर्जन हुने गरेको आँकडाले देखाएको छ। यसले जलवायू परिवर्तनमा अनुकुलन तथा न्यूनिकरणमा समेत भूमिका खेल्दछ । नेपालको सन्दर्भमा जलवायू परिवर्तनको पहिलो असर वन क्षेत्रका आसपास रहेका वन क्षेत्र प्रति आश्रित वर्गहरुलाई पर्दछ। जलवायू परिवर्तनको सवाललाई सम्वोधन गर्न वन विकास तथा संरक्षण गर्नु पर्दछ भन्ने चर्चा चलिरहेको छ । यस कार्यमा समुदायले वनको संरक्षण विकास तथा दिगो व्यवस्थापन गरी अनुकुलन तथा न्यूनिकरणमा योगदान दिन सक्दछन् । समुदायको जीवन पद्धतीमा उनीहरुकै चाहनामा परिमार्जन गर्न सक्दछन् । उदाहरणका लागि दाउराको अत्यधिक प्रयोग सट्टा गोवरग्याँस वा सुधारिएको चुल्हो प्रयोग गरी कार्वन उत्सर्जनमा कमी ल्याउनसक्दछन् तर जलवायूको प्रभावलाई न्यूनिकरण गर्ने नाउमा वनमा आश्रित वर्गको परम्परागत तथा जिविका चलाउने कार्यमा कुनै पनि हालतमा हस्तक्षेप हुनु हुँदैन । समुदायलाई जलवायू परिवर्तन र यस्का असर तथा समुदायले खेल्न सक्ने भूमिकाका वारेमा जानकारी प्रवाह तथा सचेतना कार्यक्रमहरु व्यापक रुपमा सञ्चालन गर्नु पर्दछ । |

| विषयगत क्षेत्र तथा सवाल | सन्दर्भ |
| --- | --- |
| हरित रोजगार। वन उद्यम र दिगो वन व्यवस्थापन | वन क्षेत्रवाट कुल ग्राहस्थ उत्पादनमा ९ प्रतिशत योगदान रहेको छ। नेपालको कुल भुभागको करिव ४० प्रतिशत क्षेत्रफल वन छ तर यसको ग्राहस्थ उत्पादनको न्युनतम् योगदान रहेको छ । नेपालको कुल भुभागको करिव २० प्रतिशत क्षेत्रफल मात्र कुषीजन्य उपयोग भैरहेको छ । कृषी क्षेत्र नेपालीको प्रमुख पेशा भैरहेको छ । वन क्षेत्र यती धेरै अर्थात कृषि भूमी भन्दा झण्डै दोव्वर भएता पनि नेपालीको पेशा तथा जीविकाको साधान हुन सकिरहेको छैन । तर यसका संभावनाहरु प्रसस्तै छन् । वनको वैज्ञानीक व्यवस्थापन गर्न सकेमा वार्षिक रुपमा करिव १५ करोड क्यूविकफिट काठ निकाल्न सकिन्छ जवकी अहिले करिव १ करोड क्यूविकफिट निकालिने गरेको पाईन्छ । हाल वजारमा काठ हाहाकार छ । नेपालीका लागि मात्र पनि वार्षिक १० करोड क्यूविकफिट काठ आवश्यक पर्दछ । यदी वैज्ञानिक वन व्यवस्थापन गर्न सके मा नेपालीलाई आवश्यक पर्ने उपयोग पश्चात पनि करिव ५ करोड क्यूविकफिट काठ विदेश निकाशा गर्न सकिने अवस्था हुन सक्छ । दिगो व्यवस्थापन गरेर नैं रो जगार सिर्जना गर्न सकिन्छ । पछिल्लो एक अध्ययनले एक हेक्टर वन क्षेत्रवाट एक रोजगारी सिर्जना गर्न सकिने आंकडा आएको छ । यो तथ्यलाई आधार मान्ने हो भने हालको सामुदायिक वन व्यवस्थापन पद्धतीवाट करिव १७ लाख रोजगारी सिर्जना हुन सक्दछ । यसका लागि उद्यम मैत्री नीति नियमको तर्जुमा र सहजिकरणको आवश्यकता छ ।<br><br>वनमा आधारित उद्यम विकासको संभावनाको खोजी गर्दा उद्यमको २,४ महिना वा वर्षमा प्रतिफल दिन सक्ने विषय होइन । यसका लागि लामो समयको व्यवस्थापनको पद्धती सहितको रणनीतिक सोच समेतको आवश्यकता पर्दछ । सामुदायिक वनको ५ वर्षका लागि योजना वनाउने अनी पुनः नविकरण गर्ने परिपाटी विकास भएको छ । नविकरण गर्दा पनि सवै प्रक्रिया पूरा गरी स्रोत सर्भेक्षण गरी कार्ययोजनाको पुर्नलेखन समेत गर्ने परम्परा जस्तै भएको छ । समुदायसँग लामो समयको परिकल्पनामुखी सो च विकास हुन सकेको छैन । नत कुन महिना के गर्ने भन्ने योजना नैं प्रभावकारी वन्न सकेको छ । सामुदायिक वन ५ वर्षका लागि मात्र हस्तान्तरण हो भन्ने भान पर्न गैरहे को छ । उद्यम विकास तथा सामुदायिक वनको गतिशिलताका लागि समूहले रणनीतिक दस्तावेज तयार गर्ने र सो को आधारमा वन हस्तान्तरणको संझौता गर्ने अनी हरेक वर्ष समूहको साधारण सभावाट वार्षिक योजना वनाई कार्य गर्ने संस्थागत पद्धती विकास गर्नु आवश्यक हुन्छ । त्यसकारण रणनीतिक दस्तावेजका आधारमा लामो समयको लागि वन हस्तान्तरण गरेका मात्र समूहको संस्थागत विकास तथा उद्यम विकासमा योगदान पुग्न सक्दछ ।<br><br>रुख भनेकै काट्नका लागि हो । उमेर पुगेका रुख काट्ने सो स्थानमा वृक्षारोपण वा पुर्नउत्पादनको व्यवस्था गर्न सकेमा दिगो वन व्यवस्थापन तथा रोजगारीको सिर्जना गर्न सकिन्छ । यसले जिविकोपार्जनमा व्यवस्थीत, राजश्वमा वृद्धि तथा जलवायू परिवर्तनमा सवाललाई सम्वोधन गर्न समेत सकिन्छ । यसका लागि व्यवस्थापनमुखी सोचको आवश्यकता पर्दछ । रुख वाहेकका वन पैदावर तथा गैर काष्ठ वन पैदावरको सततः व्यवस्थापनमा समेत ध्यान जानु आवश्यक हुन्छ । |

| विषयगत क्षेत्र तथा सवाल | सन्दर्भ |
| --- | --- |
| अधिकारवाला तथा सरोकार वालाको सुशासनको अवस्था | राष्ट्रिय वनलाइ समुदायद्वारा व्यवस्थापन भएमा प्रभावकारी हुने कुरा पुष्टि भैसकेको छ । नेपालमा यसता समुदायमा आधारित वन व्यवस्थापन पद्धतीहरु सामुदायिक वन, कवुलियतीवन, साझेदारी वन, संरक्षण सामुदायिक वन, मध्य( वर्ती सामुदायिक वन जस्ता रहेका छन् । यस मध्येमा वन ऐन २०४९ अनुसार सामुदायिक वन उपभोक्ता समूहहरु १८ हजार गठन भै करिव १७ लाख हे.वन व्यवस्थापन गरीरहेका छन् । कानूनत सामुदायिक वनलाई स्वायत्त संस्थाको रुपमा कल्पना गरेको भएता पनि विभिन्न वाहानामा स्वायत्तता माथि प्रश्न चिन्ह खडा भैरहेका छन् । समूह भित्रका सुशासनको अभाव देखा परिरहेको छ । त्यसै गरी सामुदायिक वन अभियानमा संलग्न सरकारी तथा गैरसरकारी निकायहरुको सुशासनको सन्दर्भ समेत उठिरहेको छ। सामुदायिक वन लगायतका समुदायमा आधारित वन व्यवस्थापन पद्धतीका कारण सामुदायिक तहका सामुदायिक नेतृत्व तयार भैरहेका छन्। यसमा महिला नेतृत्वको संख्या समेत उल्लेख्य मात्रामा रहेको छ। त्यसै गरी सामाजिक तथा आर्थिक विकासमा समेत गहन भूमिका खेल्न सफल भएको छ। जसको कारण विश्वका जनसहभागीतामूलक पद्धतीवाट सञ्चालित सर्वोत्कृष्ट कार्यक्रमको सूचीमा छैटौं नं.मा नेपालको सामुदायिक वन कार्यक्रम पर्न सफल भएको छ ।<br><br>यो अभियानलाई सफल वनाउन सरोकारवाला संस्थाको भूमिका समेत गहन हुने गर्दछ । उनीहरुमा प्रभावकारी भूमिका तथा सुशासित अवस्थाले मात्र सामुदायिक वन अभियानलाई गतिशिलता दिन सक्दछ। वन क्षेत्रका अधिकारवाला तथा सरोकारवाला निकायमा सुशासन संस्थागत अभ्यास गर्न गराउन सवैको भूमिका महत्वपूर्ण हुन्छ । त्यसै गरी सहजकर्ताहरुको पनि भूमिका गहन हुन्छ । |
| सामुदायिक सम्पत्ती माथिको अधिकार | हाल सम्म संवैधानिक रुपमा सम्पत्तिका मालिकत्व २ किसिमका हुने गरेका छन् । पहिलो नीजी वा व्यक्ति र दोस्रो राज्य हो । यी वाहेक सामुदायिक सम्पत्तिको समेत सामुदायिक रुपमा व्यवस्थापन गरीरहेको छ तर यस वारेमा संवैधानिक व्यवस्था रहेको छैन । समुदायले सामुदायिक सम्पत्तिको जगेर्ना तथा व्यवस्थापनमा उल्लेख्य भूमिका निर्वाह गरी नमुनाको रुपमा स्थापित गरीसकेका छन् । यस अन्तरगत सामुदायिक वन, सामुदायिक सिचाई, सामुदायिक खानेपानी, सामुदायिक विद्यालय, गुठीहरु पर्दछन् । सामुदायिक पद्धतीवाट यसता स्रोतहरुको प्रवर्द्धन भैरहेको छ तर संवैधानिक रुपमा सामुदायिक सम्पत्ति माथि समुदायको संवैधानिक ग्यारेन्टी नहुँदा कुनै न कुनै दिन स्वामित्वको विवाद वा दोहोरो स्वामित्वका कारणले यसता स्रोतहरुको विनास हुन सक्ने संभावना हुन सक्छ । भावी संविधानमा सामुदायिक सम्पत्ति माथि सामुदायिक अधिकारका लागि स्थानीय देखि राष्ट्रिय तहसम्म छलफल तथा परामर्श गर्नु आवश्यक छ । आमसमुदायको परामर्शको आधारमा सामुदायिक सम्पत्ति माथि समुदायको अधिकारको संवैधानीक व्यवस्थाको प्रावधान राख्न पहल गर्नु पर्दछ । अन्यथा नेपाली मात्रले दशकौं देखिको अभ्यासवाट प्राप्त उपलव्धीले संवैधानिक आकार ग्रहण गर्ने मौंकावाट हामी चुक्न पुगिन्छ । |

## कफ्सन नेपाल र वन क्षेत्रका सवाल प्रति सञ्जालको दृष्टिकोण

| क्र.सं. | सवाल | सवाल प्रतिको दृष्टिकोण | सञ्जालको भूमिका |
|---|---|---|---|
| १. | सामुदायिक वनमा सुशासन | • सामुदायिक वन उपभोक्ता समूहहरु सामुदायिक वनको मूल्यमान्यता, वन ऐन, नीयमावली, निर्देशिका र सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन २०६५ अनुसार सञ्चालन हुनु पर्ने | • सामुदायिक वन अभियानलाई सुशासीत वनाउन सञ्जालको सहजीकरणको भूमिका हुनु पर्ने<br>• सामुदायिक वन अभियानलाई थप सुशासीत वनाउन आवश्यक पर्ने नीति तथा निदे र्शिकाहरु समुदायकोसँगको छलफल तथा परामर्शका आधारमा तयार गर्न समन्वकारी भूमिका खेल्ने<br>• फेकोफन र वन विभाग विचमा अन्तर्क्रिया गर्ने आवश्यक प्रक्रियामा सहमती गर्ने तथा गराउन पहल गर्ने<br>• परियोजनाहरुसँग छलफल गरी मार्गदर्शन जानकारीमूलक तथा कार्यान्वयनका लागि कार्यक्रम तर्जुमा र सञ्चालन |
| २. | सामुदायिक वन र जिविकोपार्जन | • सामुदायिक वनमा विपन्नहरुको निर्णायत्मक पहिचान हुनु पर्ने, उनीहरुको चाहनामा वनेको योजनामा समूहको कोष परिचालन हुनु पर्ने<br>• सामुदायिक वन अभियान उद्यम केन्द्रित हुनु पर्ने | • सम्पन्नता स्तरीकरणमा सहजिकरण गर्ने<br>• विपन्नमुखी कार्ययोजना तयार गर्न सहजीकरण गर्ने<br>• समूहको कोषको कम्तीमा ३५ प्रतिशत र कम विपन्नमुखी कार्यक्रम तर्जुमा तथा परिचालनमा सहजिकरण गर्ने |
| ३. | संरक्षित क्षेत्र तथा संरक्षित वन विस्तार तथा घोषणा | • समुदाय केन्द्रित वन तथा प्राकृतिक व्यवस्थापन पद्धतीहरु सञ्चालन हुनु पर्ने<br>• भएका संरक्षीत क्षेत्रहरुमा समेत जनसहभागीता वढाउनु पर्ने ।<br>• समुदाय स्तरका संरचना स्वायत्त हुनु पर्ने<br>• समुदायको व्यापक परामर्श तथा सहमती विना संरक्षण क्षेत्र तथा संरक्षित घोषणा गर्न नहुने | • भएका राष्ट्रिय वनहरु सामुदायिक वन गठनमा सहजिकरण गर्ने<br>• संरक्षण क्षेत्र भित्र रहेका सामुदायिक वनलाई स्वायत्त तथा सुशासित वनाउन सहजिकरण गर्ने |
| ४. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | • चुरे क्षेत्र प्रष्ट पहिचान हुनु पर्ने<br>• स्थानीय समुदायको भूमिका कम हुन नहुने<br>• समुदायको हक सुनिश्चीत हुनु पर्ने<br>• समुहले कार्ययोजना अनुसार काम गर्न पाउनु पर्ने<br>• वनमा आश्रित वर्गको विकल्प व्यवस्था हुनु पर्नेसमुदाय तथा सामुदायिक संस्थाहरुलाई वाहिर राखी कुनैं पनि कार्यक्रम सञ्चालन गर्न नहुने | • उपभोक्ता सशक्तिकरण तथा समन्वय |

| क्र.सं. | सवाल | सवाल प्रतिको दृष्टिकोण | सञ्जालको भूमिका |
|---|---|---|---|
| ५. | वन कार्ययोजनाको अवधी सकिएको | • जिल्ला स्तरका सा. वन क्षेत्रका अधिकारवाला तथा सरोकारवालाका प्रतिनिधिहरुको वैठक गरी समूहको स्तरीकरण गर्नु पर्ने, वन पैदावर समूह भन्दा वाहिर विक्रि नगर्ने वा वनको हैसीयत कमजोर भएका समूहहरुको अघिल्लो कार्ययोजनालाई आधार मानी स्वतः कार्ययोजनाको अवधी थपिनु पर्ने, वन स्रोत वाहिर विक्रि गर्ने समूहहरुको समूहकै परिचालनवाट समेत कार्ययोजना परिमार्जन गर्नु पर्ने, वन हस्तान्तरणको क्रममा ५,१० वर्षे अवधी अव्यवहारिक भएकोले समूहले तयार गर्ने रणनीतिक दस्तावेज तयार गर्नु पर्ने सो को आधार मा साधारण सभावाट वार्षिक योजना वनाई कार्यान्वयन गर्ने। सामुदायिक वन सधैका लागि भन्ने मर्म कार्यान्वयन हुनु पर्ने | • वन स्रोत सर्भेक्षण तथा वन कार्ययोजना परिमार्जनमा सहजिकरण गर्ने<br>• आवश्यक पर्ने मानविय स्रोतहरु तयारी तथा परिचालन गर्ने<br>• समन्वयकारी भूमिका निर्वाह गर्ने |
| ६. | भौतिक निर्माणमा सामुदायिक वन क्षेत्रको उपयोग | • सके सम्म भौतिक निर्माण तथा पूर्वाधार तयार गर्दा वन क्षेत्र प्रयोग गर्न नहुने<br>• विकल्प नभएको खण्डमा सामुदायिक वन क्षेत्र प्रयोग गर्नु पर्ने भएमा स्थानीय समुदायको सहमतीमा उनीहरुलाई हिस्सेदार वनाउने गरी भौतीक निर्माणका कार्यहरु गर्नु पर्ने<br>• सो वापतको क्षतिपुर्ती समुदायले पाउनु पर्ने | • उपभोक्ता सशक्तिकरण, संगठित गर्न गराउन सहजिकरण गर्ने<br>• अव्यहारिक कानून परिवर्तनकालागि अधिकारवाला संस्थासँग समन्वय गर्ने |
| ७. | वन रक्षक तथा फरेष्टरलाई सहजकर्ताको व्यवसायीक क्षमता तथा परिचालन, सहजकर्ताहरु वन सेवा प्रवेश | • वन सेवा (सरकारी)मा सामुदायिक वनको मर्म अनुसार तयार भएका समुदायमा स्तरमा सेवा प्रदान गर्ने सिपयूक्त मानविय स्रोतको प्रवेश गराउनु आवश्यक छ। | • समय अनुसार प्रमाणिकाहरु परिमार्जन गर्न सहयोग<br>• सामुदायिक वन सहजकर्ता सिप परिक्षणमा समन्वय |
| ८. | सहजकर्ता परिचालन तथा विमा | • कुनै पनि कार्यक्रमहरुमा सहजकर्ताहरु परिचालन गर्दा अत्यन्त न्यून पारिश्रमिक दिन वा राख्नु नहुने<br>• कुनै पनि कार्यक्रमसँग सम्वन्धीत भैं नियमित रुपमा सहजकर्ता परिचालन गर्नु पर्दा जोखिम न्यूनीकरण तथा जीवन वा दुर्घटना विमाको व्यवस्था हुनु पर्ने | • सहजकर्ताको सिपको प्रवर्द्धन तथा व्यवसायीक परिचालनमा जोड दिने<br>• कल्याणकारी कोषको अवधारणा अनुसार गठित सहकारीलाई प्रवर्द्धन गर्ने<br>• सहजकर्ताको जोखीम न्यूनीकरण तथा विमाको लागि वकालत गर्ने |

वन अभियानमा क्रियाशिल अभियानकर्मीहरु आफ्नो जीवनको अधिकांश समय वन अभियान, वन आन्दोलन, वन स्रोत माथि स्थानीय समुदायको अधिकारका विषयमा मात्र केन्द्रित गरीरहेका हुन्छौं । भविष्यको लागि आर्थिक सुनिश्चीतताको विषयमा कुनै दिन वा कुनै समय सोच्ने फुर्सद हामीलाई छैन । हामीले कहिल्यै त्यता ध्यान दिने गरेका छैनौं । के हाम्रो जिन्दगी यसरी नैं चलिरहला ? भावी दिनको लागि आर्थिक समृद्धि कसरी कायम गरीरहने ? अहिले २,४ रुपैया भएको वेलामा वचत गरीएन भने भोलीको दिनमा हाम्रो के हालत होला ? आर्थिक रुपमा भविष्यको साहार के होला ? हामी अभियानका साथमा व्यवसायीक कसरी वन्ने ? यी यक्ष प्रश्नहरुले वन अभियानर्मीहरुको संस्था समुदायमा आधारित वन सहजकर्ता सञ्जाल, नेपाल (COFSUN,Nepal) लाई पटक पटक घोचीरहेको थियो । सञ्जालले ठहर गऱ्यो की भोको पेटले सधैंभरी आन्दोलन तथा अभियान हाँक्न कदापी सकिदैंन । यसको समाधान खोज्ने क्रममा सञ्जालको दोस्रो राष्ट्रिय महाधिवेशनवाट कल्याणकारी कोषको अवधारणा लागु गर्न सफल भयो । त्यसले मात्र वन अभियानकर्मीको वृति विकास तथा आर्थिक सशक्तिकरणमा टेवा नपुग्ने देखि सहकारीको विकास गरीएको हो । यो सहकारी मार्फत आफ्ना सदस्यहरुलाई नियमित वचतका लागि वानी पार्दै थोपा थोपा रुपमा संकलन गरेको रकमले शेयर सदस्यहरुको क्षमता तथा उद्यम विकासमा लगानी गरी उचित प्रतिफल वितरण गर्दै सामुहिक हित गर्ने अवधारणा विकास गरीएको छ ।

यो सहकारी सञ्जालको अगुवाईमा मिति २०६७ आषाढ १८ गते सहकारी डिभिजन कार्यालय काठमाडौंमा दर्ता भएको छ। यसले कानूनी व्यवस्था सम्मान गर्दै प्रारम्भीक साधारण सभा २०६७ आश्विन ९ गते सम्पन्न भै आफ्नो वित्तिय कारोवारलाई सुव्यस्थीत गरीरहेको छ । हाल सम्म २ वटा साधारण सभाहरु सम्पन्न गरीसकेको छ ।

## सहकारीको भावी सोच तथा उद्देश्य

यो सहकारी शहरी केन्द्रित जसरी पनि नाफा कमाउनु पर्छ भन्ने मानसिकतावाट ग्रसित छैन। वन अभियानकर्मीहरुको सामुहिक पहल, आम्दानीको केहि प्रतिशत नियमित वचत, उचित लगानी र समुचित प्रतिफल वितरण गर्ने अभियानमा अठोटका साथ लागि पर्ने सोचमा आधारित रहेको छ। वजारका चल्तीका वित्तिय विशेषज्ञ भन्दा पनि वन आन्दोलनमा समाहित भएका व्यक्तिहरुको सामुहिक प्रयास यो सहकारी हो। यसले वन माथिको निर्भरतालाई विकल्पको रुपमा वैकल्पीक उर्जालाई प्रवर्द्धन गर्ने, रसायनयूक्त कृषि प्रणालीलाई अर्गानिक खेतीमा रुपान्तरण गर्ने तथा सदस्यहरुको व्यवसायीक दक्षता अभिवृद्धिमा आधारित अभियानहरुमा सहकार्य गर्ने सोच विकास गरे को छ। यी अवधारणामा शेयर सदस्यहरु विच लगानी गर्ने रणनीति लिएको छ। त्यसै गरी शेयर सदस्यहरुको वचत रकमलाई उचित स्थानमा लगानी गर्ने र सो लगानीले वन वातावरणमा सकरात्मक प्रभाव पार्ने क्षमता अभिवृद्धिमा समेत लगानी गर्नेछ ।

सहकारीले सञ्जाल तथा शेयर सदस्यहरु विचमा सहकारीत्वको भावाना विकास गर्नका लागि नियमित सम्वन्धीत विज्ञहरुसँग अन्तर्क्रिया, क्षमता विकास जस्ता कार्य निरन्तर रुपमा सञ्चालन गरीरहनेछ ।

## सामाजिक रुपान्तरणको लागि नागरीक नेतृत्व विकास कार्यक्रम

समाज रुपान्तरणमा महत्वपूर्ण भूमिका खेल्न सक्ने त्यहाँ रहेका नागरीक अगुवाहरु हुन् । उनीहरुमा स्पष्ट दृष्टीकोण र सो अुनसारको रुपान्तरणको खाका हुन जरुरी हुन्छ । यूवा अभियानकर्मीहरुद्धारा स्थानीय तहमा रहेका प्रचलित सामाजिक संरचनाहरुको रुपान्तरण गर्दै सामाजीक रुपान्तरण गर्न सकिन्छ । यसका लागि सर्वप्रथम समाजिक संरचनामा रहेका नेतृत्वकर्ता रुपान्तरित हुनु पर्दछ र उनीहरुको रुपान्तरणमूखी अभियानहरुका कारण सामाज रुपान्तरण हुन सक्दछ । यसकारण दृष्टिकोण वा परिकल्पना सहितको नागरीक नेतृत्व तयार गर्ने अभिप्रायका साथ यो अभियान सञ्चालन गरीएको थियो । यो कार्यक्रम द एसिया फाउण्डेशनको आर्थिक सहयोगमा सञ्चालन भएको थियो । विगत २०६३ माघ देखि १ वर्ष सम्म सञ्चालन भएको थियो । रसुवा, नुवाकोट, गुल्मी र अर्घाखाँची जिल्लाका १२ वटा गा.वि.स. मा संचालन गरीएको थियो । हरेक गाउँ विकास समितिमा १,१ जना महिला पुरुषलाई अभियानकर्मीको रुपमा विकास गरीएको थियो । यस कार्यक्रम अन्तरगत छनौट भएका गा.वि.स.का अभियानकर्मीहरु मार्फत सामजिक परिचालनका अभियानहरु सञ्चालन गरीएको थियो ।

## फेकोफनको संस्थागत अवस्था विश्लेषण कार्यक्रम

नेपालको सवै भन्दा ठुलो तथा सशक्त संस्था सामुदायिक वन उपभोक्ता महासंघ नेपालको संस्थागत अवस्था विश्लेषण गर्ने अभिप्रायको साथ यो कार्यक्रम सञ्चालन भएको थियो ।  आरआरआईको आर्थिक सहयोगमा सञ्चालित यस कार्यक्रम अन्तरगत संस्थागत विश्लेषणको औजार तयारी गरी २० वटा जिल्ला महासंघ स्तरमा अवस्था विश्लेषण गरीएको थियो । त्यसै गरी राष्ट्रिय स्तरका सरोकारवाला वन मन्त्रालय, वन विभाग, विभिन्न परियोजना, नागरीक संगठनहरुको प्रतिनिधि, वन विज्ञहरुको सामुहिक छलफलवाट फेकोफनको संस्थागत अवस्थाको लेखाजोखा गरीएको थियो । यस क्रम फेकोफनको राष्ट्रिय सचिवालयमा कार्यरत कर्मचारीहरुसँग समेत छुट्टै अवस्था आंकलन गरीएको थियो । महासंघको राष्ट्रिय कार्यसमितिको लुम्ले वैठकमा समेत स्व अवस्था विश्लेषण गरीएको थियो । सो सवैका आधारमा विज्ञ टोलीवाट विश्लेषणात्मक दस्तावेज तयार गरी महासंघलाई वुझाइएको थियो । यो कार्यक्रम १ वर्ष सम्म सञ्चालन  भएको थियो ।

## तराईका सामुदायिक वनमा सामाजिक परिचालन कार्यक्रम

तराईका सामुदायिक वनमा विभिन्न सवालहरु देखा परिरहेका छन् । ती सवालहरुलाई सम्वोधन गर्नका लागि सामाजिक परिचालनको विकल्प नभएको महशुष गरी एक अवधारणा तयार गरीयो । सो अवधारणा अनुसार आरआरआईसँगको सहकार्यमा एक वर्ष सम्म अभियानको रुपमा सञ्चालन गरीएको थियो । सवालग्रस्त सामुदायिक वन भएका जिल्लाहरुलाई छनौट गरी यो कार्यक्रम सञ्चालन गरीएको थियो । वाँके, वर्दिया, कैलाली, कञ्चनपुर, वारा, मकवानपुर, सर्लाहीमा यो कार्यक्रम सञ्चालन गरीएको थियो । यस कार्यक्रम अन्तरगत छनौट भएका सहजकर्ताहरुलाई मोडुलर रुपमा तालिम मार्फत क्षमता अभिवृद्धि गराई सामुदायिक वनमा सामाजिक परिचालनको अभियान सञ्चालन गरीएको थियो । यस अभियान अन्तरगत समूहमा सुशासन आंकलन, विपन्नमुखी

कार्यक्रम तर्जुमा तथा स्रोत परिचालन, सार्वजनिक सुनुवाई तथा जनलेखा परिक्षण, मध्यवर्ती तथा साझेदारी सचेतीकरण अभियान जस्ता क्रियाकलापहरु सञ्चालन भएका थिए। यसै कार्यक्रम अन्तरगत वन अभियान खुराक पुस्तक लगायत अन्य वन अधिकारका विषयमा प्रचार प्रसार सामाग्रीहरु समेत प्रकाशन गरीएको थियो । यी प्रकाशनहरु वन क्षेत्रका अन्य सरोकारवाला निकायहरुवाट समेत माग भैरहेको छ ।

**सामुदायिक वनको प्रभाव अध्ययन सम्वन्धी सर्भेक्षण कार्यक्रम**

नेपाल सरकार वन तथा भुसंरक्षण मन्त्रालयको समन्वय तथा नेतृत्वमा विभिन्न दातृ निकायहरुको सहयोगमा नेपालको सामुदायिक वनको प्रभाव अध्ययनको कार्य भएको थियो । सो अध्ययन मेरी होव्ले एण्ड एसोसियट, हडेक र इआरआईको संयूक्त सहकार्यवाट भएको थियो । यस अध्ययनको क्रममा नेपालका ४७ जिल्लाका १३७ सामुदायिक वन उपभोक्ता समूह र ती समूह भित्रका २३०० घरधुरी स्तरमा अध्ययन गरीएको थियो। अध्ययनको फिल्ड सर्भेक्षणका कार्य यस सञ्जालको अगुवाइमा वन विभाग अन्तरगतका संरचनामा क्रियाशिल १२ जना, फेकोफन अन्तरगत संचरनाका ५ जना र सञ्जाल अन्तरगत संरचनाका १७ गरी ३४ जना सर्भेक्षकहरु परिचालन भएका थिए । पाँचै विकास क्षेत्रमा १, १ जना सुपरिवेक्षकहरु समेत परिचालन भएका थिए । सुपरिवेक्षकहरु सरोजकुमार पाण्डे, अजयविक्रम मानन्धर, चुपवहादुर थापा, जानकी चापागाई र उषा के.सी. हुनुहुन्थ्यो ।

स्थलगत रुपमा परिचालन हुने सर्भेक्षणकर्ताहरु र सुपरिवेक्षकहरुलाई सर्भेक्षणको तौरतरिका तथा अभिप्राय वारे परिचित तुल्याई सर्भेक्षण कार्यलाई प्रभावकारी वनाउनको लागि पाँचैवटा (मध्यपश्चिम र सुदूरपश्चिम विकासक्षेत्रको एकै स्थान तथा मितिमा कोहलपुरमा भएको थियो। त्यसै गरी अन्य विकास क्षेत्रको काठमाडौं, धनकुटा, पोखरामा आयोजना गरीएको थियो । ती स्थानहरुमा ३,३ दिने अभिमुखीकरण गोष्ठी सञ्चालन गरीएको थियो । यी सर्भेक्षणको कार्यमा ५ जना सुपरिवेक्षक मध्ये २ जना महिला र सर्भेक्षक मध्ये १२ जना महिला रहेका थिए । त्यसै गरी सर्भेक्षकहरु सकेसम्म समावेशी गराउने प्रयास गरीएको थियो । सर्भेक्षकहरु सामुदायिक वन सम्वन्धी अनुभवी तथा तालिम प्राप्त कम्तीमा प्रवेशिका उतिर्ण भएका दलित, जनजाती, मधेशी, मुस्लीम तथा अल्पसंख्यकहरुलाई छनौट गरीएको थियो। सञ्जालले यी सर्भेक्षक छनौटका लागि टास्क फोर्सको निर्णय अनुसार को संख्यामा वन विभाग र फेकोफनलाई अनुरोध गरी समन्वय गरीएको थियो। सोही अनुसार सवै सर्भेक्षकहरु सम्वन्धीत विकास क्षेत्रमा क्रियाशिलहरु नैं छनौट गरीएको थियो। सञ्जाल आफैले छनौट गर्ने सर्भेक्षकहरु संभव भए सम्म सक्रिय जिल्ला शाखाको सिफारिसमा छनौट गरीएको थियो ।

**तस्वीर आफै बोल्छ**



# सञ्जालद्वारा सञ्चालन भएका मुख्य कार्यक्रमहरु तालिकामा

| क्र.सं. | कार्यक्रमको नाम | समयावधी | मुख्य उपलव्धी | सहयोगी तथा सहकार्य भएका निकाय |
|---|---|---|---|---|
| १. | सामुदायिक वनमा दलितको सहभागीता र सहयोगीको भूमिका विषयक अन्तर्क्रिया | २०६२ जेष्ठ ३० | • सामुदायिक वनका सरोकारवाला तथा अधिकारवाला निकायका प्रतिनिधिहरुको जमघट र सवालमा ऐक्यवद्धता<br>• संस्थागत पहिचान | LFP, NSCFP |
| २. | हानी नगरौं खाका प्रशिक्षक प्रशिक्षण तालिम | २०६२ पौष १४ देखि २० | • विभिन्न संघसंस्थाहरुसँग सहकार्यको विकास<br>• संस्थामा आर्थिक संकलन | प्रति सहभागी रु.१०,००० लिईएको १६ जनाको सहभागीता |
| ३. | प्राकृतिक श्रोत व्यवस्थापनमा समुदायको भूमिका र सवाल विषयक स्थलगत अध्ययन भ्रमण | २०६३ आषाढ १ देखि ५ | • विभिन्न नागरीक संगठन, राजनैतिक दल, पत्रकार, वन विभाग, पेशागत संगठनसँग भाईचारा सम्वन्ध कायम<br>• सवाल प्रति ध्यानाकर्षण | PAC/FECOFUN |
| ४. | सामुदायिक वन अन्तराष्ट्रिय सञ्जालको सम्मेलनमा नेपालमा सामुदायिक वन प्रकृया नाटक प्रदर्शन (१ घण्टा) | २०६३ कार्तिक १५ | • विदेशीहरु पनि सामुदायिक वनको प्रकृया वारे जानकारी प्राप्त,<br>• सञ्जालको पहिचानमा अभिवृद्धि | फेकोफन र एशिकाफोक |
| ५. | तराईमा जनसहभागीतामूलक वन व्यवस्थापनका लागि मानविय श्रोत विकास कार्यक्रम<br>क.तालिम वुटवलमा<br>ख.तालिम चन्द्रनिगाहपुरमा | <br>०६३।८।१८(२४<br>०६३।८।२१(२७ | • तराईमा जनसहभागीतामूलक वन व्यवस्थापन पद्धतीको वकालत गर्ने अभियानकर्मीहरु तयार<br>• यो तालिममा धनुषा देखि पश्चीम कपिलवस्तु सम्ममा तराईका ४९ जनाको सहभागीता रहेको थियो । | ACTION AID |
| ६. | तराईमा जनसहभागीतामूलक वन व्यवस्थापन विषयक राष्ट्रिय गोष्ठी | २०६३ पौष ४ | • तराईमा जनसहभागीतामूलक वन व्यवस्थापनको लागि सहयोगी निकायहरुको भूमिका निर्क्यौल र प्रतिवद्धता | |
| ७. | सामुदायिक वन सहजकर्ता सिप परिक्षण प्रमाणिका कार्यक्रम तयार | २ वर्ष | • सवै सरोकारवाला निकायहरुको संलग्नतामा सिप प्रमाणिका तयार र स्विकृती | NSCFP,LFP,CARE, CTEVT, DoF, FECOFUN |

| क्र.सं. | कार्यक्रमको नाम | समयावधी | मुख्य उपलब्धी | सहयोगी तथा सहकार्य भएका निकाय |
|---|---|---|---|---|
| ८. | समाज रुपान्तरणको लागि नागरीक नेतृत्व विकास कार्यक्रम (४ जिल्लामा) | १ वर्ष | • विषयगत सचेत नागरीक समूह गठन र परिचालन<br>• नागरीकको कार्यक्रम र चाहनामा गा.वि.स.ले आर्थिक सहयोग गर्नु<br>• नागरीक नेतृत्वहरु तयार हुनु | The Asia Foundation |
| ९. | सामुदायिक वन प्रभाव मूल्यांकन कार्यक्रम | १ वर्ष | • ४७ जिल्लाको १३७ समूहका २३०० घरधुरीको सर्भेक्षणका लागि ३९ जना मानविय स्रोत परिचालन | HURDEC |
| १०. | फेकोफन संस्थागत मूल्यांकन कार्यक्रम | १ वर्ष | • संस्थागत अवस्थाको मूल्यांकन<br>• संस्थागत पहिचान | RRI |
| ११. | परियोजनाका उपलव्धीको अभिलेखिकरण कार्यक्रम | ६ महिना | • प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण कार्यक्रमका उपलव्धीलाई अभिलेखीकरण गर्ने<br>• परियोजनालाई आवश्यक पर्ने सामाग्री लेखन तथा प्रकासन | TMF/FECOFUN |
| १२. | तराईका सामुदायिक वन सामाजिक परिचालन कार्यक्रम | १ वर्ष | • मानविय स्रोत विकास<br>• सामुदायिक अभियान | RRI |
| १३. | सामुदायिक वन सहजकर्ता सिप प्रमाणिका परिमार्जन कार्यक्रम | १ वर्ष | • सामुदायिक वनको परिवर्तित अवस्था अनुसारको सिप प्रमाणिका परिमार्जन | LFP, NSCFP, MEDEP |
| १४. | सामुदयिक सम्पत्ति माथि समुदायिक हक सम्वन्धी अभियान | ६ महिना | • अभियान<br>• सवालले वहसमा व्यापकता | RRI |
| १५. | जलवायू परिवर्तन नीति अन्तर्क्रिया कार्यक्रम | ६ महिना | • नीतिका वारेमा जिल्ला स्तरमा जानकारी प्रवाह | Swiss/IC/Helvetas |
| १६. | वन सुशासनका लागि वहुसरोकारवाला अन्तरसंवाद कार्यक्रम | १ वर्ष | • अन्तरसंवाद<br>• संचार अभियान | RRI |
| १७. | सामुदायिक वन सहजकर्ता सिप परिक्षण प्रभवाकारीता प्रवर्द्धन कार्यक्रम | ६ महिना | • सहजकर्ता सिप परिक्षणको व्यापकता | MSFP |
| १८. | सामुदायिक वन सहजकर्ता सिप परिक्षण कार्यक्रम | निरन्तर | • हाल सम्म २३२ सहजकर्ताहरुको सिप परिक्षण<br>• सरकारी सेवामा प्रवेशको आधारमा सिप परिक्षा समावेश भैं लोकसेवा आयोगमा परिक्षा संचालन | विभिन्न सहयोगी संस्था, तथा सहजकर्ताहरुको व्यक्तिगत लगानी समेत |

# सञ्जाललाई प्राप्त तथा सञ्जालद्वारा प्रदान गरीएको सहयोग

यस सञ्जालको प्रवर्द्धनका लागि अवधारणा विकास देखि हालसम्म पनि विभिन्न व्यक्ति तथा संघसंस्था परि योजनाको ठुलो योगदान रहेको छ । संस्थागत सहयोगको विवरण विभिन्न खण्डमा आईसकेको छ तर यस सञ्जालले आत्मसात गरेको पथमा हिड्नका लागि तथा थप हौसला प्रदान गर्नका लागि विभिन्न व्यक्तिहरुले व्यक्तिगत रुपमा समेत आर्थिक सहयोग गरीरहनु भएको छ । त्यसै गरी यस सञ्जालले समेत विभिन्न अभियानमा तथा सदस्यहरुको व्यक्तिगत घटनाहरुमा समेत सहयोग गरीरहेको छ। त्यसको प्रमुख विवरण यहाँ समावेश गरीएको छ ।

## सञ्जाललाई प्राप्त सहयोग

| क्र.सं. | सहयोगको प्रयोजन | सहयोगकर्ता | सहयोग रकम वा प्रकार | कैफियत |
|---|---|---|---|---|
| १. | सुरुवाती गतिविधि | तदर्थ समिति (७ जना) | ३५००। | जनही रु. ५०० सहयोग |
| २. | केन्द्रीय भेला व्यवस्थापन | चुपवहादुर थापा, नवराज दाहाल | चिया नास्ताको व्यवस्था | |
| ३. | पत्रिकाको ग्राहक | विभिन्न व्यक्ति | | |
| ४. | कम्प्यूटर खरिद | विभिन्न व्यक्तीहरु | २९,७१५। | नगद सहयोग |
| ५. | जनयात्रामा प्रतिनिधी व्यवस्थापन | विभिन्न व्यक्तिहरु | १७७५। | |
| ६. | सूचना पार्टीको व्यवस्था | भोला खतिवडा, राजकुमार खड्का र रविन | सूचना पाटी | |
| ७. | दोस्रो महाधिवेशन सहयोगार्थ | लक्ष्मी पौडेल | २०,०००। | |
| ८. | दोस्रो महाधिवेशन सहयोगार्थ | वाँके कफ्सन | ५०००। | |
| ९. | दोस्रो महाधिवेशन सहयोगार्थ | वर्दिया कफ्सन | ३१५१। | |
| १०. | दोस्रो महाधिवेशन सहयोगार्थ | कैलाली कफ्सन | ५५५५। | |

## सञ्जालद्वारा प्रदान गरीएको सहयोग

| क्र.सं. | सहयोगको प्रयोजन | सहयोग प्राप्त व्यक्ति वा संस्था | सहयोग रकम रु.मा | कैफियत |
|---|---|---|---|---|
| अभियानमा आधारित सहयोग | | | | |
| १. | भूमि अधिकार अभियान प्रवर्द्धन | राष्ट्रिय भूमि अधिकार मञ्च | ५५५५। | सम्मेलनका लागि |
| २. | वन संरक्षणका क्रममा घाइतेको उपचारार्थ सहयोग | नन्ददेवी कुँवर, कैलाली मालती प्रस्तावित.सा.व. अध्यक्ष | ५०००। | तस्करवाट खुँडा प्रहार गरी शक्त घाइते भएकोले उपचारार्थ सहयोग |
| ३. | फेकोफन भवन निर्माण सहयोग | फेकोफन रा. सचिवालय | २२२२२। | |

| क्र.सं. | सहयोगको प्रयोजन | सहयोग प्राप्त व्यक्ति वा संस्था | सहयोग रकम रु.मा | कैफियत |
|---|---|---|---|---|
| कल्याणकारी कोषको अवधारणा अनुसार सञ्जालका सदस्यहरुलाई भवितव्यमा सहयोग | | | | |
| ४. | उपचारार्थ सहयोग | ढुण्डीराज भट्टराई, प्यूठान | ५५५५। | सिप परिक्षा दिएर फर्कने क्रममा गाडी दुर्घटना भै खुट्टा गुमेको |
| ५. | उपचारार्थ सहयोग | ओम पौडेल, सञ्जाल बाँके अध्यक्ष | ५५००। | उच्चरक्तचापको कारणले गम्भिर विरामी |
| ६. | उपचारार्थ सहयोग | गणेश पौडेल, केन्द्रीय अनुगमन समिति सदस्य | १०,०००। | दुर्घटना भै गंम्भिर विरामी |

**कफ्सन नेपालको दोस्रो महाधिवेशनमा आर्थिक सहयोग गरेवापत तत्कालिन वन मन्त्री किरण गुरुङबाट सम्मान ग्रहण गर्दै कफ्सन बाँकेका अध्यक्ष ओम पौडेल**



# सञ्जाल र प्रकाशन

यस सञ्जालका आफ्ना गतिविधि तथा दृष्टिकोणमा आधारित विभिन्न प्रकाशनहरु गरीरहेको छ । यस क्रममा सञ्जाल परिचयका ४ वटा श्रृखलाहरु प्रकाशन भैसकेका छन् । त्यसै सहजकर्ता तथा सामुदायिक वनलाई सहयोगी स्रोत पुस्तिकाको रुपमा विभिन्न प्रकाशन गरीरहेको छ । केही प्रमुख प्रकाशनहरुको झलक निम्न अनुसार रहेको छ ।

**सामाजिक  रुपान्तरणका लागि नागरीक नेतृत्व विकास पाठ्क्रम**

परिकल्पना सहितको नागरीक नेतृत्वकर्ताले मात्र समाज रुपान्तरण गर्न सक्छ भन्ने अभिप्रायका साथ यो पाठ्यक्रम तयार गरीएको थियो । तत्कालिन अवस्थामा यो पाठ्यक्रमको सामाजिक रुपान्तरणमा क्रियाशिल संघसंस्था तथा सहजकर्ताहरुले अत्यन्त रुचाएका थिए । यस पुस्तकमा व्यक्ति नेतृत्व विकासका लागि आवश्यक पर्ने सूचकहरु समावेश गरी त्यसका लागि आवश्यक पर्ने सहयोगी सामाग्रीहरु समेत समावेश गरीएको थियो ।

**वन अभियान खुराक**

वन अधिकारको अभियानलाई व्यापक प्रवर्द्धन गर्नका लागि सहयोग पु¥याउनका लागि यो पुस्तक सञ्जालले प्रकाशन गरेको थियो । यसको सान्दर्भिकतालाई व्यापकता दिन लेखकीय कार्य सञ्जालवाट गरी प्रकाशनमा हिमवन्तीसँग सहकार्य गरीएको थियो । यो पुस्तक वन अभियानमा सहयोगीसिद्ध सामाग्रीको रुपमा विकास भएको छ । यसमा समावेश गरीएका सामाग्रीहरु अन्य संघसंस्थाहरुले समेत साभार गरी प्रकाशन गरीरहेका छन् ।

**स्रोत पुस्तीका**

सामाजिक परिचालनका लागि आवश्यक पर्ने सान्दर्भिक लघुकथा, चुट्किला, खेल अभ्यास, उखानटुक्का, चित्र जस्ता सामाग्रीहरु समावेश गरी पुस्तक प्रकाशन गरीएको थियो । फेकोफन र सञ्जालको संयूक्त प्रयासवाट तयार तथा प्रकाशन गरीएको थियो ।

**सञ्जालका विधान, नियमावली तथा प्रतिवद्धताहरुको संगालो**

सञ्जालका आफ्नो परिवर्तित विधान, सांगठनिक नियमावली, कल्याणकारी कोष परिचालन नियमावली, सञ्जालका विभिन्न उद्घोष गरीएका सामाग्रीहरुको सँगालो प्रकाशन भएको छ । यसले सञ्जालका संस्थागत सुदृढिकरणमा महत्वपूर्ण योगदान पुगेको छ ।

**अन्य प्रकाशनहरु**

सञ्जालको सवालगत अवधारणालाई समेत समेटेर विभिन्न प्रकाशनहरुमा लेख तथा आलेखहरु दर्जनौं प्रकाशन भएका छन् । विशेष गरी राजधानी दैनिक, हाम्रो वन सम्पदा, प्राकृतिक सम्पदा, जन सम्पदा, तामाकोशी सन्देश जस्ता अन्य निकायहरुका प्रकाशनमा सञ्जालद्वारा तयार गरीएको दस्तावेज तथा लेखहरु प्रकाशन भएका छन् ।

# सञ्जाल र सञ्चार माध्यम

सञ्जालका अभियान तथा गतिविधिहरुले सञ्चार माध्यमहरु राम्रो स्थान पाइरहेको छ। सञ्जालका पदाधिकारीहरु नियमित रुपमा सञ्चार माध्यममा छाइरहेका छन् । वन अभियानलाई थप प्रभावकारी वनाउनका लागि यस सञ्जालले पत्रकारहरुसँग नियमित छलफल तथा परामर्श गरीरहेको छ । यसैको प्रतिफल स्वरुप वन वातावरण क्षेत्रमा चासो राख्ने पत्रकारहरुको सामुहिक छलफलवाट ग्रीन मिडिया नेपाल नामक संस्था स्थापना भएको छ। काठमाडौं स्थीत टेलीभिजन तथा छापामा कार्यरत सञ्चारकर्मीहरु यस ग्रीन मिडिया आवद्ध रहेका छन् । ग्रीन मिडिया नेपालको अवधारणा विकास देखि हाल सम्म पनि सञ्जालले सदैव सहकार्य गरीरहेको छ ।

सञ्जालले उठान गरेका सवालमा आधारित लेखहरु विभिन्न राष्ट्रिय पत्र पत्रिकामा प्रकाशन भएका छन् । त्यसै गरी वन वातावरणसँग सम्वन्धीत विभिन्न जरनलहरुमा समेत सञ्जालले दृष्टिकोणहरु प्रकाशित भएका छन् । विशेष गरी सामुदायिक सम्पत्ति माथि सामुदायिक हक, भावी संविधानमा सामुदायिक हक, हावाको व्यापार र वन अधिकार, वन कार्ययोजनको गतिरोध अन्त्यका लागि रणनीति दृष्टिकोणका आधारतमा वन हस्तान्तरण, समृद्धिका लागि प्राकृतिक स्रोत अधिकतम् तथा वुद्धिमतापूर्वक उपयोग, लोकतन्त्र जोगाउन स्थानीय निर्वाचन जस्ता विषयमा लेखहरु प्रकाशित भएका छन् । यी लेखहरु राजधानी दैनिक लगातका विभन्न पत्र पत्रिकामा प्रकाशन भएका थिए । वीचार तथा दृष्टिकोण प्रधान यी लेखहरु वन क्षेत्रमा वहसका लागि सहायक भएका छन् । वन कार्ययोजनाको अवधीको विषयमा सञ्जालले उठाएको सम्वोधनको उपायमा सवै सरोकारवाला निकायहरुको सहमती रहेको पाइएको छ । त्यसै गरी समृद्धिका लागि ढुँगा माटो, वनको उपयोगको सवालले वहसमा स्थान पाइरहेको छ ।  त्यसै गरी सवालगत अभियान तथा यात्रा संस्मरण तामाकोशी सन्देश मार्फत नियमित प्रकाशन भैरहेको छ ।

गौरीशंकर संरक्षण क्षेत्र र समुदायको अधिकार नामक लेख फरेष्ट एक्सनद्वारा प्रकाशित हाम्रो वन सम्पदामा, संघियतामा प्राकृतिक स्रोत नामको लेख प्राकृतिक सम्पदामा, गौरीशंकर क्षेत्रमा वन अधिकार लेख प्राकृतिक सम्पदामा, हावाको व्यापारमा समुदायको अधिकार लेख रसुवा साप्ताहिकमा प्रकाशन भएको छ । विभिन्न अनलाईनहरुमा समेत नियमित रुपमा विचार, गतिविधिहरु प्रकाशन भैरहेका छन् ।

प्राकृतिक स्रोत व्यवस्थापनका सवालमा स्थानीय समुदायको हक सुनिश्चीताका लागि राजनीतिक दलहरुलाई ध्यानाकर्षणका लागि सम्वन्धीत पार्टीहरुको प्रकाशनमा विचार सहितको लेख प्रकाशन गर्ने प्रयास भएको छ । यस क्रममा विभिन्न तहका संरचनाहरुले प्रकाशन गर्ने सामाग्रीहरुमा समावेश गर्ने कार्य भैरहेको छ ।

सञ्जालका अभियान, गतिविधि तथा दृष्टिकोण विद्युतिय, छापा, तथा रेडियोहरु मार्फत वाहिर आइरहेको छ । सञ्जालका अध्यक्ष भोला खतिवडाको सगरमाथा टिभी र तराई टिभीवाट सवालमा आधारित अन्तरवार्ता प्रत्यक्ष प्रशारण समेत भैसकेको छ। त्यसै गरी नेपाल भरका दर्जनौं एफएम रेडियोवाट सञ्जालका गतिविधिहरु प्रशारण भएको छ ।

## सञ्जाललाई प्राप्त अन्य केही महत्वपूर्ण अवसरहरु

यस सञ्जाललाई विभिन्न सहयोग संस्थाले विविध प्रकारका अवसरहरुमा सहभागी हुने मौका मिलेको छ। यी अवसरहरु कफ्सनके आफ्नो संस्थागत विकासमा सहायक सिद्ध भएका छन्। ती अवसरहरु मध्ये केहीको विवरण निम्न अनुसार रहेको छ।

### भारत भ्रमणमा सहभागी

परिवर्तनका लागि कार्यरत महिला समूह (वाच)को आयोजनामा २०६१ भाद्र ७-१४ गते सम्म भारतको उडिसामा सञ्चालन भएको सामुदायिक वन सम्बन्धी अध्ययन भ्रमणमा यस सञ्जालको तर्फबाट तत्कालिन स्थायी समिति सदस्य ठाकुर भण्डारी र राष्ट्रिय कार्य समिति सदस्य चन्द्रा बोहोरा सहभागी हुनु भएको थियो।

### अन्तर्राष्ट्रिय गोष्ठीमा सहभागी

इसिमोडको आयोजना गोदावरी भिलेज रिसोर्टमा Capitalization and Sharing of Experiences on the Interaction between Forest Policies and Land-use Pattern in Asia नामक क्षेत्रीय गोष्ठि २०६१ मघ १२-१४ सम्ममा सचिव अजयविक्रम मानन्धर सहभागी हुन गएको थियो।

### अन्तर्राष्ट्रिय तालिममा सहयोगी सहजकर्ताको रुपमा सहभागी

Forest Action / RECOFTC बैंककद्वारा आयोजित २०६२ चैत्र ७ - १८ गते सम्म सञ्चालित "International Training on Introducing Community Forestry : Innovative Ideas Practices & Methodology" मा महासचिव अजयविक्रम मानन्धर सहयोगी सहजकर्ताको रुपमा सहभागी हुनु भएको थियो।

### चौथो सामुदायिक वन राष्ट्रिय कार्यशाला गोष्ठिमा सहभागी

वन विभाग, सामुदायिक वन महाशाखाको आयोजनामा २०६१ श्रावण २०-२२ मा सञ्चालन भएको चौथो सामुदायिक वन राष्ट्रिय कार्यशाला गोष्ठिमा यस सञ्जालका अध्यक्ष श्री भोला खतिवडा सहभागी हुनु भई कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

### पाँचौ राष्ट्रिय कार्यशाला गोष्ठीमा सहभागी तथा सहजकर्ता

पाँचौं सामुदायि वन राष्ट्रिय कार्यशाला गोष्ठी २०६५ (कार्तिक २४ देखि २६) मा यस सञ्जालवाट सिप परिक्षण सम्वन्धी कार्यपत्र प्रस्तुत गरीएको थियो। त्यसै गरी सञ्जालका अध्यक्ष भोला खतिवडाले कार्यशालाको सहजकर्ताको भूमिका निर्वाह गर्ने अवसर प्राप्त भएको थियो। कार्यशालामा सञ्जालको तर्फवाट भोला खतिवडा, अजयविक्रम मानन्धर, विना श्रेष्ठ र द्रोणराज पौडेल गरी ४ जनाको संस्थागत प्रतिनिधित्व रहेको थियो।

### सामुदायिक वन प्रथम अन्तराष्ट्रिय कार्यशालामा सहभागी

प्रथम सामुदायिक वन अन्तराष्ट्रिय कार्यशालामा सञ्जालका अध्यक्ष भोला खतिवडा सहभागी हुनु भएको थियो। यो कार्यशाला सेप्टेम्वर १५ देखि १८, २००९ मा पोखरामा भएको थियो। यस कार्यशाला नेपाल लगायत ३० भन्दा वढि देशका २०० जना वढिको सहभागीता रहेको थियो।

**सामुदायिक वन अन्तराष्ट्रिय सञ्जालको सम्मेलनमा सहभागी**

२०६३ कार्तिकमा नेपालमा आयोजित यो सम्मेलनमा सञ्जालका तर्फवाट कोषाध्यक्ष विना श्रेष्ठको सहभागीता रहेको थियो । यस सम्मेलनमा विभिन्न देशकका प्रतिनिधिहरु रहेको थिए । सामुदायिक वन अन्तराष्ट्रिय सञ्जालको खाका समेत तयार गरीएको थियो । यस सम्मेलनमा कफ्सन नेपालले सामुदायिक वनको प्रक्रिया सम्वन्धी १ घण्टा लामो नाटक प्रदर्शन गरीएको थियो ।

**क्षेत्रीय वन संवाद कार्यक्रम सहभागी**

आर आर आइको आयोजनामा काठमाडौंको वुढानिलकण्ठमा आयोजना भएको अन्तराष्ट्रिय स्तरको अन्तरसंवाद कार्यक्रममा अध्यक्ष भोला खतिवडा र महासचिव अजयविक्रम मानन्धर सहभागी हुनु भएको थियो ।

**रेड प्लस सम्वन्धी अन्तराष्ट्रिय कार्यशाला**

रिकफ्ट र फेकोफनको आयोजनामा धुलिखेलमा सञ्चालित  अन्तराष्ट्रिय स्तरको कार्यक्रममा सञ्जालका अध्यक्ष भोला खतिवडाको सहभागीता जनाउनु भएको थियो । त्यस कार्यशालामा नेपाल, थाइलैण्ड, लाओस, भियतनामका सहभागीहरु रहेका थिए ।

**सामुदायिक वन संगठन सुदृढिकरणका लागि अनुभव आदान प्रदान कार्यशाला कम्वोडियामा सहभागी**

सामुदायिक वन अन्तराष्ट्रिय सञ्जाल र रिकफ्टको आयोजनामा कम्वोडिया आयोजित (६ देखि ८ डिसेम्वर २०१२) ३ दिने कार्यशालामा यस संस्थाका अध्यक्ष भोला खतिवडा सहभागी रहनु भएको थियो । सो कार्यशालामा सञ्जालका तर्फवाट एक कार्यपत्र समेत प्रस्तुत गरीएको थियो । यस कार्यशालामा नेपाल, थाइलैण्ड र कम्वोडियाका सामुदायिक वन तथा सराकोरावाला सहयोगीहरुको सहभागीता रहेको थियो । यस सम्वन्धी यात्रा संस्मरण तामाकोशी सन्देश साप्ताहिकमा ५ वटा श्रृखलामा प्रकाशन भएको छ ।

**अखिल भारतिय वनजन श्रमिक यूनियनको सम्मेलनमा सहभागी**

आयोजकको आमन्त्रणमा उडिसा पुरी स्थीत प्रथम सम्मेलन (जुन ३ देखि ५, २०१३) मा यस सञ्जालवाट अध्यक्ष भोला खतिवडा, उपाध्यक्ष सरोज कुमार पाण्डे, कोषाध्यक्ष विना श्रेष्ठ र कार्यक्रम अधिकृत दिपकराज भट्टको सहभागीता रहेको थियो । सो सम्मेलनमा नेपालका वन अधिकारको अभियानका वारेमा जानकारी गराउने र भारतको सामाजिक आन्दोलनमा वारेमा जानकारी हासिल गर्ने मौका मिलेको थियो । त्यसै गरी दक्षिण एसिया स्तरको वन अधिकारको अभियानलाई सामुहिक रुपमा सञ्चालन गर्ने सल्लाह समेत भएको छ । यस सम्वन्धी सम्पुर्ण विवरण सहितको यात्रा संस्मरण ३ वटा श्रृखला तामाकोशी सन्देशमा प्रकाशन भएको छ ।

**सामुदायिक वन विकास कार्यक्रम मार्गदर्शन परिमार्जन गर्ने कार्यदलमा प्रतिनिधित्व**

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन (२०५२) को दोश्रो परिमार्जन गर्ने कार्यदलमा यस सञ्जालको तर्फबाट अध्यक्ष श्री भोला खतिवडाले प्रतिनिधित्व गर्नु भएको थियो । स्थानीय, जिल्ला तथा राष्ट्रिय स्तरसम्मको परामर्शका आधारमा तयार गरीएको थियो । यस कार्यदलमा सरकारी, गैरसरकारी तथा महासंघको समेत समावेशी

प्रतिनिधित्व रहेको थियो । सो मार्गदर्शन मन्त्रीस्तरिय निर्णयवाट स्वीकृत भैं २०६५ साल देखि लागु भैरहेको छ । यो दस्तावेज नैं अहिले सम्मकै सवै भन्दा व्यापक परामर्श तथा संलग्नतामा तयार भएकोले सवैको स्वीकार्य भएको छ ।

### वन प्रमाणीकरण कार्यदलमा प्रतिनिधित्व

नेपाल वन प्राविधिक संघ समन्वयमा भएको वन प्रमाणीकरणको वर्किङ ग्रुपमा यस सञ्जालको तर्फबाट श्री विना श्रेष्ठले प्रतिनिधित्व गर्नु भएको थियो ।

### जनसार्कमा आयोजक समितिमा प्रतिनिधित्व

नागरीक समाजको तर्फवाट आयोजीत जनसार्क २०६३ मा सञ्जाल आयोजक समितिमा रहेको थियो । यस सम्मेलनमा सार्क क्षेत्रका सवै देशको प्रतिनिधित्व रहेको थियो ।

### सामुदायिक वन सहजकर्ता टेष्ट आइटम डेभलप्मेन्ट कार्यशालामा सहभागी

प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्, राष्ट्रिय सिप परिक्षण समितिको आयोजनामा १४ दिने यो कार्यशालामा सञ्जालका तर्फवाट १० जनाको सहभागीता रहेको थियो ।

**कम्वोडियामा आयोजित कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै कफ्सनका अध्यक्ष भोला खतिवडा**



समुदायमा आधारित वन सहजकर्ता सञ्जाल, नेपालले आफ्नो अभियान तथा गतिविधिको सिलसिलामा विभिन्न निकाय तथा संस्थाहरुसँग सहकार्य गरिरहेको छ । सरोकारवाला तथा सहयोगी संस्थाको हातेमालो विना यो सञ्जाल अगाडी वढ्न सक्दैन भन्ने कुरामा सञ्जाल विश्वस्त रहेको छ ।

**वन विभागको आँखामा कफ्सन नेपाल**

✍ विश्वनाथ ओली
महानिर्देशक,वन विभाग

सामुदायिक वन तथा समुदायमा आधारित वन व्यवस्थापन पद्धतीको संख्या वढिरहेको तर सरकारी सेवावाट मात्र समुदायको चाहना अनुसारको सेवा प्रवाह गर्न नसकेको सन्दर्भमा यस सञ्जालको गठन भएको देखिन्छ । यो अभावलाई केही हद सम्म यो सञ्जालले पूरा गरेको छ । सञ्जालको गठनको समय देखि नैं सरकारी तथा गैरसरकारी क्षेत्रमा रहेर सामुदायमा आधारित वन अभियानमा सहजीकरण गरीरहेका मानविय स्रोतहरुको साझा मञ्चको रुपमा यो कफ्सन परिचालन भैरहेको छ । यसका धेरै कार्यहरु मध्ये सामाजिक सहजकर्ताहरुले प्राविधिक ज्ञानलाई प्रवर्द्धन गर्दै सामुदायिक वन सहजकर्ताको सिप परिक्षणको कार्यलाई अगाडी वढाई वन विभागलाई समेत सहयोग पुऱ्याएको छ । यो कार्यले सरकारी सेवामा रहेकाहरुको समेत सिपलाई परिस्कृत गर्नमा सहयोग पुगेको छ ।

आगामी दिनमा सरकारी संयन्त्र तथा नागरिक समाज विचमा सहकार्यमा गर्दै वन क्षेत्रमा महत्वपूर्ण भूमिका खेलोस् भन्ने अपेक्षा यस विभागले लिएको छ । यसका लागि सञ्जाललाई फराकिलो वनाउँदैं सामाजिक तथा प्राविधिक रुपमा सामुदायिक वन तथा अन्य समुदायका आधारित वन व्यवस्थापनमा सहजिकरणमा तल्लीन र होस् भन्ने कामना गर्दछु ।

**फेकोफनको आँखामा कफ्सन, नेपाल**

✍ अप्सरा चापागाई
अध्यक्ष, सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल

कफ्सन नेपाल २०६१ सालमा स्थापना भै सामुदायिक वनमा काम गर्ने सहजकर्ताहरुलाई संगठीत गर्दै विभिन्न कार्यक्रम गर्दै आएको छ । यस अभियानमा लागी पर्नै सवैलाई सामुदायिक वन उपभोक्ता महासंघ नेपालको तर्फवाट हार्दीक वधाई तथा धन्यवाद दिन चाहान्छु ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालको लक्ष्य उद्देश्य परिपुर्तिको लागी कफ्सनले आफ्नो स्थापना काल देखि नै जुन भूमिका निर्वाह गऱ्यो यसको लागी हार्दिक धन्यवाद दिन चाहान्छु ।

सामुदायिक वनको दिगो वन व्यवस्थापनमा सहजकर्ताहरुको संजाल कफ्सन नेपालले महत्वपुर्ण भूमिका निर्वाह गरेको छ । आगामि दिनमा यो भूमिकालाई अझ सशक्त रुपमा अगाडी वढाउन आवश्यक छ । त्यसै गरी सहजकर्ताहरुको विषयगत थप क्षमता विकास र सोही अनुसार परिचालनमा व्यापकता ल्याउन सकेमा समुदायमा ठूलो परिवर्तन आउने देखिन्छ । सामाजिक तथा प्राविधिक परिचालनका लागि यो सञ्जालले महत्वपूर्ण स्थान

लिन सफल भएको छ। वन क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संस्था नागरीक समाज राजनीतिक दल, संचार जगत माभ्र छोटो समयमा पनि यस संस्थाले आफ्नो पहिचान दिन सफल भएको छ यसको लागी कफ्सन नेपालका कार्य समिति र यसको नेतृत्वकर्तालाई हार्दिक धन्यवाद दिन चाहन्छु।

आगामी दिनमा वन अभियानमा यस सञ्जालको भूमिका अझ सुदृढ भएको देख्न चाहान्छौं। यसका लागि कफ्सन नेपालको ७५ वटै जिल्लामा कफ्सनको संगठन विस्तार गरी महासंघका जिल्ला तथा स्थानीय संरचनाहरुसंगको सहकार्यहरुलाई वढवा दिन सकेमा दुवै सस्थाको क्षमता विकास हुनुका साथै वन क्षेत्रको विकास विकास र समुदायको सशक्तीकरणमा समेत थप टेवा पुग्दछ। त्यसै गरी आगामी दिनमा यस संस्थाले सहजकर्ताहरुको क्षमता विकाससँगै यसको दिगो व्यवस्थापन उनीहरुको सुरक्षा लागी समेत निश्चीत कार्यहरु गर्नु पर्दछ। संस्था स्वयंको दिगो व्यवस्थापनको लागी समेत संस्थाले नियमित रुपमा आम्दानीका श्रोतहरु पहिचान गरी परिचालन गर्दै थप सशक्त हुन आवश्यक छ।

## कफ्सन किन र कसरी ?

✍ डा. नारायणकाजी श्रेष्ठ

स्नाकोत्तर तह अध्ययनको क्रममा मैले आफ्नो पढाई तथा परिवारलाई सहारा दिन कडा परिश्रम गर्नु पऱ्यो। नेपालमा रहेको American Peace Corps मा भाषा तथा सांस्कृतिक प्रशिक्षक भएको कारणले गर्दा मेरो एउटा राम्रो शिक्षकको रुपमा पहिचान भएको थियो। जसको कारणले गर्दा डा. डन गिल्मोर (टोली प्रमुख, नेपाल–अष्ट्रेलिया सामुदायिक वन परयोजना) ले उनको टोलीका सदस्यहरुलाई नेपाली भाषा तथा संस्कृति सिकाउन आमन्त्रीत गर्नु भएको थियो। उहाँ, उहाँकी श्रीमती, तथा छोरीहरुले पनि भाषाका पाठहरु लिएका थिए। खाली समयमा हामी परियोजनावारे छलफल गर्थ्यौ। म उहाँका वन विकासका क्रियाकलापहरुवाट अत्यन्तै प्रभावित भएको थिएँ तर म यो एउटा सामुदायिक वन परियोजना हो भनेर विश्वस्त थिइन। मैले यस कुरालाई धेरै चोटी व्यक्त गरेको थिएँ। सन् १९८४ आसपास, सुश्री मेरी होब्ले, आफ्नो पि.एच.डी अनुसन्धान गर्न Australian National University बाट अष्ट्रेलियाई परियोजनाको हिस्साको रुपमा नेपाल आउनु भएको थियो। डा. गिल्मोरले उहाँलाई मेरोमा लिएर आउनु भयो र म उहाँसंग काम गर्न पाउदा धेरै खुसी भए। उनले मलाई भनिन की, उनी मार्क्सवादी बिश्लेषणको उपयोग गर्न चाहन्छीन् र जसले मलाई अझ उत्साही बनायो। त्यसपछि मेरीले मलाई जेन ग्रोनो (Jane Gronow) संग परिचय गराइन्। उनी डडेल्धुरा र कैलालीमा कार्यरत VSO थिइन। उनीलाई चरिकोटमा सामुदायिक वन प्रबर्द्धनकालागि Swiss Development Corporation ले काममा राखेको थियो किनभने, SDC ले गरेको एउटा अध्ययनले तिनिहरुको ठाउँमा सामुदायिक वनहरु छन् भनेर समुदायहरुलाईनै थाहा छैन भनेर देखाएको थियो। यो एउटा स्विस वन अथवा जिल्ला वन अधिकारीको वन हो भन्ने भावना थियो। यसैप्रकारको अध्ययन ख्क्इ ले सामुदायिक वन महाशाखाले सुरु गरेको सामुदायिक वनमा पनि गरेको थियो र जसले गर्दा सामुदायिक वनको सुरुवात भयो। मानिसहरु जो अध्यक्ष तथा समिति सदस्यहरु थिए उनीहरुलाई आफ्नो पद तथा खेल्नुपर्ने भूमिका बारे थाहा नैं थिएन। उनिहरु त्याँहा थिए किनभने उनीहरु जागीर तथा पहरे दार, नर्सरीको रेखदेख ईत्यादिबाट पारिश्रमिक पाएर लाभान्वित थिए। सिन्धुपाल्चोकका केही स्थलगत भ्रमण तथा अवलोकनले प्रभावशाली तत्कालिन प्रधानपञ्चहरुले राम्रा सामुदायिक वनहरु छन् भनेर देखाएको थियो

तर तिनीहरुमा आम मानिसहरुको अधिकार नभई जर्वजस्ती उनीहरुमा नियमहरु लागु गरिएको थियो। त्यसैले सामुदायिक वनमा उपभोक्ताको अपनत्व थिएन। हाम्रो दृष्टिकोण त्यसपछि प्रयोग भएको प्रचार प्रसार सामाग्री (IEC) हरुमा केन्द्रित भयो। वनजंगलहरुको कसरी बिनास भईरहेको छ र यसको कारणले गर्दा के हुन्छ ईत्यादि संग सम्बन्धित थियो। मैले जेनलाई सोधें, तपाईको वीचामार यी कुराहरुको वारेमा मानिसहर सचेत छैनन् र यी कुराहरुको प्रत्येक दिन सामाना गरीरहेका छैनन्। त्यसो हो भने किन IEC सामग्रीहरुमा यी विषयलाई केन्द्रबिन्दु बनाई रहेको छ। म यस क्षेत्रमा त्यतिधैरै संलग्न थिएँन र यी अभ्यासहरुमा पनि सचेत थिएँन। SDC संग मिलेर हामीले प्रचार प्रसार प्रक्रियाको सुरुवात गर्‍यौ। हामीले उपभोक्ताहरुमा निती नियमहरु तथा सामुदायिक वनको प्रक्रियाको वारेमा जानकारी नभएको हुँदा यसैमा केन्द्रित गरियो। वन कर्मचारी तथा अधिकारीसँगको तिनवटा कार्यशालाहरु पश्चात "सामुदायिक वन, समूहको धन" नामक प्रक्रिया पोष्टर बनाईएको थियो। अहिलेसम्म पनि यही प्रक्रियालाई अपनाईएर सामुदायिक वन वनाइंदैछ। अष्ट्रेलियाई परियोजनामा हामीहरुले चलिआएका प्रक्रियाहरुको वारमा मनन् गर्ने गर्ने र तिनीहरुलाई अधिकारका लागि मानिसहरुलाई समर्थ बनाउन परिमार्जित गर्ने कुरामा केन्द्रीत थियो। दुवै प्रक्रियामा वन कर्मचारीहरु, जिल्ला वन अधिकारी, सहायक जिल्ला वन अधिकारी, रेन्जरहरुको सहभागिता थियो। यिनिहरु नै सामुदायिक वनका पहिलो सहजकर्ताहरु थिए। त्यसपछि यसैप्रकारका प्रक्रियाहरुको प्रवर्द्धन गर्न कोशी, पाल्पा र सामुदायिक वन महाशाखामा अभिमूखीकरण प्रशिक्षण कार्यशालाहरुको सुरुवात गरियो। मानिसहरुलाई बुझ्नु, उनिहरुमा स्वामित्व बिकास गर्नु तथा सर्वसम्मतिमा ल्याउनु धेरै समय लाग्ने प्रक्रिया थियो। तसर्थ, १९९० पछि, जव सामुदायिक वन गती लिन थाल्यो र वन निती तथा नियमहरुको घोषणा पश्चात, सामुदायिक वनलाई कुनै प्रक्रिया विना हतार हतारहस्तान्तरण गरियो। अभिमूखीकरण कार्य सही तरिकाले भएको थिएन, सहजकर्ताहरु पनि सही तरिकाले अभिमुख भएका थिएनन् र अभिमुख भएका मानिसहरुको पनि प्रवृतीमा परिवर्तन थिएन, उपभोक्ताहरुलाई अधिकार प्रदान गर्ने र उनीहरुमा बचनवद्धताको विजारोपण पनि भएको थिएन जसले गर्दा सामुदायिक वनमा समस्याहरुको सुरुवात भयो।

यस अवस्थालाई मध्यनजर गर्दै, फेकोफनको सहकार्यमा अभिमूखीकरण प्रक्रियाको सुरुवात गरियो र धेरै सहजकर्ताहरुलाई प्रशिक्षण दिईयो। तर वन अधिकारीहरु जसले प्रक्रियाहरुको पहिचान र मान्यता दिनुपर्थ्यो उनिहरुको उपस्थिती भएन र यिनिहरुबाट सहयोग पनि भएन। यसकारण यिनीहरु तथा यिनीहरुका प्रक्रियाहरुको पहिचान गराउन दवाव तथा नेपालभरी सामुदायिक वनको प्रवर्द्धन गर्न कफ्सनको उदय भयो। आशा गरौ कफ्सनले यसलाई आत्मसात गर्नेछ र सामुदायिक वनलाई एउटा सफल पद्धतिको रुपमा स्थापित गराउनेछ। यसका लागि हामीले उपभोक्ताहरु सर्वोच्च हुन् र उनीहरुले मात्र निर्णय गर्न सक्छन् भन्ने सिद्धान्तलाई स्विकार तथा आत्मसात गर्न जरुरी छ। सहजकर्ताहरुले पद्धतिको सहजिकरण मात्र गर्न सक्छन् तर निर्णयहरु गर्न तथा आफ्नो ईच्छाअनुसार कर लगाउन सक्दैनन्। सामुदायिक वनका निर्णयहरु सर्वसम्मतिवाट गर्नु पर्छ र यदि कुनै उपभोक्ताले प्रक्रियामा असहमति जनाउछ अथवा प्रक्रियालाई छोडेर जान्छ भने त्याँहा आमसहमती रहँदैन। म निश्चिन्त छु की कफ्सन यसवारे सजग छ र उपयुक्त सिद्धान्तहरु तथा प्रक्रियाहरुको प्रवर्द्धनमा केन्द्रीत हुनेछ। म कफ्सनको अस्तित्वका तथा निरन्तरताको लागि धन्यवाद ज्ञापन गर्न चाहन्छु। यसले नमूनाको रुपमा स्थापित भई वास्तविक सहजकर्ताहरुलाई, सहभागितामूलक तथा अधिकारका सिद्धान्तहरु, कौशल तथा प्रक्रियाहरुबाट सुसज्जित गर्नुपर्छ। म यिनीहरुलाई सामुदायिक वनका अगुवा तथा पहरेदारको रुपमा हेर्छु।

## नेतृत्व विकासमा चुनौती आएको हुनुपर्छ ।

✍ आनन्द प्रसाद पोखरेल
सह संयोजक, प्राकृति स्रोत जनसंसद, नेपाल

"समुदायमा आधारीत व्यवस्थित वन, क्रियाशिल सहजकर्ताहरुको जीवन्त योगदान" भन्ने मूल नाराका साथ सामुदायिक वनमा काम गर्ने उपभोक्ताहरुलाई वन व्यवस्थापनको लागि आफ्नो श्रम र सिप समर्पण गरी सामुदायिक वन अधिकारको रक्षा, समुदायमा आधारित वन व्यवस्थापन, समुदायको जीविकाको लागि सामुदायिक वनको वैज्ञानिक उपभोग गराई न्यायपूर्ण समाजको स्थापना गरी नयाँ संविधानको मौलिक हकमा सामुदायिक सम्पतिको अधिकार दिलाउन लागि पर्ने यो संस्थाका सहजकर्ताको भूमिकाको बारे शब्दमा बताउन सकिदैंन । नौं वर्ष पूरा गरि दशौं वर्षमा प्रवेश गरिरहेको यो संस्था र यसका नेतालाई आज मुलुकभरीका १८ हजार सामुदायिक वन उपभोक्ताहरुले उनीहरुमा ज्ञान, सिप र आँटको अभाव हुँदा यसलाई सम्झने गर्छन । यसका सदस्यहरुलाई उपभोक्ताहरुले सुख दुःखको साथि ठान्दछन् । सरकारी गैरसरकारी संस्था र विज्ञहरुले स्रोत केन्द्र र मानविय स्रोत आपूर्ती गर्ने संस्थाको रुपमा कफ्सनले पहिचान बनाएको छ । यो नै यो संस्थाको आफ्नो मौलिक पहिचान र पूँजी हो । संस्थाका सम्पूर्ण सदस्यहरु यसमानेमा बधाईका पात्र छन् ।

जुनसुकै संस्थाहरुको सकरात्मक र नकरात्मक दुइटै पाटा हुन्छन् । उज्यालो पाटो भित्र लुकेका अध्यारो पाटो लाई नकेल्याउने हो भने यो शुभकामना कोरा हुनेछ । यसको समिक्षा गरिरहेको बेलामा मनन् गर्नुपर्ने विषय यसका सदस्यहरुले केबल सेवा र सहयोग गर्न मात्र स्वयंसेवी ढंगले गर्न सक्दैनन । उनीहरु पनि पेट र परिवार लिएर आएका छन् । यो संस्थाको स्रोतले मात्र यसका सदस्यहरुको जीवनयापन हुन सक्दैन । त्यसैले सदस्यहरु जिविकाको लागि संस्था भन्दा बाहिर काम गर्न जानु पर्दा संस्था खाली हुने खतराको अनुभुती गरेको छु र नेतृत्व विकासमा चुनौती आएको हुनुपर्छ । समुदायमा आधारित वन सहजकर्ता सञ्जालले आफ्नो पूर्णकालिन कार्यकर्ता जन्माउनु, विकास गर्नु र निरन्तर नेतृत्व विकासमा विशेष ध्यान दिनुपर्छ । यो सञ्जाल सामुदायिक वन र सामुदायिक अधिकारको लागि सहयोगि भूमिका निर्वाह गर्ने भएकोले यसका कार्यकर्ताको जिविका सामुदायिक वन भित्रै खोज्नुपर्छ र सामुदायिक वन उपभोक्ता महासंघले यसको नेतृत्व र आश्रय थलो प्रदान गर्नुपर्छ । यो खालको समन्वयको अभावलाई दोस्रो पेचिलो समस्याको रुपमा ठानेको छु । झन् अहिले सामुदायिक सम्पतिको अधिकार, जलवायु परिवर्तनको, हरित अर्थतन्त्रको विकासको चुनौती यस क्षेत्रमा लाग्ने सबैको साझा चुनौती हुन । यो चुनौतीसँग लड्न वन सहजकर्ताको समन्वयात्मक हस्तक्षेपकारी भुमीका खोजी भएको महशुस गरेको छु । के यो संञ्जाल यतातिर उन्मुख ? उन्मुख छ भने खोजेको र आशा गरेको यहि हो । छैन भने यतातीर पनि नजर लगाउनु जरुरी छ । यो संस्था, संस्थाको लागि मात्र नभई नेपालमा हरित अर्थतन्त्रको विकासको लागि नयाँ संविधान र कानून, प्राकृतिक स्रोतमा आधारित उद्यम विकास मार्फत विदेशीएका लाखौं युवाहरुलाई स्वदेशमै रोजगारीको श्रृजना, प्राकृतिक स्रोतमा आधारित रोजगारी श्रृजना गरी गरिवी निवारण यो संस्थाको गन्तव्य हुनुपर्छ । छ कि छैन आफैले जाँच्ने हो । अन्तमाः यसले आफ्नो हकहित र संस्थागत विकासको उद्देश्यलाई पूरा गर्दै न्यायपूर्ण समाजको श्रृजना गर्न योगदान पुऱ्याउने आशा र विश्वास सहित शुभकामना व्यक्त गर्दछु ।

## एक सामुदायिक वन एक सहजकर्ताको अवधारणा विकास गर्नु पर्दछ ।

✍ घनश्याम पाण्डे

संयोजक, सामुदायिक वन अन्तराष्ट्रिय सञ्जाल (GACF)

सामुदायिक वन विकास कार्यक्रमलाई अभियानको रुपमा विकास तथा प्रवर्द्धन गर्नका लागि कफ्सनको महत्वपूर्ण भूमिका रहेको छ । यसले समुदाय स्तरमा वन अभियानमा सहजिकरण गर्ने सहजकर्ताहरुको क्षमता विकास तथा परिचालन गरी सवैको साझा मञ्चको रुपमा आफुलाई स्थापित गराउन सफल भएकोमा वधाई दिन चाहान्छु । साथै यसले आगामी दिनमा सामुदायिक वन अभियानलाई थप प्रवर्द्धनका लागि एक सामुदायिक वन एक सहजकर्ताको विकास तथा परिचालनमा लाग्नु पर्दछ । यसकालागि कफ्सनलाई सवै क्षेत्रमा सहयोग समेत गर्नु आवश्यक हुन्छ ।

## वन क्षेत्रमा सामाजिक तथा वन प्राविधिक इन्जीनियरिङको संगम कफ्सन नेपाल

✍ डा. भरत पोखरेल

सामुदायिक वन सम्वन्धी सेवा लिने वर्ग सेवा नपाएर आक्रान्त छन् । यस सम्वन्धी राष्ट्रिय नीति तथा कार्यक्रम वनाउने सरकारी पक्ष  सेवा दिन सकिरहेको छैन । यो खाडल पुर्नका लागि जन्मीएको सञ्जाल हो कफ्सन ।

यो सञ्जाल सामाजिक सहजकर्ता तथा वन प्राविधिक दुवैको साझा संयन्त्रको रुपमा विकास भैरहेको छ । यसलाई वन क्षेत्रमा सामाजिक तथा वन प्राविधिक इन्जीनियरिङको संगम भन्दा फरक पर्दैन । कफ्सनको हाल सम्मको सफलताका मूख्य कडि भनेको यूवा तथा जाँगरिला नेतृत्व (Youth and energetic leadership ) नैं हो । यसमा दलिय पक्षपात रहेको देखिदैंन । प्राविधिक र अप्राविधिक विचको विभेद पनि  यसमा देखिन्न । सरकारी होस् या गैरसरकारी वा नीजी सवै क्षेत्रका अनुभव र सिप भइका जाँगरिला यूवायूवतीहरुको सञ्जाल भएकोले यसको भविष्य उज्जल छ ।

कफ्सनले आफ्नो सेवा प्रदान गर्ने सामुदायिक वन उपभोक्ता समूहलाई सिप वा सेवा किन्न सक्ने वनाउन सक्नु पर्दछ । संस्थाको दिगोपनका र निरन्तरताका लागि आर्थिक तथा वीचार एवं दृष्टिकोण महत्वपूर्ण हुन्छ । यसका वारेमा आन्तरिक जीवनमा प्रष्टता आउन जरुरी छ । यसका कस्ता कस्ता सदस्य वन्न पाउने हो ? सदस्य भए पछि उसको के कुरामा थप उचाई वढ्छ यसका वारेमा प्रष्टता आउन आवश्यक रहेको छ । संस्थाले आफनो स्थापनाको मूलभुत पक्ष विर्सनु हुँदैन । गुणस्तरिय सेवाको खाँचो भएका वेला सवैले सम्झने कफ्सन वनाउने सक्नु पर्दछ । यसका लागि आफ्नो दृष्टिकोण सहितको क्षमताको व्यापार गर्न सक्नु पर्दछ । कफ्सनको अझै वढि प्रगती होस् शुभकामना छ ।

**भिन्न पहिचान वनाउन सफल भएको छ ।**

✍ रामु सुबेदी
टीम लिडर, बहुसरोकारवाला वन कार्यक्रम

समुदायमा आधारित वन सहजकर्ता सञ्जाल कफ्सन नेपालको तेस्रो राष्ट्रिय महाधिवेशनमा विमोचन हुने १० वर्ष यात्रा नामक स्मारिकाको लागि बहुसरोकारवाला वन कार्यक्रमको तर्फवाट आफ्ना बिचारहरु राख्न पाउदा म अत्यन्तै गौरवान्वित तथा हर्षित भएको छु। वन सहजकर्ताहरुको सञ्जाललाई देशका बिभिन्न भागहरुमा बिस्तार गरी कफ्सन नेपालले सामुदायिक वन आन्दोलनमा उल्लेखनीय योगदान पुऱ्याएको हुनाले हामी यसको कदर गर्छौ। आवश्यक मानविय स्रोतहरुको पहिचान तथा परिचालन गर्दै वन क्षेत्रको प्रवर्द्धन तथा रोजगार सिर्जनामा सह्रानीय भूमिका खेलेको यस संस्थाले स्थापनाकालको छोटो अवधिमा नैं आफ्नो भिन्न पहिचान बनाउन सफल भएको छ। बर्षौ देखि कफ्सनले स्थानीय मानविय स्रोतको बिकास र प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्वाट वन सहजकर्ताहरुको सीप परिक्षण गरी अधिकार सम्पन्न बनाएर स्थानीय समुदायहरुको जीवन तथा जीविकोपार्जन प्रवर्द्धन गर्दै आइरहेको छ। अहिले यस संस्थाले वन क्षेत्रका स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरु माझ राम्रो पहिचान बनाइसकेको छ। आफ्नो बलियो सञ्जालको प्रयोग गर्दै वन क्षेत्रमा सहि नीतिनियमहरुको पैरवी गर्ने कफ्सन एक प्रभावशाली संस्थाको रूपमा उभिएको छ।

हामी कफ्सनलाई आफ्ना सञ्जालहरु देशैभरी विस्तार गर्न समर्थन तथा प्रोत्साहन गर्छौ । देशका विभिन्न भागहरुमा छरिएका प्रतिभावान तथा कुशल युवाशक्तिलाई समेटी वन क्षेत्रमा परिचालन गर्दै देशको समृद्धिका लागि कफ्सनले योगदान पुऱ्याउने हामीले आशा लिएका छौं। अन्त्यमा कफ्सनका प्रत्येक आगामी प्रयासहरुमा सफलताको शुभकामना दिन चाहन्छौ।

**समूहहरुको सशक्तिकरण र दीगो वन व्यवस्थापनमा रातोदिन खट्ने सहजकर्ताहरु राष्ट्रका सम्पत्तिहरु हुन् ।**

✍ सुवास चन्द्र देवकोटा
महासचिव, नेपाल वन प्राविधिक संघ

समुदायमा आधारित वन सहजकर्ता सञ्जाल नेपाल, समुदायमा आधारित वन व्यवस्थापन कार्यक्रम प्रति प्रतिवद्ध र क्रियाशील सहयोगीहरुको छाता संगठनको रुपमा स्थापित राष्ट्रिय संजाल हो। स्थानीय वन उपभोक्ता समूहरुको सहयोगीको रुपमा क्रियाशिल यो संस्थाले आफ्ना सहजकर्ताहरु मार्फत दीगो वन व्यवस्थापन, समाजिक परिचालन तथा सशक्तिकरणको लागि गैह्र सरकारी क्षेत्रवाट पुऱ्याएको योगदान प्रसंशनीय रहिआएको छ।

देशको दूरदराजसम्म पुगेर स्थानीय वन उपभोक्ता समूहहरुको सशक्तिकरण र दीगो वन व्यवस्थापनमा रातो दिन खट्ने सहजकर्ताहरु राष्ट्रका सम्पत्तिहरु हुन्। तसर्थ यस्ता जनशक्तिहरुको समयसापेक्ष क्षमता अभिवृद्धि उनीहरुको पहिचान, उनीहरुको सम्मानजनक व्यवस्थापन तथा अधिकारको क्षेत्रमा यस संस्थाले महत्वपूण योगदान पुऱ्याउनु पर्दछ।

साथै, नेपालको वन क्षेत्रको समसामयीक रुपान्तरण तथा दीगो वन व्यवस्थापन यस क्षेत्रसंग सरोकार राख्ने सरकारी तथा गैह्रसरकारी सवै संघ संस्थाहरु , व्यक्तिहरु को संयुक्त प्रयासले मात्र सम्भव छ र यसो गर्न सके मात्र नेपालको वन क्षेत्रले स्थानीय तथा राष्ट्रिय तहमा नै आर्थिक , समाजिक सशक्तिकरणको लागि योगदान

पुऱ्याउन सक्दछ । राष्ट्रिय रुपमा नै क्रियाशिल यस सञ्जालले यस यसको लागि सहयोगी र समन्वयकारी भूमिका निर्वाह गर्ने छ भन्ने अपेक्षा गर्न सकिन्छ ।

## सामुदायिक वन र समाज परिवर्तनका वाहक

✍ रमा आलेमगर
अध्यक्ष, हिमवन्ती नेपाल

समुदायमा आधारित वन सहजकर्ता संजाल (कफ्सन) नेपाल यसतो संस्था हो जसले देशभरी सहजकर्ताको रुपमा काम गर्ने सहजकर्ताको क्षमता अभिवृद्धि गर्नुको साथै सामुदायिक वन र ग्रामिण स्तरमा सरल र सहज ढंगमा सामुदायिक वनको नीति, नियम र ऐन, कानुन समुदाय स्तर सम्म जानकारी र कार्यान्वयन गर्नको लागि सहजिकरणको महत्वपुर्ण भुमिका निर्वाह गर्दै आएको छ । सी. टि. इ.भि. टी. सँगको संयोजनमा सिप परिक्षा संचालन गरी वनमा काम गर्ने मानविय स्रोतलाई प्रमाण पत्र उपलब्ध गराईरहेको छ। हिमालय ग्रामिण प्राकृतिक स्रोत व्यवस्थापन महिला समूह (हिमवन्ती) नेपालले प्राकृतिक स्रोतमा महिलाको अधिकारको लागि पैरवी गरिरहँदा कफ्सन नेपालले मानबिय शक्ति उत्पादन नगरिदिने हो भने सामाजिक रुपमा संस्थागत बिकास र समाज रुपान्तरणका कामहरु अपाङ्ग हुन सक्दछ। यसर्थ सामाजिक रुपमा र संस्थागत रुपमा हिमवन्ती नेपाल र कफ्सन नेपालको बिचमा नङ र मासुको जस्तै प्रगाढ सम्बन्ध रहेको भन्न सकिन्छ ।

नेपालमा प्राकृतिक स्रोतमा काम गर्ने संघ संस्थाहरु मध्ये सामुदायिक वन, हिमवन्ती नेपाल र कफ्सन नेपाल एउटा प्रमुख पाटोका रुपमा रहेको छ। प्रमुख पाटोमा रहेका संघ संस्थाहरुले पनि सबै काम एउटैले गर्न सक्दैन । सबैको हातेमालोमा गर्दा निर्धारित लक्ष्यमा पुग्न सजिलो हुन्छ । त्यसै मध्ये ग्रामिण स्तरमा सामुदायिक वन समूह, धार्मिक वन, कबुलियती वन जस्ता वनहरु छन् तर त्यस भित्र गरिने क्रियाकलापको सहजिकरण गर्ने मानबिय स्रोत नहुने हो भने काम गर्न सहजता हुँदैन । त्यस भित्र गरिने कामहरु सबै कफ्सन नेपालले गर्ने गर्दछ । यसर्थ मलाई त भन्न मन लाग्छ कफ्सन नेपाल सामुदायिक वन र समाज परिवर्तनका वाहक हुन ।

**“मन्दिर मात्र बनाएर के काम त्यहाँ पुजिने देवताको मूर्ति नहुने हो भने, मूर्ति राखेर मात्र के गर्ने यदी भक्तजनहरु नहुने हो भने त्यस्तै नेपालमा सा.व. को समूहहरु मात्र गठन भएर के गर्ने यदी कफ्सन नेपालका सहजकर्ताहरु नहुने हो भने ।”**

## स्वयंसेवी भावानामा जोड दिएको संस्थावाट अरुले पनि सिक्न जरुरी छ ।

✍ हरी न्यौपाने
अध्यक्ष, ग्रीन मिडिया नेपाल

सरकारले आर्थिक विकासका लागि जलविद्युत र पर्यटनलाई प्राथमिकतामा राखेर काम गरिरहेको छ । तर प्राकृतिक स्रोतको धनी देशमा प्राकृतिक स्रोतको व्यवस्थापनमा त्यति ध्यान दिएको छैन । समुदाय सम्पन्न नभई मुलुक सम्पन्न हुन सक्दैन । समुदाय सम्पन्न हुन सामुदायिक सम्पत्तिमा समुदायको हक हुनुपर्छ । कफ्सन सामुदायिक वन विकास अभियान प्रवर्द्धनमा र वनमा समुदायको अधिकार स्थापित गर्न उनीहरुको सम्पन्नतामा जोड दिएको ग्रीन मिडियाले महशुस गरेको छ । सामुदायिक वन लगायत समुदायमा आधारित विकास कार्यक्रमको प्रक्रियामा सहजीकरणमा कफ्सन नेपालले कार्ययोजनाका साथ सहजीकरण र समन्वयकारी भूमिका निर्वाह पनि गरिरहेको छ । सामुदायिक सम्पन्नताका लागि स्वयंसेवी भावनामा जोड दिएको संस्थाबाट अरुले पनि केही सिक्न जरुरी छ ।

# सामुदायिक वन राष्ट्रिय गोष्ठी चौथोमा सञ्जालद्वारा प्रस्तुत कार्यपत्र

## सामुदायिक वन सहयोगी सञ्जाल (कफ्सन)
## विशेषज्ञताको परिचालन र ज्ञानको आदान प्रदान माध्यम

**सारांस**

यस लेखले हालसालै गठन भएको संस्था सामुदायिक वन सहयोगी सञ्जाल (कफ्सन) को प्रकृति, संभाब्य भूमिका र यसको सफलताका तत्वहरुबारे चर्चा गर्दछ । कफ्सन जस्ता सञ्जालहरुले भोग्न सक्ने सम्भाब्य समस्याहरु, यस्ता सञ्जालहरुको जीवनचक्रका क्रमहरु र कफ्सनको भबिष्यबारे पनि छलफल गरिएको छ ।

**१. परिचय**

अनुसन्धान तथा विकाशको क्षेत्रमा, विशेषज्ञता परिचालन र ज्ञानको बाँडफाड गर्ने जल्दोबल्दो संयन्त्रको रुपमा सञ्जालको विकास गरिएको छ । सञ्जालले सामुदायिक वनका प्रथाहरुको परिभाषा तथा विकाशलाई साझा गर्नुको साथै सामुदायिक वन के हो र यो कस्तो हुनुपर्छ भनेर परिभाषित गर्न पनि सहयोग गरेको छ । विश्वका लगभग सबै देशहरुमा सामुदायिक वन सञ्जालहरु रहेका छन् । यसमध्ये केही समुदायमा आधारित तथा क्षेत्रीय स्तरका छन् भने केही अन्तर्राष्ट्रिय स्तरमा अन्य सञ्जालहरुसंग जोडिएका छन् । यद्यपि, प्रत्येक सञ्जालहरु आफ्नो केन्द्रबिन्दु, सदस्यता र संगठनात्मक ब्यवस्थामा भिन्न भएतापनि प्रत्येकले आ-आफ्नो तरिकाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एजेन्डामा सामुदायिक वनलाई जिबित राख्न महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । सूचनाको आदान प्रदानबाट सञ्जालहरुले उर्जा हासिल गर्दछन् । यिनिहरुले मानिसहरुलाई एकत्रित गर्न र साझा अनुभवलाई अरु बढावा दिन तथा मानिसहरुको परिकल्पना परिवर्तनको लागि उत्कृष्ट अवसर प्रदान गर्छन ।

सामुदायिक वनको विकासका लागि सञ्जालहरुको महत्वलाई क्षेत्रिय सामुदायिक वन प्रशिक्षण केन्द्र (RECOFTC) ले स्विकार गरेको छ । तसर्थ, वन सहजकर्ताकालागि मञ्चको जरुरतलाई सम्बोधन गर्न, सम्बन्धित सवालहरुमा छलफल गर्न र तिनिहरुका उपयोगि अनुभबहरुको साटासाट गर्न, सामुदायिक वन सहयोगी सञ्जाल (कफ्सन)को स्थापना गर्ने निर्णय गरिएको छ । सञ्जाल सुरुवात भएको छ महिना बितीसकेको छ । तसर्थ, यसको वर्तमानकालिन विकास बारे जानकारी गराउन बैधानिक छ । यस लेखले सफल सञ्जालका गुणहरु तथा सामुदायिक वनमा सञ्जालको भूमिका बारेको सत्यतालाई उजागरण गर्ने प्रयत्न गरेको छ ।

**२. पृष्ठभूमि**

मार्च २००३ मा RECOFTC ले WATCH को सहकार्यमा, "नेपालमा वन शुसासन र सामुदायिक वन" नामक परियोजनाको सुरुवात गरेको छ । उक्त योजनाले देशै भरिका सामुदायिक वन उपभोक्ता समूहहरुको गठन तथा गठन पश्चात पनि सहयोग गरिरहेका सयौं सामुदायिक वन कर्मिहरुको सहजीकरण कौशलताको क्षमता अभिबृद्धिमा योगदान पुऱ्याएको छ ।

नेपालमा सामुदायिक वनका सवालहरुलाई सम्बोधन गर्न धेरै संख्यामा संघ संस्था तथा सञ्जालहरु रहि आएका छन् । तर अधिकांस ती सञ्जालहरु वनको पृष्ठभूमिबाट आएका मानिसहरुको सहभागितामा बनेका छन् र यिनले शैक्षिक योग्यता नभएपनि वन क्षेत्रमा सक्रिय रुपले योगदान पुऱ्याएका मानिसहरुलाई समावेश गरेको छैन ।

यस प्रकारको एक राष्ट्रिय छलफल मञ्चको आवश्यकता बारे यस परियोजनाले पत्ता लगायो र बिभिन्न संगठनहरु संगको खुला बैठकद्धारा यसको पुष्टि गरियो । यसप्रकार, सन् २००४ फेब्रुअरी ८ मा २५० भन्दा बढी सहभागीहरु साथ एक राष्ट्रिय परामर्श कार्यशालाको माध्यमबाट सामुदायिक वन सहयोगी सञ्जाल (कफ्सन)को स्थापना तथा औपचारिक रुप दिइएको थियो । यसै अवसरमा, सञ्जालको विधानको मस्यौदा तयार गर्न र अगाडिका कार्यक्रमहरु व्यवस्थित गर्न तदर्थ समितिको गठन गरिएको थियो । यस पश्चात सञ्जालले आफै विकसित हुनु पर्नेछ र परियोजनाको प्रभाववाट मुक्त पारिएको छ ।

**३. कफ्सनको स्वरुप (प्रकृती)**

तोकिएको उद्देश्य परिपूर्तिका लागि कफ्सनलाई एउटा प्रक्रिया र सांगठनिक व्यवस्थापनको समूह तथा महत्वपूर्ण कडी को रुपमा परिभाषित गर्न सकिन्छ । यसका सदस्यहरु सामुदायिक वनमा सहयोग गरिरहेका बिभिन्न संघसंस्थाहरु (वन विभागबाट रेन्जरको प्रतिनिधित्व, गैर सरकारी संस्था/अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, परियोजनाहरु, सञ्चार तथा सामुदायिक वन उपभोक्ता समूहहरु) बाट आएका छन् । यिनिहरुलाई एकत्रित गर्नुको प्रमुख उद्देश्य सामाजिक न्याय, सुशासन तथा एकिकृत प्राकृतिक स्रोत व्यवस्थापनको प्रवर्द्धन गर्नु हो । विधानको मस्यौदा नं. १३ अनुरुप कफ्सनका उद्देश्यहरु निम्न बुँदाहरुमा केन्द्रीत छन् ।

- ❖ बिभिन्न सरोकारवालाहरुको अनुभव र सूचनाको आदान प्रदान (सिप, परम्परागत ज्ञान, सिकाई र अनुसन्धानका उपलब्धिहरु)
- ❖ सामुदायिक वन सम्बन्धित सवालहरुको बिश्लेषण तथा सम्बोधन
- ❖ सामुदायिक वन उपभोक्ता समूहहरुको क्षमता अभिबृद्धि (गठन तथा गठन पश्चात सहयोग, उद्यम बिकास, निर्णय गर्ने प्रक्रियामा सहभागिता आदी)
- ❖ संस्थागत सम्बन्धको सुदृढीकरण

यि बिभिन्न उद्देश्यहरुका अतिरिक्त, आफ्नो लक्ष्य प्राप्तिका लागि सूचनाको आदान प्रदान गर्नु यस संस्थाको एउटा प्रमुख क्रियाकलाप हो । यसले सदस्यहरुलाई नयाँ पद्धतीहरु, औजारहरु र अनुसन्धानका नजिताहरुमा अद्यावधिक राख्छ । अन्त्यमा, अरु सञ्जालहरुजस्तै कफ्सनले पनि आफ्नो लक्ष्य प्राप्तिका लागि जरुरी साझा क्रियाकलापहरुको सञ्चालन गर्न क्षमता अभिबृद्धि गर्ने आशा लिएको छ ।

**४. कफ्सनको संभाव्य भूमिका**

सामुदायिक वनका कार्यक्रममा चाहिएको परिवर्तनका सम्बन्धमा, कफ्सनको भूमिकालाई निम्नखित बुँदाहरुमा उल्लेख गरिएको छ ।

- ❖ नयाँ पद्धतीहरुको लागि कानूनि सुरक्षा (नयाँ अवधारणाहरुमा जव अधिक अनुभवहरु संगालिन्छन् तव त्यसको पहिचान र मान्यता हुन्छ र नयाँ सोचहरु प्रयोग गर्ने केही अधिकारहरुलाई बैधानिकता दिइन्छ)
- ❖ कोष सुनिश्चीतता-Securing funding (मान्यताप्राप्त संस्थाको सदस्य भएर सामुदायिक वनका सहयोगीहरुलाई दाताहरुबाट रकम पाउन सजिलो हुन्छ)
- ❖ लागत प्रभावकारिता – Cost effectiveness (सामान्य लगानिबाट पनि कफ्सन धेरै मानिसहरु माझ पुग्न सक्छ)

- ❖ साझा परिकल्पनामा एकत्रित गर्न (Bringing together a common vision(बिभिन्न सदस्यहरुका दृष्टिकोणलाइ सम्झिदै र मध्यस्थता गर्दै निर्मित)
- ❖ देशै भरिका मानिसहरुलाई एक आपसमा जोड्न - Linking people all over the country (कफ्सनले साझा तत्व भएका स्थानीय कारणहरुलाई माथि उठाउन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता पाउन पनि मद्धत गर्न सक्छ)

यस सञ्जालको मूख्य सुन्दरता भनेको यसले मानिसहरु तथा संस्थाहरु माझ सम्बन्ध स्थापित गराउँछ ।

**५. कफ्सनको सफलताका मूख्य तत्वहरु के के हुन ?**

- ❖ सर्वसाधारण पार्श्वचित्र (Low public profile): अन्य संस्थाहरुले लक्ष्य प्राप्तिका लागि वचनबद्धता र यो गदानमा जोड दिएका छन् । आफ्नो सफलता मापन गर्न कफ्सनका लागि यो कुरा महत्वपूर्ण छ कि, कति उपयोगी तरिकाले यसले आफ्ना सदस्यहरुलाइ सुदृढ गर्छ र तिनिहरुलाई सञ्जालको लक्ष्यमा योगदान पुऱ्याउन समर्थ बनाउँछ ।
- ❖ विविधताहरुको पहिचान (Recognize Differences) : सफल सञ्जालहरुले यसमा आबद्ध भएकाहरुका स्रोतहरु र प्रेरणाका प्रमुख भिन्नताहरुको सुरुदेखिनै पहिचान गर्नेछ । सञ्जालहरुको एउटा फाईदा भने को, एउटा विशेष मुद्दामा पनि अनेकौ श्रेणीका रणनीतिहरु (Range of strategies) र बिकल्पहरु हुन सक्छन् भन्ने बुझाइमा बृद्धि हुनु हो । यस सम्बन्धमा, बिचारहरुमा बिविधता भएतापनि सञ्जालमा आवद्ध सदस्यहरुको सुबिधा पहुँचमा असमानताका बिषयमा कफ्सन सजग हुन जरुरी छ । यसका केही सदस्यहरु दुर्गम ठाउमा बस्दै आएका छन् जहाँ उनीहरुको सञ्चारका माध्यमहरुसँग पहुँच छैन र कार्यक्रममा उपस्थितिको लागि पनि सिमित स्रोत र साधनहरु छन् । अन्य काठमाण्डौ बासी छन् र उनीहरुसंग ईन्टरनेट, टेलीफोन इत्यादिको सजिलो पहुँच छ तथा कार्यक्रमहरुमा सम्मिलित हुनको लागि सवारी साधन र आपूर्ति आदिको प्रबन्ध सजिलै तरिकाले गर्न सक्छन् ।

तसर्थ, यी तथा अन्य विविधताहरुको पहिचान गर्नु सञ्जालको लागि अत्यन्तै महत्वपूर्ण छ र यो भन्दा पनि झन् महत्वपूर्ण चाहि सदस्यहरुमा भेदभाव नगर्न यी कुराहरुलाई सम्बोधन गर्ने बाटोहरु पत्ता लगाउनु हो ।

- ❖ प्रभावकारी नेतृत्व (Maintain effective leadership): सञ्जालको प्रतिनिधित्व गर्ने अगुवाहरुलाई चयन गर्दा खेरी एकदमै प्रत्यक्ष तथा परिणाममा ठूलो चाख जगाउने ईच्छा भएकाहरुलाइ हेर्नु महत्वपूर्ण छ र दिगो नेतृत्व प्रदानको लागि तिनिहरुलाइ प्रोत्साहन दिईने छ । यस अतिरिक्त, कफ्सनले सहि अनुपातमा बिभिन्न संस्थाहरुका सदस्यहरुको कार्यकारी समितिमा प्रतिविम्वित्व गर्नुको साथै पिछडिएका समुदायका सदस्यहरुको प्रतिनिधित्व तथा दुबै लिङ्गका मानिसको समान बितरणका सम्बन्धमा पनि बचनवद्ध छ ।
- ❖ नयाँ सदस्यहरुको आकर्षण (Attract new members): सफल सञ्जालहरु तिनि हुन जो समावेशी छन् । यसको अर्थ यो हो कि कफ्सनले नयाँ सदस्यहरुलाई आवद्ध तथा क्रियाशिल गर्ने अवसर प्रदान गर्न निरन्तर रुपमा उपयुक्त वातावरणको खोजी गर्नु पर्छ र जसले वन तथा अन्य क्षेत्रबाट पनि नयाँ दृष्टिकोण लिएर आउछन ।

- ❖ उपयूक्त भूमिका पहिचान र सेवा प्रवाह (Find the niche and service it): सञ्जालहरुले एक आपसमा प्रतिस्पर्धा गर्नु हुदैन । सामुदायिक वन सहजकर्ताहरुबिच अनुभवहरुको साटासाटमा केन्द्रित भएर खालीठाउँ परिपूर्तिको लागि कफ्सन राम्रो स्थितिमा छ। भबिष्यमा सदैव यसले अरु समूहहरुले कार्यान्वयन गर्न सक्ने क्रियाकलापहरुमा हस्तक्षेप नगर्ने प्रतिवद्धता गर्नु पर्छ (उदाहरणका लागि NTFP सञ्जाल)।

- ❖ सवालहरुको स्पष्ट पहिचान (Identify issues clearly): कफ्सनले, यसले सम्बोधन गर्ने सवालहरुलाई स्पष्टतासंग परिभाषित तथा सदस्यहरुले यसको सन्देशलाई सजिलैसंग सञ्चार गर्न सकुन भन्ने कुरालाई सुनिश्चित गर्नुपर्छ। तदर्थ समितिले पहिले नै सम्बोधन गर्नुपर्ने सवालहरु तथा यसको महत्व, स्पष्टसंग बिशेष विवरण दिने तथा तिनीहरुलाइ सञ्जालका सम्पूर्ण सदस्यहरुसंग साटासाट तथा तिनिहरुले विशेष रुपमा सञ्जालको खास भुमिकामा सेवा दिने बारे सूचि बनाइसकेको छ।

- ❖ सानो तथा लचिलो रहनु (Stay small and flexible): विशेषत: कफ्सन जस्ता राष्ट्रिय सञ्जालहरुलाई कर्मचारी र बजेट सानो राख्न तथा सदस्यहरुले उठाएका बिभिन्न तहका सवालहरुमा अत्याधिक लचकता अपनाउने प्रयत्नहरुमा केन्द्रित हुन जरुरी छ। अरु संजालहरु जस्तै यसले पनि प्रभावकारी भई सदस्यहरुको स्वयंसेवक गतिबिधिमा निर्भर हुनै पर्ने छ।

- ❖ सन्देशहरु फैलाउन साझेदारीमा कार्य (Work in partnership to extend the messages): सफल सञ्जालहरु सम्वन्धित पक्षसामु छिटो छरितो तरिकाले भएका सञ्चार माध्यमहरु तथा संगठनहरुबाट अझ बढि दक्षताले लाभ लिन प्रयत्न गर्छन्। यस सम्मेलनले पनि यस्तो उदाहरण दिन सक्छ। सञ्जालहरुले सदैव आफ्नोमात्र ढाँचा नबनाईकन अरुहरुका संरचनाहरुलाई पनि सञ्जालमा प्रयोग गर्छन।

- ❖ पर्याप्त आर्थिक स्रोतहरु (Adequate financial resoureces): आर्थिक स्रोतको खोजिमा कफ्सनले आफ्ना सवै शक्तिहरु खर्च गर्नु हुदैन। विशेष गरी यसको स्थापनाकालको सुरुवाती अवस्थामा यसले आफ्नो बैधानिकतालाई प्रमाणीत गरी बिभिन्न स्रोतहरुबाट रकमको बचनबद्धतालाई ब्यवस्थित गर्नु पर्छ। यदि सञ्जाल सही तरिकाले कार्यान्वयन गरियो भने, धेरै परियोजनाहरुबाट, गैर सरकारी संस्थाहरुबाट, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुका साथसाथै सदस्यहरुबाट सहयोग शुल्क जम्मा गर्ने अवसर प्रदान गर्नु एउटा प्रमुख समस्या होइन।

- ❖ प्रतिवाद गर्ने (Use protest): यद्यपि यसलाइ सञ्जालहरुले सधै अंगालेको मार्ग नहुन पनि सक्छ, चाहिएको खण्डमा कफ्सन आफ्ना मुद्धाहरु अगाडि बढाउन सक्षम र तयार पनि हुनु पर्छ।

**६. सञ्जालहरुले भोग्न सक्ने सम्भाब्य समस्याहरु**

सामुदायिक वनका संजालहरुमा भएका थुप्रै अध्ययनहरुले सम्बन्धमानै प्रमुख समस्या देखाएका छन्। त्यसैगरि एकातिर स्थानीय जनता, वन उपभोक्ता, समुदायहरु जसले वन ब्यवस्थापनका लागि महत्पूर्ण परिवर्तनहरुमा अनुरोध गरिरहेका छन् भने अर्कोतिर आफ्नै प्राथमिकता र वाधाअड्चन भएका कर्मचारी तन्त्रहरु तथा संस्थाहरु छन्। एउटै संस्थाका सदस्यहरुको बिचमा पनि कहिलेकाही बिचारमा मतभेद आउछ। साधारणतया गतिबिधि सञ्चालन गर्दा तनाव पैदा हुन्छ र त्यस अवस्थामा सञ्जाल शिष्टताले सूचनाको आदान प्रदान गर्न सक्षम हुदैन।

सञ्जालका नियमहरुले क्रियाकलापका लागि मञ्च तयार गर्ने कुरामा धेरैले बहस गरेका छन । तिनिहरु अन्योन्याश्रित छन । सञ्जालहरुका नियमले ढाँचा बनाउछ र यसै ढाँचा अनुरुप कार्य सम्भव छ ।

के कफ्सन नियमित सूचना आदानप्रदान सम्हाल्नुका साथसाथै राजनैतिक रुपले सक्रिय हुन सक्छ ? अनुभवहरुले सरकार वा संसदलाइ प्रभावित गर्ने खालका सञ्जालहरुको भन्दा प्राबिधिक ज्ञानको बाँडफाडमा केन्द्रीत सञ्जालहरुको अस्तित्व लामो हुन्छ भनेर प्रमाणीत गरेको छ ।

**७. सञ्जालको जिवनचक्र** (The lifespan of a network)

सञ्जालको जिवनचक्रलाइ बिउ, फूलको बिकाश, फूलले यसको सुन्दरता तथा सामर्थ्यको उचाइबाट बिउहरु छर्नु, अनन्तः मरेर जानु संग तुलना गर्न सकिन्छ । सम्पूर्ण प्रजातिहरुको जीवनलाइ सुरक्षित गर्दै नयाँ बिउले यही प्रक्रिया बारम्बार दोहोऱ्याउछ । त्यसैगरी संजालहरुसंग तिनिहरुका सम्बोधन गर्नुपर्ने सवालहरु बिउको रुपमा हुन्छन । ति सवालहरुको सम्बोधन भैसकेपछि सञ्जालको आवश्यकता समाप्त हुन्छ र संजालमा संलग्न भएका मानिसहरु नयाँ संजालहरुको लागि बिउको काम गर्न सक्छन । कफ्सन अपवादको रुपमा नभइकन यसले अरु संजालहरुजस्तै आफ्नो जिवनचक्रलाई पालन गर्छ ।

❖ बिउः सामुदायिक वनका प्रक्रियाहरुमा क्षमता बिकास भैसकेपछि सहजकर्ताहरु आफ्ना अनुभव र सिकेका कुरा साटासाट गर्न आवश्यक ठान्छन ।

❖ अंकुरणः बृहत आवश्यकता/सञ्जालमा रुचि सम्बन्धि बिभिन्न संस्थाहरुसंग चारवटा अर्न्तक्रियाहरु भैसकेका छन ।

❖ कलिलो बिरुवाः फेब्रुअरि ८, २००४ को राष्ट्रिय गोष्ठिका सन्दर्भमा, २५० भन्दा बढी सहभागिहरु कफ्सनको स्थापनाकालागि मञ्जुर भएका छन् ।

❖ बढ्दो बिरुवाः सञ्जालको तदर्थ समितिले कफ्सनको बिधान सम्बन्धि मस्यौदा तयार पारेको छ ।

❖ फूलको सुरुवातः बिधान को मस्यौदामा प्रस्तुति र छलफलका लागि तीनवटा क्षेत्रीय गोष्ठिहरु सञ्चालन भैसकेका छन् ।

❖ फूलेको अवस्थाः कफ्सनको साधारणसभाले (जुलाई २००९) सञ्जाल समितिको बिधान र गठनलाई अन्तिम रुप दिएको छ ।

❖ बिउ छर्नु र जीवनचक्र समाप्तिः अहिलेको अवस्थामा बिउ बितरण तथा कफ्सनको दीर्घायुको लागि आशाबादी भएर हेर्न उचित कारणहरु छन् ।

**कफ्सनको भविष्य**

विश्वब्यापि एजेन्डामा सामुदायिक वनलाइ बचाइ राख्न सामुदायिक वनका सञ्जालहरु धेरै उपयोगी र यान्त्रिय छन् भन्ने यथार्थ कुरामा पूर्ण सहमती छ । सञ्जालहरुले अनुभवहरुलाई प्रमाणीत गरी पद्धतीहरुको बढ्दो बैधानिकतालाइ सुनिश्चित गर्छन् । यस निपुणताले सञ्जालहरुको सकारात्मक भबिष्यलाइ सुरक्षित गर्छ । कफ्सन एउटा सफल सञ्जाल बन्न सक्छ र यसको प्रभावकारीताका लागि धेरै सम्भावनाहरु पनि छन् । कुनै पनि प्रकारले प्रतिक्रिया तथा अनुभब साटासाटलाई प्रोत्साहन गर्न सञ्जालको कार्यक्रममा सहभागितामूलक अनुगमन तथा मूल्यांकन प्रक्रियाहरुको निर्माण गर्नै पर्छ । सफल सञ्जाल संचालन गर्न धेरै समय, सिप तथा उर्जा चाहिन्छ र लाभहरु उचित छन भन्नेकुरा स्वीकार गरिसकेपछि, कफ्सनको कोष व्यवस्थापनका लागी अरु संस्थाहरुले गर्नेछ भनेर आशा गरिएको छ । कृत्रिम उद्देश्यहरु, लक्ष्यहरु तथा ढाँचाहरुमा प्रभाव नपरी यसको विश्वसनियता प्रवर्द्धनमा सञ्जाललाई सहयोग गर्ने कार्य चुनौतिपूर्ण छ ।

सञ्जालले क्रियाकलापहरु प्रभावकारी ढंगले सुचारु गर्नुपर्छ र क्रियाकलापहरु चाहि सामाजिक आन्दोलनलाई सहयोग गर्ने खालको हुनुपर्छ । धेरै सञ्जालहरुले सामुदायिक वनलाइ सहयोग गर्ने सामाजिक आन्दोलनमा सम्बन्ध बिस्तारको लागि मञ्जुरी दिइसकेका छन् । यदि तिनिहरुको कार्य प्रभावकारी भए यो एउटा महत्वपूर्ण खुड्कीलो हुन सक्छ ।

परिचयात्मक खण्डमा उल्लेख भए अनुरुप बिश्वभरि रहेका सञ्जालहरुले सामुदायिक वनको आकार र अस्तित्वमा सहयोग गर्नुका साथै तिनीहरु अनुभव तथा सूचना आदानप्रदानका लागि मूल्यवान मञ्चको रुपमा रहेका छन् । यसै सन्दर्भमा कफ्सन निम्न बुदाहरुमा प्रभावकारी हुनसक्छ भनेर आशा गरिएको छ ।

- ❖ मुख्यतः नेपालमा उठीरहेका दोस्रो पुस्ताका सवालहरुलाई सम्बोधन गर्दै सामुदायिक वनका प्रक्रियाहरुलाई परिभाषित र पुनः परिभाषित गर्न ।
- ❖ उत्तम तथा लागत प्रभावकारी भएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एजेन्डामा सामुदायिक वनको अस्तित्व कायम राख्न ।
- ❖ महत्वपूर्ण सूचनाहरु तथा अनुभवहरुको साटासाट गर्ने अवसर आफ्ना सदस्यहरुलाइ प्रदान गर्न ।
- ❖ सञ्जालको जिवनचक्र पालना गर्न र अन्त्य हुनुभन्दा पहिले यसले धेरै बिउहरु प्रदान गर्नेछ र जसले नयाँ सञ्जालहरुको अंकुरणमा मद्धत गर्नेछ ।
- ❖ विशेष गरी कफ्सनले नया सम्बन्धहरु स्थापित गर्नेछ र तिनीहरु भबिष्यमा पनि रहिरहने छन । यसले सामुदायिक वनका लागि नयाँ सञ्जालहरु, नयाँ शक्तिहरु तथा नयाँ आशाहरुलाइ प्रोत्साहन गर्नेछ ।

नोटः रविन, भोला खतिवडा र राजकुमार खड्काद्वारा तयार, नेपाली भाषा अनुवाद दिपक भट्ट ।

# राष्ट्रिय सामुदायिक वन कार्यशाला गोष्ठी पाँचौमा सञ्जालद्धारा प्रस्तुत कार्यपत्र

## सामुदायिक वन अभियानमा सेवा प्रदायकको प्रभावकारी भूमिकाको लागि : सिप परिक्षण

### कार्यपत्रको सारंश


वन व्यवस्थापनका क्षेत्रमा अभाव रहेका मध्यम स्तरका वन प्राविधिकहरुको अभाव पूरा गर्नका लागि सामुदायिक वन सहजकर्ता सिप परिक्षणवाट प्राविधिक तयार गर्ने काम भैरहेको छ ।

सामुदायिक वन सहजकर्ता सिप परिक्षणको कार्यमा वन विभाग, फेकोफन, कफ्सन, वन सम्वन्धि काम गर्ने परियोजना, हिमवन्ती समेतको सहकार्यमा सिटिईभीटी र राष्ट्रिय सिप परिक्षण समितिले सिप परिक्षणको प्रमाणिका तयार गरी परिक्षा लिने गरीरहेकोछ । यस्ले सामुदायिक वनको महत्वपूर्ण पक्ष वा मेरुदण्ड सामुदायिक वनको प्रकृयालाई वढोत्तरी गरेको छ भने सामुदायिक वनको क्षेत्रमा क्रियाशिल सहजकर्ताहरुको सिपलाई मान्यता प्रदान गरेको छ । सरकारी संरचना अन्तरगत हेर्ने हो भने वन रक्षक तथा वन कार्यसहायकसँग सामुदायिक वनको आवश्यक्ता अनुसारको सेवा प्रवाह गर्ने सिप उपलव्धता भएको पाईदैन त्यसै गरी सिमित संख्यामा रहेका रेञ्जरले समुदाय स्तरमा गएर संयौं संख्यामा रहेका समूहको माग तथा आवश्यक्ता अनुसार सेवा प्रवाह गर्न सक्ने संभावना कम रहेको छ । त्यसै गरी वन विज्ञान अध्ययन संस्थानवाट वन विज्ञानमा अध्ययन गर्ने प्रमाण पत्र तह उतिर्ण जनशक्तिको सेवा लिनको लागि समूहले आर्थिक कारणवाट नसक्ने अवस्थामा सिप परिक्षण प्रकृयामा सामेल भएका सहजकर्ताहरुको सेवा प्रभावकारी वन्दै गैरहेकोछ । यो सिप परिक्षणको प्रकृयालाई अगाडी वढाउँदा अहिले सामुदायिक वन विकासमा गतिरोध रुपमा देखा परिरहेको वन कार्ययोजनाको अवधी सकिने जस्ता समस्यावाट छुटकारा पाउन सकिने संभावना प्रशस्त रहेकोछ । सिप परिक्षणमा सामेल भएका सहजकर्ताहरुले आफ्नो पहिचानका साथ सहजिकरण गरी वनको विधान तथा कार्ययोजना निर्माण परिमार्जन गरी समूहको संस्थागत विकासमा सहयोग पुर्याईरहेको छ । यो प्रकृया वन व्यवस्थापनको अभियानमा नयाँ आयम हुन सक्ने कुरा अपेक्षा गर्न सकिने आधार तय भएका छन् । यीनै विषयको सेरोफेरोमा सिप परिक्षणको प्रक्रिया, फाईदा, कठिनाई तथा सामुदायिक वन अभियानमा पुऱ्याउने योगदानका पक्षहरुलाई समेटी यो कार्यपत्र तयार गरीएको छ ।

# सामुदायिक वन अभियानमा सेवा प्रदायकको प्रभावकारी भूमिकाको लागि : सिप परिक्षण

## १. परिचय

सामुदायिक वन अभियान स्थानीय स्तरवाट प्रयोगात्मक रुपमा सफल भै राज्यले वैधानिकता दिएको प्राथमिक कार्यक्रम हो। वर्तमान अवस्थामा सामुदायिक वन कार्यक्रम मात्र नभएर अभियानको रुपमा विस्तार भैरहेकोछ। यसरी अभियानको रुपमा विस्तार भैरहेको सामुदायिक वन सुरुवात गराउन लाग्ने समुदायका पक्षपातीहरुले कति कस्ट झेल्नु पर्‍यो होला। त्यसै गरी सुरुवातका अवस्थामा सामुदायिक वन गठन प्रक्रियाको अन्यौलताका विचमा यसको गठन गर्दा आम उपभोक्ताले पाएको सास्तीको लेखाजोखा गर्ने हो भने लामो श्रृखला वन्न सक्छ। सामुदायिक वनको अवधारणा र प्रयोगात्मक अभ्यासको लागि जो जो लाग्नु भो जुन जुन स्थानका आमउपभोक्ताहरुले सामुदायिक वन विकास कार्यक्रमलाई आत्मसात गरी कार्यान्वयन गराए। अहिले यस अभियानले झण्डै आधा नेपालीलाई लाभान्वित वनाएको छ र सामुदायिक वनको देश भनेर अन्तराष्ट्रिय जगतले सम्मान गरीरहेका छ। सर्व प्रथमतः ती सामुदायिक वनको सुरुवाती कसरत गर्ने वन अधिकारकर्मी योद्धाहरुलाई हामी पनि हार्दिकताका साथ सलाम गरौं।

सामुदायिक वनको गठन प्रकृया आफैमा जटिल तथा विशिष्ट र उपभोक्तामूखी पनि छ। आमक्षेत्रवाट स्विकार गरीएको सामुदायिक वनको प्रक्रियालाई आत्मसात गरी यसको गठन गर्ने हो भने त्यो सामुदायिक वनको संस्थागत तथा वातावरणिय पक्षमा नैं कायापलट आउन सक्छ तर दुःखको कुरा अहिले सामुदायिक वन गठनको प्रकृया नैं हराउन लागी रहेकोछ। सामुदायिक वनको सामाजिक पक्षलाई वेवास्ता गरी केवल प्राविधीक रुपमा मात्र हेर्न थालियो। विधान वनाउने, आमभेलावाट पारित गर्ने, वनको सिमाना तथा श्रोत सर्वेक्षण, कार्ययोजना लेख्ने, जिल्ला वन कार्यालयमा पेश गर्ने र प्रमाण पत्र प्राप्त गर्ने मात्र सामुदायिक वनको प्रकृया हो की भन्ने भान पर्न लागिसकेकोछ। त्यसै गरी सामुदायिक वन गठन गर्ने कार्य समुदायको हैसीयत वाहिरको विषय हो र गठन प्रकृयामा उपभोक्ता वाहिरका मानिसको अझ भन्नु पर्दा सरकारी प्राविधिकको धेरै ठुलो भूमिका हुन्छ की भन्ने लाग्न थालि रहेकोछ। सामुदायिक वनलाई यो उचाईमा पुर्‍याउने उपभोक्ता सशक्तिकरण र आमसहमतीका पक्षहरु हराउँदै गैरहेकाछन्।

यस परिवेशमा सामुदायिक वनका क्षेत्रमा क्रियाशिल सहयोगी तथा सहजकर्ताहरुको संस्था सामुदायिक वन सहयोगी सञ्जाल, नेपालले सामुदायिक वनको प्रक्रियालाई निरन्तरता दिन, नयाँ पद्धतीलाई सहज रुपमा स्थानीय उपभोक्ताले वुझ्ने स्तरमा ढाल्नको लागि सहजकर्ताको सिप परिक्षणको कार्यलाई अगाडी वढाईरहेकोछ। सिप परिक्षणले सामुदायिक वन गठनको सर्वस्विकार्य पद्धतीलाई वढावा दिएको छ। सामुदायिक वन गठनको प्रक्रिया थाहा नपाउने सामुदायिक वनको हितैषी हुन सक्ला तर गठन प्रकृयाको सहजकर्ता हुन सक्दैन भन्ने पक्षलाई आत्मसात गरेको छ। यसै गरी सामुदायिक वन विकास कार्यक्रमलाई व्यवसायीक सेवा प्रदायकको खाँचो परिरहेकोछ। त्यो खाडललाई पुर्ने प्रयास सामुदायिक वन सहजकर्ता सिप परिक्षण मार्फत गर्न खोजीएकोछ।

## २. सिप परिक्षणको उद्देश्य

सामुदायिक वन गठन तथा परिमार्जनको प्रकृयालाई सामाजिक सशक्तिकरणको पक्षसँगै जोगाई राख्नको लागि सिप परिक्षणको प्रकृयाले झक्झक्याउने छ । यस्ले सामुदायिक वन सहजकर्ताको व्यवसायीक पक्षले मान्यता प्राप्त गर्दै अझ परिस्कृत वनाउन योगदान दिन्छ । अझ भनौं विर्सिसकिएको वा विर्सन थालिएको सामुदायिक वनको गठन तथा परिमार्जनको प्रक्रियाले उच्च स्थान पाउँदछ । त्यसै गरी सामुदायिक वन विकास प्रक्रियामा नीजि क्षेत्र तथा सेवा प्रदायक र समुदायको सम्वन्धलाई प्रगाढ वनाउनेछ । वर्तमान अवस्था समूहको माग तथा आवश्यक्ता अनुसारको कुशल सेवा प्रदायकको अभाव समेत पूरा गर्नेछ । सामुदायिक वनको संस्थागत सुशासनको पक्षलाई मजवुद वनाउने एक प्रक्रिया पनि हो ।

## ३.सिप परिक्षणको प्रक्रिया

सामुदायिक वनको सिप परिक्षण प्रक्रियामा सामुदायिक वन गठन तथा परिमार्जनमा क्रियाशिल सहजकर्ताको सिपलाई सरकारी मान्यता प्रदान गर्ने एक प्रक्रिया हो । अर्को अर्थमा भन्नु पर्दा सहजकर्ताको आफ्नो सिपलाई दावि गर्न पाउने अवसर पनि हो । मसँग सामुदायिक वन गठन तथा परिमार्जन, विधान र कार्ययोजना निर्माण तथा परिमार्जनका लागि आवश्यक पर्ने सिप छ नपत्याए मेरो परिक्षण गरी हेर भन्ने प्रकृया पनि हो । यसले सहजकर्ताको मनोवल वढाउँछ र सामुदायिक वनले आधिकारीक जनशक्ति पाउँदछ । यस प्रक्रियामा सामुदायिक वनका सहजकर्ताले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (ऋत्भ्ख्त)राष्ट्रिय सिप परिक्षण समिति (ल्क्त्य) मा आफ्नो सिप अनुसारको तहमा सिप परिक्षणको लागि निवेदन दिनु पर्दछ । राष्ट्रिय सिप परिक्षण समितिले निर्धारित प्रमाणिकाको आधारमा लिखित, मौखिक तथा प्रयोगात्मक परिक्षा लिँदछ । परिक्षकहरु विषयगत विज्ञहरु रहनेगर्दछन् । सिप परिक्षणमा सफल हुने सहजकर्ताले आफुले गर्न सक्ने काम समेत उल्लेख गरेको प्रमाणपत्र पाउँदछन् ।

सिप परिक्षणमा सहभागी हुने सहजकर्ताको योग्यता:सामुदायिक वन सहयोगी सञ्जाल, नेपालको समन्वयमा सिटिईभिटी, वन विभाग, फेकोफन, अन्य परियोजना समेतको सहकार्यमा दुई किसिमका प्रमाणिका तयार भएकाछन् ।

### सहजकर्ताले प्रयोग गर्न सक्ने सिप तथा कामको सूची

***पहिलो तहका सहजकर्ता गर्न पर्ने काम***

- वन उपभोक्ता र वन क्षेत्र पहिचान गर्न सहयोग गर्ने ।
- सहभागीतामूलक सामाजिक श्रोत नक्शा तयार गर्न सहयोग गर्ने ।
- सहभागीतामूलक सम्पन्नता स्तरिकरण गर्न सहयोग गर्ने ।
- वन उपभोक्ताहरुको घरधुरी सर्भेक्षण गर्ने ।
- विभिन्न समान चाहना/साना समूहहरुको छलफल गर्न सहयोग गर्ने ।
- विधान साधारण सभा/आमसभाबाट पारित गराउन सहयोग गर्ने ।
- कार्य समिति बनाउन सहयोग गर्ने ।
- बैठक सञ्चालन र माईन्यूट तयार गर्न सहयोग गर्ने ।
- साधारण सभा/आमसभा सञ्चालन र माईन्यूट तयार गर्न सहयोग गर्ने ।
- सामान्य लेखा राख्न लगाउन सहयोग गर्ने ।
- विधान पुनरावलोकन गर्न सहयोग गर्ने ।

***दोश्रो तहका सहजकर्ताले गर्नु पर्ने काम***

दोश्रो तहको सहजकर्ता भनेको समूहको प्रक्रियागत विधान तयारी तथा वन कार्ययोजना समेत तयारी एवं परिमार्जन गर्न सक्ने हुनु पर्दछ।

दोश्रो तहका सहजकर्ताको काम

- पहिलो तहका सवै कार्यहरु
- सहभागीतामूलक श्रोत नक्शा तयार गर्न सहयोग गर्ने।
- वनको सिमाना सर्वेक्षण गर्न सहयोग गर्ने।
- वन श्रोत सर्वेक्षण गर्न सहयोग गर्ने।
- वन सम्बर्द्धनका कार्यहरु गर्न सहयोग गर्ने।
- वन पैदावारहरु निकाल्न सहयोग गर्ने।

पहिलो तह र दोश्रो तह। पहिलो तहका सहजकर्ताले विधान तयार तथा परिमार्जनमा सहजिकरण गर्न सक्ने हुनु पर्दछ भने दोश्रो तहकाले पहिलो तहको सवै कार्य र कार्ययोजना प्रकृयागत निर्माण तथा परिमार्जन गर्न सक्ने हुनु पर्दछ। त्यसै गरी सिप परिक्षणमा सहभागी हुनका लागि पहिलो तहका लागि १ वर्ष र दोश्रो तहको लागि २ वर्षको कार्यानुभव आवश्यक पर्दछ।

## ४. सिप परिक्षण प्रणाली

सिप परिक्षणको कार्य सिटिईभिटी राष्ट्रिय सिप परिक्षण समितिले गर्नेछ। लिखित, मौखिक र प्रयोगात्मक विधिवाट परिक्षण कार्य गरीन्छ। सिपको परिक्षण वा लेखाजोखा गर्ने भएकोले प्रयोगात्मक पक्षमा वढि ध्यान दिने गरेको पाईन्छ। सहजकर्ताले गर्नु पर्ने कामको प्रयोग गरेर देखाउनु पर्ने गरी परिक्षाको प्रणाली तयार गरीएको हुन्छ। पहिलो तहका लागि ५ सिफ्ट र दोश्रोको लागि ७ सिफ्टमा परिक्षा सञ्चालन गर्ने गरीएको छ। सहजकर्ताले गर्नु पर्ने कामको सूचीमा जतीवटा काम उल्लेख गरीएकोछ। ती सवै गरेर देखाउनु पर्ने गरी परिक्षण प्रणालीको व्यवस्था गरीएको हुन्छ। कुनै एक विषयमा मात्र असफल भएमा उस्ले उतिर्णताको प्रमाणपत्र हासिल गर्न सक्दैन। तर स्मरणिय कुरा यो छ की सहजकर्ताले गर्ने कामको सूची सहजकर्ताहरुकैं २ दिने कार्यशालावाट तयार गरीएको हो। तिनै कार्य सूचीका आधारमा सिप परिक्षणको प्रमाणिका तयार गरीएको हो।

## ५. सिप परिक्षणमा सहभागी हुने प्रक्रिया

यस सिप परिक्षणमा नेपाली नागरीक मात्र सहभागी हुन सक्नेछन्। त्यसै गरी उनीहरुसँग पहिलो तहका लागि १ वर्ष र दोश्रो तहका लागि हो भने ३ वर्षको सहजकर्ताको कार्यानुभव आवस्यक पर्दछ। परिक्षणमा सहभागी हुनेले सिप परिक्षण समितिवाट उपलव्ध गराउने फर्म भर्नु पर्छ। फर्मको साथमा नागरीकताको प्रतिलिपी, कार्यानुभवको पत्र, २ वटा पासपोर्ट र २ वटा अटो साईजको फोटो आवस्यक पर्दछ । समूहगत रुपमा परिक्षामा सहभागी हुने व्यवस्था गर्दा परिक्षा शुल्क कम लाग्दछ।

## ६. अभिमूखीकरणको प्रक्रिया

परिक्षण प्रक्रियामा सहभागी हुन चाहने सहजकर्ताहरुले सिप प्रमाणिका र सिप परिक्षणको प्रक्रिया प्रति परिचित हुनको लागि अभिमुखीकरण तालिमहरुमा सहभागी हुन सक्नेछन्। त्यस्ता तालिमहरु सामुदायिक वन सहयोगी सञ्जाल, नेपालले सञ्चालन गर्ने गरेकोछ।

## ७. सिप परिक्षण कार्यवाट आउन सक्ने अवसर तथा उपलव्धीहरु

*क. सहजकर्तामा रहेको सिपले मान्यता पाई स्थानीय स्तरमा सहजकर्ता व्यवसायीक हुन सक्ने*

विगत लामो समय देखि नैं वन क्षेत्रमा काम गर्ने संघ संस्था र परियोजनाहरुले समूहलाई सहजीकरणमा सहयोग पुऱ्याउनका लागि स्थानीय स्तरमा सहजकर्ता तयार गर्ने विभिन्न तालिम दिएको पाईन्छ । तर ती तालिम लिएका जनशक्ति परियोजनाको अवधी पश्चात उनीहरुको सिप परिचालन गर्ने संयन्त्र नवन्दा पलाएन भएका छन् । सहजकर्ताहरुलाई व्यवसायीक वनाउने वातावरण तयार हुन सकिरहेकोछैन । तर सिप परिक्षणको प्रक्रियाले उनीहरुको सिपले आधिकारिकता पाउने र स्थानीय स्तरमा व्यवसायीक सहजकर्ता वन्नको लागि उत्प्रेरित गर्दछ । अहिले यसरी सिप परिक्षण कार्यमा सफलतापूर्वक सहभागी भएका पर्वतका द्रोणराज पौडेल छिमेकी जिल्ला म्याग्दीमा समेत गई समूहको वन कार्ययोजना निर्माण तथा परिमार्जनमा सहजिकरण गरी आफ्नो व्यवसायीकताको कार्यलाई संस्थागत रुपमा अगाडी वढाईरहनु भएको छ । त्यस्तै कार्य अन्य सिप परिक्षणमा सफल सहजकर्ताहरुले गरीरहेकाछन् । यस्तो अवस्था अन्य सामुदायिक वन सहजकर्तामा पनि रहेको पाईएको छ ।

*ख. सहजकर्ताहरुले सामुदायिक वनको प्रक्रिया वारे पूर्ण परिचित हुने*

सामुदायिक वनको मर्म भनेकै यसको विशिष्ट प्रक्रिया हो । सहजकर्तामा यो प्रक्रियाका व्यवहारिक तथा सैद्धान्तिक ज्ञान, सिप र धारणा हुन जरुरीछ । सामुदायिक वन सहजकर्ताको सिप परिक्षणमा सामेल हुन चाहने सहजकर्ताले सामुदायिक वनको प्रक्रियाका सम्पूर्ण पक्ष वारे प्रस्टता हुन जरुरी हुन्छ । सामुदायिक वनको प्रक्रियामा स्पष्ट नहुने कुनै पनि सहजकर्ता सामुदायिक वन गठन तथा परिमार्जनमा सहजिकरण गर्ने भन्ने सवाल नैं आउदैन । जस्को कारण सामुदायिक वनको प्रक्रिया प्रधान हुन जान्छ अनी उपभोक्ता सशक्तिकरण, आमसहमतीका अभ्यासहरुले स्थान पाउँदछन् ।

*ग. वन विकास कार्यक्रमले नीजि क्षेत्रवाट आवश्यता अनुसारको दक्ष जनशक्ति प्राप्त गरी वन कार्ययोजना परिमार्जनमा टेवा पुग्ने ।*

वर्तमान अवस्थामा धेरै सामुदायिक वनको वन कार्ययोजनाको अवधी सकियो भनेर समूहमा अन्यौलता देखिएको छ । वन कार्ययोजना तयार गर्दा केहि न्यूनतम प्रक्रियाहरु पूरा गर्नु पर्दछ । श्रोत सर्वेक्षण गर्ने गरीन्छ । अझ भन्नु पर्दा पुराना सामुदायिक वनको एकिन क्षेत्रफल समेत किटान भएको पाईदैन । अनुमानको भरमा राखेको पाइएको छ । त्यसता सामुदायिक वनको वन कार्ययोजना परिमार्जन गर्दा ती पक्षहरुमा ध्यान दिनु पर्दछ । कुनै एक रेन्जपोष्ट क्षेत्र भित्र पनि संयौंका संख्यामा त्यस्ता समूहहरु भएका हुन सक्दछन् । ती समूहमा सेवा पुर्याउने सरकारी निकायवाट १ जना रेन्जर रहने र केही वन रक्षकको व्यवस्था गरेको पाईन्छ । अहिले समग्र अवस्था हेर्दा समूहको आवश्यक्ता अनुसारको प्राविधिक सेवा प्रवाह गर्न सक्ने हैसियतमा रेन्जर वाहेक अन्य वन रक्षक ज्यादै न्यून संख्यामा रहेका छन् । यस्तो अभावमा सिप परिक्षणमा संलग्न भएमा सहजकर्ताले आफ्नो सिप परिचालन गर्न सक्ने र समूहले भरपर्दो स्थानीय स्तरमा प्राविधिक पाउन सक्दछन् । यसवाट सामुदायिक वन व्यवस्थापनमा स्थानीय रुपमा नीजि क्षेत्रको समेत संलग्नता हुन्छ ।

*घ. स्थानीय स्तरमा सहज तरिकाले मध्यम स्तरका वन प्राविधिक उपलब्ध हुन सक्ने ।*

यी सहजकर्ताहरुमा प्राविधिक तथा सामाजिक पक्षमा सुक्ष्म विश्लेषण गरी सामुदायिक श्रोतको परिचालनमा सहयोग गर्ने समेत भएकोले समूहमा नियमित रुपमा सेवा आवश्यक पर्दछ । कुनै क्षेत्र भित्र रहेका सामुदायिक

वन उपभोक्ता समूहहरुले एक जना सहजकर्ताको नियमित सेवा लिने गरी परिचालन गर्न सक्ने संभावना प्रवल रहेको छ । यस्को लागि फेकोफनको स्थानीय संरचना र वन विभाग अन्तरगतको स्थानीय संरचनाको समन्वयात्मक भूमिका हुन जरुरीछ । यस्ले गर्दा स्थानीय स्तरमा रोजगारीको प्रवर्धन हुने र सरल तवरले सेवा प्रवाह पनि हुन सक्दछ ।

*ङ.क्षमता अभिवृद्धिको तथा सिर्जनात्मक सोचहरुको विकासको संभावना*

स्थानीय स्तरम क्रियाशित सामुदायिक वन सहजकर्ताको थप क्षमता अभिवृद्धि हुने र उस्को व्यवसायीकताको लागि उस्ले विभिन्न सिर्जनात्मक सोचहरुको विकास गर्ने वातावरण तयार हुनसक्छ । सामुदायिक वनको माग अनुसार को आफ्नो सिप अभिवृद्धिको लागि पहल गरीरहेको हुन्छ । विशेष गरी अवका दिनहरुमा सामुदायिक श्रोतमा आधारित उद्यम विकास तिर लक्षित भैं एक सामुदायिक वन  एक उद्यमको अवधारणालाई अगाडी वढाउन सहयोग पुग्दछ ।

## ७. सिप परिक्षण अभियानलाई प्रवर्धनका लागि आगामी कदम

*क. सिप परिक्षामा सफल सहजकर्ताहरुको भूमिका बारे सही जानकारी प्रवाह गर्नु पर्ने ।*

यस परिक्षण प्रक्रियामा सफल भएकाले मात्र सामुदायिक वनको प्रक्रियामा सहजिकरण गर्न पाउने भन्ने प्रचार गरेको पाईन्छ । यो गलत हल्लाले पनि सामुदायिक वन सहजकर्ता सिप परिक्षणको प्रक्रियालाई केहीले गलत अर्थमा भन्ने गरेको पाईन्छ । भएको सिपलाई आधिकारिकता पाउने पद्धती नैं सिप परिक्षणको प्रक्रिया हो । यहाँ नेर विर्सनैं नहुने कुरा भनेको सामुदायिक वनको प्रक्रियामा सिप परिक्षणमा उतिर्णले मात्र सेवा प्रवाह गर्न पाउने भन्ने अवश्य होईन । वन सम्वन्धि प्रचलित ऐन कानून अनुसार समूहले आफ्नो ईच्छा तथा आवश्यक्ता अनुसार को सेवा लिन सक्दछन् तर सहजकर्ताहरु आफुलाई सेवा दिने परिपक्व हैसीयतमा राख्ने प्रक्रियाको एक आधार सिप परिक्षण हो । वजारमा सिप परिक्षणमा उतिर्ण पनि र परिक्षणमा सामेल नभएका सहजकर्ताहरु पनि हुन्छन् । समूहहरुले आफ्नो चाहाना आवश्यक्ता अनुसार छनौट गरी सेवा लिन सक्दछन् । तर समूहले सशुल्क रुपमा सहजकर्तावाट सेवा लिंदा गुणस्तरिय हुन जरुरी छ । त्यस्तो सेवा प्रवाह गर्न सक्ने सहजकर्ता सिप परिक्षणमा सफल भएको हुन सक्छ भन्ने मान्यता मात्र हो । समूहले अरु कुनै किसिमको सहयोग कसैवाट पनि लिन सक्ने कानूनी आधारलाई यो प्रक्रियाले नकार्दैन ।

*ख. सिप परिक्षणको प्रक्रिया सर्वसुलभ बनाउनु पर्ने*

सिप परिक्षणको प्रक्रिया जिल्ला स्तरमा गर्न सकिने भएता पनि त्यसको कार्यान्वयनमा धेरै झण्झटहरु व्यहोर्नु पर्दछ । राष्ट्रिय सिप परिक्षण समितिले आफ्नो तर्फवाट मूल्यांकनकर्ताहरु आवश्यक मात्रामा तयार गर्न सकिरहे को छैन । केन्द्रिय स्तरका मूल्यांकनकर्ता लैजानु पर्दा वढि खर्चिलो हुने गरेको छ ।

*ग. सिप परिक्षणको कार्य सरकारी तवरवाट प्राथमिकतामा राख्न पहल गर्नु पर्ने*

सामुदायिक वन सहजकर्ताको सिप परिक्षणको कार्य सरकारी प्राथमकिताको कार्य अन्तरगत परेको छैन । सर कारी प्राथमिकतामा पर्ने हो भने राष्ट्रिय सिप परिक्षण समितिले नैं सूचना आह्वान गरी परिक्षा लिने गर्दछ । त्यसो गर्दा परिक्षा शुल्क न्यूनतम लाग्ने गर्दछ । अहिले सम्म प्रायोजित रुपमा परिक्षा सञ्चालन भैरहेको छ । यस्को लागि वढि खर्चिलो भैरहेको छ ।

*घ. सरकारी सेवा प्रवेशका लागि सिप परिक्षणलाई प्राथमिकतामा राखिनु पर्ने*

वन क्षेत्रमा विशेष गरी वन विभाग अन्तरगत संख्यात्मक रुपमा धेरै दरवन्दि भएको वन रक्षक र वन कार्यसहायक पर्दछन् । उनीहरुले सामुदायिक वनमा उल्लेख्य सेवा पुर्‍याउनु पर्ने हो । तर उनीहरुसँग समूहको चाहना र आवश्यकता अनुसारको सेवा पुऱ्याउने सिप हासील गर्ने मौका पाएका छैनन् । सरकारी निकायमा ती दरवन्दीमा प्रवेश गराउँदा (विशेष गरी वन कार्यसहायक र वन रक्षक पदमा) यस किसिमका सिप परिक्षणमा सफल भएकालाई प्राथमिकता दिने परिपाटी वसाल्न सकेमा सरकारी सेवा प्रभावकारी हुने संभावना वढ्दछ ।

## ८. निचोड

सामुदायिक वन सहजकर्ताको सिपलाई प्रवर्धन र वैधानिकता प्रदान गर्दै सामुदायिक वनको प्रक्रियालाई व्यवहार मूखी कार्यान्वयन गराउनु आजको आवश्यक्ता हो । सामुदायिक वनको प्रक्रिया छाँयामा परिरहेको समयमा यस्को उजागर गर्नु पनि उत्तिकै जरुरी छ । सामुदायिक वनको प्रक्रिया नैं यसको मेरुदण्ड हो । यसलाई अझ वलियो वनाउनु हामी सवैको दायित्व हो । सामुदायिक वन सहजकर्ताको सिप परिक्षण प्रक्रियाले यस्लाई थप टेवा पुर्‍याउने विस्वास लिन सकिन्छ। यस्ता सिप भएका जनशक्तिहरुको सरकारी सेवामा प्रवेशको वातावरण तयार गर्न सवैले पहल गर्नु पर्ने पर्दछ । अहिले सरकारी संरचना अन्तरगत वन रक्षक र वन कार्यसहायक कार्यरत रहेका छन् । उनीहरुसँग कम्तीमा पनि सामुदायिक वन गठन, परिमार्जन सम्वन्धि सिप हुन आवस्यक हुन्छ । वन विभाग भित्रका जनशक्तिको संख्यात्मक हिसाव गर्ने हो भने सवै भन्दा वढि वन रक्षक र वन कार्यसहायक छन् । वास्तवमा नैं समुदाय स्तरमा सेवा प्रवाह गर्ने उनीहरु नैं हुन् । वन रक्षकको काम रेञ्जरले सर्भे गर्दा फिता तान्ने र उनिहरुको सहयोगी मात्र हुनुहुदैन समुदायको सहयोगी हुनु पर्दछ । उनीहरुमा समुदायको माग र आवश्यकता अनुसारको सेवा प्रवाह गर्ने सिप हुन पर्छ । त्यस्को लागि भएका जनशक्तिको सिप प्रवर्धन गर्नु एक पक्ष हो भने नयाँ जनशक्ति लिँदा सिप परिक्षामा सफल भएकालाई छनौट गर्ने आधार राख्न सकिन्छ । त्यसै गरी सामुदायिक वन उपभोक्ता समूहलाई आवश्यक परेको सेवा नीजि क्षेत्रवाट पनि लिने परम्परा वसिसकेको छ । त्यस्तो सेवा यी मध्यमस्तरका जनशक्तिवाट लिंदा सेवा व्यवहारिक हुने र आर्थिक रुपले पनि सहज हुन सक्दछ । यसको लागि समुदाय स्तरमा सेवा प्रवाह गरीरहेका सहजकर्ताको सिप परिक्षणको कार्यलाई अभियानको रुपमा विस्तार एवं उनीहरुको नियमित परिचालन गर्नु आवश्यक हुन्छ ।

## सन्दर्भ समाग्रीहरु

सामुदायिक वन सहजकर्ता सिप प्रमाणिका CTEVT/NSTB

सामुदायिक वन उपभोक्ता समूह गठन सहजिकरण सिप तालिम पाठ्यक्रम, फेकोफन/वाच

भोला खतिवडा, अजय विक्रम मानन्धर, वीना श्रेष्ठ, द्रोण पौडेल
द्वारा तयार गरेको कार्यपत्र